सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

१८ जेठ २०८२, आइतबार (1 June 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ४९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

विकास निर्माणमा भन्दा ऋण तिर्नमै बढी बजेट

सार्वजनिक ऋण ३० खर्ब १० अर्ब पुग्ने



अर्थमन्त्री विष्णु पौडेल स्वयंले सार्वजनिक ऋणले चुनौती थपेको बताएका छन्। बजेट वक्तव्यमा उनले भनेका छन्, **'सार्वजनिक ऋणको बढ्दो परिमाणले ऋणको दिगोपना कायम गर्ने चुनौती थपेको छ।'**

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले विकास निर्माणमा भन्दा सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा बढी बजेट विनियोजन र खर्च गर्ने गम्भीर अवस्था बढ्दै गएको छ। सार्वजनिक ऋणसँगै ऋण सेवामा हुने खर्च उच्चदरमा बढ्दै जानु, ऋणको प्रयोग चालू प्रकृतिका कार्यमा उपयोग गरिनु र राजस्व आयको वृद्धिदर न्यून हुँदा पुँजी निर्माणमा हुने खर्चभन्दा ऋणको साँवा-ब्याज भुक्तानीमा हुने खर्च तथा विनियोजन बढी हुन थालेको हो।

अर्थमन्त्री विष्णु पौडेलले बिहीबार ल्याएको आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटमा पुँजीगत (विकास) बजेटभन्दा ऋण सेवामा हुने खर्चको अनुमान बढी राखिएको छ। पुँजीगततर्फ चार खर्ब सात अर्ब ८९ करोड विनियोजन गरेकामा ऋणको साँवा-ब्याज भुक्तानीमा चार खर्ब ११ अर्ब रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। अर्थात्, पुँजी निर्माणमा हुने खर्चभन्दा ऋणको साँवा-ब्याज भुक्तानीमा हुने खर्च तीन अर्ब ११ करोडले बढी हुन आउँछ। साँवा फिर्तातर्फ तीन खर्ब दुई अर्ब ४८ करोड र ब्याज खर्चका लागि एक खर्ब आठ अर्ब ५४ करोड विनियोजन गरेको छ।

चालू आवमा पुँजीगततर्फ तीन खर्ब ५२ अर्ब ३५ करोड विनियोजन भएकामा ऋणको साँवा-ब्याज तिर्न चार खर्ब तीन अर्ब ५२ करोड खर्चको अनुमान गरिएको थियो। जसमा दुई खर्ब ९३

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्मोष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ऋण तिर्नकै लागि ऋणको प्रयोग हुन थालेको छ

● **प्रा.डा. शिवराज अधिकारी**
उपाध्यक्ष, राष्ट्रिय योजना आयोग



पछिल्ला वर्षहरूमा हाम्रो स्रोतभन्दा खर्चको वृद्धिदर धेरै भयो। स्रोत वृद्धिदर र खर्च वृद्धिदरमा असमानता बढ्यो। एकातर्फ प्राकृतिक प्रकोप, महामारीलगायत नियन्त्रण तथा व्यवस्थापनका कारण पनि खर्च बढ्यो। संघीयतामा पनि हाम्रो खर्च थपियो। अर्कातर्फ राजस्व अपेक्षाअनुसार बढ्न सकेन भने वैदेशिक अनुदान पनि घट्दै गए। यसले गर्दा ऋण र ऋण सेवामा हुने खर्च बढेको छ। चालू प्रकृतिका काममा समेत ऋणको प्रयोग हुन थाल्यो। ऋण तिर्न ऋणकै प्रयोग हुन थाल्यो। यद्यपि, तल्ला तहमा अनुदानका रूपमा जाने ६० प्रतिशत हाराहारी रकम पुँजी निर्माणमै खर्च हुने भएकाले तथ्यांकलाई सावधानीपूर्वक तुलना गर्नुपर्छ।

वित्त व्यवस्थापनमा गम्भीर नभए ऋणको चंगुलमा फस्ने जोखिम छ

● **डा. डिल्लीराज खनाल**, अर्थशास्त्री



सरकारलाई अहिले सार्वजनिक वित्त व्यवस्थापनमा समस्या भइरहेको छ। खर्च घटाउने र राजस्व बढाउनेतर्फ भन्दा ऋण लिएर व्यवस्थापन गर्ने सजिलो बाटो अपनाउने प्रवृत्ति बढेको छ, जुन ठिक होइन। विकास तथा पुँजी निर्माणमा मात्रै ऋणको उपयोग हुनुपर्नेमा तलबभत्ताजस्ता साधारण कार्यमा समेत ऋणको प्रयोग बढेको छ। ऋण र ऋण सेवामा हुने खर्च बढ्दै जाने, तर पुँजी निर्माण, विकास एवं उत्पादन नहुने हो भने त्यसले हामीलाई ऋणको चंगुलमा फसाउनेछ।

विद्युतीय सवारी आयातमा एक वर्षमै पौने चार अर्ब कर छली

०८०/८१ मा भित्रिएका १०० देखि २०० किलोवाट क्षमता भएका गाडीलाई ९९ किलोवाट क्षमताको मात्रै देखाएर तथा माइक्रोबसलाई मिनीबस बनाएर कर छली भएको महालेखाको ठहर, असुल गर्न निर्देशन

■ रसुवा भन्सारबाट २ अर्ब ७४ करोड १९ लाख र तातोपानीबाट १ अर्ब तीन करोड २५ लाख छली

आर्थिक ऐन, २०८० अनुसार १०१ देखि २०० किलोवाट पिक मोटर क्षमताको गाडी पैठारीमा २० प्रतिशत भन्सार, २० प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्छ, तर ५० देखि १०० किलोवाटसम्मको गाडीमा १५ प्रतिशत भन्सार र १० प्रतिशत अन्तशुल्क मात्रै लाग्छ।

माइक्रोबसमा एक सिट थपेर मिनीबस कोटामा डेढ अर्ब कर छली

■ एउटै मोडलको सवारीसाधनको मोटर क्षमता विदेशमा बढी, नेपालमा कम

सुवास भट्ट/नयाँ पत्रिका

आर्थिक वर्ष ०८०/८१ मा विद्युतीय सवारीसाधन आयातमा पौने चार अर्ब कर छली भएको भन्दै महालेखा परीक्षकको कार्यालयले गम्भीर प्रश्न उठाएको छ। महालेखाका अनुसार आयातका क्रममा इन्जिन क्षमता कृत्रिम रूपमा घटाई एकै वर्षमा तीन अर्ब ७७ करोड ४४ लाख रुपैयाँभन्दा बढी राजस्व छुट दिइएको पाइएको छ। छानबिन गरी गुमेको कर असुल गर्न सम्बन्धित निकायलाई महालेखाले निर्देशन दिएको छ।

विद्युतीय सवारीसाधनको कर निर्धारण मोटर क्षमताका आधारमा हुने व्यवस्था छ। क्षमताअनुसार करको दर तय हुँदा कम क्षमता देखाइएका गाडीमा कम कर लाग्ने गरेको छ। महालेखाका अनुसार विभिन्न देशबाट आयात भएका सवारीमा इन्जिन

» पृष्ठ २ मा क्रमशः

यातायात व्यवस्था विभागको सिफारिसपत्रका आधारमा भन्सार कार्यालयले गाडीको जाँचपास मात्र गर्ने हो

● **महेश भट्टराई**, महानिर्देशक, भन्सार विभाग



गाडीको क्षमता मापन गरेर यकिन गरी कुन क्षमताका गाडी नेपालमा आयात गर्न दिने भनेर यकिन गरेर दिने जिम्मेवारी यातायात व्यवस्था विभागको हो। विभागले दिएको आयात अनुमतिसहितको सिफारिसपत्रका आधारमा मात्र भन्सार कार्यालयले गाडीको जाँचपास गर्छ। विभागले गरेको सिफारिस तथा उत्पादक कम्पनीले दिएको प्रमाणपत्रका आधारमा सम्बन्धित आयातकर्ताले घोषणा गरेको स्पेसिफिकेसनका आधारमा भन्सारले प्रचलित कानुनबमोजिम राजस्व संकलन गरी भन्सार जाँचपास गर्छ। उक्त गाडीमा तोकिएभन्दा फरक क्षमता रहेको पाइएमा क्षमता मापन र दर्ता गर्ने सम्बन्धित निकाय अर्थात् यातायात व्यवस्था विभाग र कार्यालयले कैफियत जनाई पठाउनुपर्छ।

विभागसँग गाडीको मोटर क्षमता परीक्षण गर्ने उपकरण तथा प्रविधि नै छैन

● **ई. श्रीकान्त यादव**, निर्देशक, यातायात व्यवस्था विभाग



तोकिएभन्दा कम क्षमताका गाडी आएको मलाई लाग्दैन। सवारी उत्पादक कम्पनीले आधिकारिक प्रयोगशालामा परीक्षण गरेर ल्याएको प्रमाणपत्रकै आधारमा विभागले सवारीलाई मान्यता दिने गर्दछ। यदि कागजातअनुसार गाडी नआएमा मात्र विभागले हस्तक्षेप गर्छ। हामीसँग गाडीको मोटर क्षमता परीक्षण गर्ने उपकरण तथा प्रविधि छैन। यद्यपि, गाडी नेपाल भित्रिएपछि सडकमा चल्न सक्ने अवस्था छ कि छैन भनेर रोड टेस्ट गरिन्छ। कर छलीको विषय मलाई थाहा छैन। विभागबाट कुनै कमजोरी भएको छैन। मोटर क्षमताबाहेक मापनका अरू विकल्पमा जानु उपयुक्त हुन्छ।

■ ०८०/८१ मा ११७०१ विद्युतीय सवारीसाधन भित्रिँदा चीनबाट ८०६६

चालू आवको वैशाखसम्म भित्रिएका ९८६० मध्ये ७३४२ चीनबाट



जेठ पहिलो साता चोभार बन्दरगाहमा ल्याइएका विद्युतीय सवारीसाधन। सरकारले बजेटमार्फत विद्युतीय सवारीसाधनमा महसुल बढाउने हल्ला फैलिएपछि व्यवसायीले १५ जेठअघि नै ठुलो संख्यामा आयात गरेका थिए। तर, सरकारले बजेटमा विद्युतीय सवारीसाधन आयातको कर यथावत् राखेको छ।

०८०/८१ मा ११७०१ थान विद्युतीय सवारीसाधन भित्रिएकोमा चीनबाट ८०६६ आएको भन्सार विभागको तथ्यांक छ। जसमा ५० किलोवाटसम्म क्षमताका ४५७१ आयात भएकामा चीनबाट १४१९ थान छन्। त्यस्तै, ५१-१०० किलोवाट मोटर क्षमताका ६८८५ थान भित्रिएकामा चीनबाट मात्रै ६५५० छन्। १०१-२०० किलोवाटका भित्रिएका २१७ मध्ये चीनबाट ७५ थान, २०१-३०० किलोवाटका २७ मा चीनबाट २१ थान र ३०० किलोवाट माथिको एक थान भित्रिएको थियो। यो तथ्यांकले चीनबाट भित्रिएकामा सबैभन्दा धेरै ५१-१०० किलोवाटका रहेको देखाउँछ। महालेखाले पनि १०१-२०० किलोवाट क्षमताको गाडीलाई ५०-१०० किलोवाट देखाएर कर छली भएको ठहर गरेको छ।

त्यस्तै, चालू आर्थिक वर्षको १० महिना (वैशाखसम्म)मा पनि ९८५० विद्युतीय सवारीसाधन आयात भएकोमा चीनबाट मात्रै ७३४२ भित्रिएका छन्। जसमा ५० किलोवाटसम्म मोटर क्षमताका ३३६९ थान भित्रिएकामा चीनबाट १९०० छन्। त्यस्तै, ५१-१०० किलोवाट क्षमताका ५५३४ थान भित्रिएकामा चीनबाट मात्रै ४५९७ छन्। त्यस्तै, १०१-२०० किलोवाटसम्मका ९२७ मध्ये ८३४ चीनबाट आयात भएका छन्। २०१-३०० किलोवाटसम्मका १८ मा ११ चीनबाट भित्रिएका छन्। यो तथ्यांकले सबैभन्दा धेरै ५१ देखि १०० किलोवाटका गाडी आयात भएको देखाउँछ।

नारायणहिटी क्षेत्रमा निषेधाज्ञापछि राजावादीको प्रदर्शन बालुवाटारमा



प्रेम गौतम/नयाँ पत्रिका
तस्बिर : **संजित परियार**

सरकारले नारायणहिटी दरबार संग्रहालयआसपासको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेपछि राजावादीहरूले शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रदर्शन गरेका छन्। संयुक्त जनआन्दोलन समितिको आह्वानमा उनीहरूले नारायणहिटीअगाडि प्रदर्शन गर्ने योजना बनाएका थिए। तर, निषेधाज्ञाका कारण निर्धारित स्थानमा भेला

» पृष्ठ २ मा क्रमशः

■ राजावादीहरूको आन्दोलनबारे प्रधानमन्त्री ओलीको टिप्पणी-

राजतन्त्र ल्याउनुपर्छ भन्नेहरूले लाज मान्नुपर्ने हो



दरबार हत्याकाण्डपछि कुशको बाहुनजस्तो नक्कली राजतन्त्र आयो। त्यसले झन् निरंकुशता लाद्यो। जनताको अधिकार खोस्यो, विकास गरेन। देश लुटेर, संविधानभन्दा माथि बसेर पैतृक सम्पत्ति थुपाऱ्यो। अनि अहिले फेरि त्यही राजतन्त्र ल्याउनुपर्छ भन्दा लाज मान्नुपर्ने हो। प्रतिगमन अब सम्भव छैन।

(शनिबार राष्ट्रिय स्वास्थ्यकर्मी महासंघको कार्यक्रममा)

■ संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले भन्छन्-

निषेधाज्ञा हामीलाई 'वरदान' भएको छ



शान्तिपूर्ण प्रदर्शनलाई सीमामा बाँध्न सरकारले निषेधाज्ञा जारी गर्नु भ्रष्ट शासकका लागि अभिशाप र हाम्रा लागि वरदान बन्यो। आन्दोलनमा सहभागी संख्या र ऊर्जा वृद्धि मात्रै भएन, सडक, बाटोछेउ र घरका छतछतबाट ताली बजाएर, नाराका साथ दिएर काठमाडौंवासीले हाम्रो प्रयासमा होस्टेमा हैसे दिएका कारण हामी अझै उत्साहित भएका छौं।

(शनिबार साँझ सुवेदीले दिएको भिडियो सन्देशबाट)

मनसुनको पहिलो दिन नै खतराको पूर्वसंकेत



बिहीबार राति नेपालको पूर्वी क्षेत्रबाट मनसुन प्रवेश गरी कोशी प्रदेशमा फैलिएको थियो। त्यसको २४ घण्टा नबित्दै पूर्वी नेपालको विभिन्न क्षेत्रमा बाढीले क्षति पुऱ्याएको छ।

(विस्तृत पृष्ठ ३)

मूल्य अभिवृद्धि करमा बहुदरको बहस

अग्रलेख



बहुदर वा एकल दरको भ्याट प्रणाली छनोट गर्दा देशको आर्थिक अवस्था, प्रशासनिक क्षमता, सामाजिक संरचना र कर प्रणालीको स्थायित्वलाई ध्यानमा राख्नुपर्छ

● बलराम यादव (पृष्ठ ४)

जघन्य अपराधबाहेकका अभियुक्तलाई अग्रिम जमानतको बाटो खुल्दै

नेपालमा पहिलोपटक 'अग्रिम जमानत'को कानुनी व्यवस्था गर्न मुलुकी फौजदारी कार्यविधि संहितामा संशोधन प्रस्ताव

मुलुकी फौजदारी कार्यविधि संहिताको संशोधन प्रस्तावको दफा ६७ मा उपदफा (क)मा थप गरिएका प्रावधान

व्यक्तिले आफू पक्राउ पर्न सक्ने आशंका भएमा, गिरफ्तारी पुर्जी जारी भइसकेमा वा हिरासतमा लिइएको अवस्थामा सम्बन्धित अदालतमा अग्रिम जमानतको निवेदन दिन सक्ने


थुनामा राखी अनुसन्धान गर्नुपर्ने वस्तुगत आधार नदेखे अदालतले तत्काल अग्रिम जमानत दिन सक्ने

शिल्पा कर्ण/नयाँ पत्रिका

नेपालमा पहिलोपटक अग्रिम जमानत (एन्टिसिपेटरी बेल)को व्यवस्था गर्ने गरी कानुनको मस्यौदा बनाइएको छ। पक्राउ पर्नुअघि नै अदालतबाट जमानत लिने सुविधा अब कार्यविधि संहितामा संशोधनमार्फत लागू गर्ने तयारी छ। यसअनुसार कसैलाई आफूविरुद्ध झुटो आरोप लागेको छ वा गिरफ्तारीको सम्भावना छ भन्ने ठानिएको अवस्थामा अग्रिम जमानत माग्न सकिनेछ।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ६७ मा उपदफा (क) थप गर्दै जघन्य अपराधबाहेक अन्य मुद्दाका अभियुक्तलाई अग्रिम जमानत सुविधा दिने प्रस्ताव गरिएको हो। संशोधन प्रस्तावअनुसार व्यक्तिले आफू पक्राउ पर्न सक्ने आशंका भएमा, गिरफ्तारी पुर्जी जारी भइसकेमा वा हिरासतमा लिइएको अवस्थामा सम्बन्धित अदालतमा

» पृष्ठ २ मा क्रमशः



■ कल डिटेलका लागि अदालतको अनुमति नचाहिने

प्रस्तावित मस्यौदामा प्रमाण संकलनमा अनुसन्धान अधिकारीलाई केही बढी अधिकार दिने व्यवस्था छ। मूल संहिताको दफा २४ मा सनाखत गराउनुपर्ने व्यवस्था रहेकोमा (क) अर्थात् सूचना माग गर्न सक्ने उपदफा थप्न लागिएको छ। यसको (१) मा भनिएको छ, 'कुनै कसुरका अनुसन्धानको सिलसिलामा दूरसञ्चार सेवाप्रदायकसँग कुनै सूचना वा विवरण माग गर्न आवश्यक देखिएमा अनुसन्धान गर्ने निकायको कार्यालय प्रमुखले दूरसञ्चार सेवाप्रदायक निकायसँग आवश्यक सूचना माग गर्न सक्नेछ।'

अर्थात्, मस्यौदाको यो व्यवस्था लागू भए प्रहरी वा अख्तियारजस्ता निकायले व्यक्तिले प्रयोग गरिरहेको मोबाइल वा स्थायी टेलिफोनको कल डिटेल, अपरेसनल डाटा, लोकेसन, एसएमएस, युजर डिटेल, कल वाइज लोकेसन, इन्टरनेटर एक्टिभिटी लग, आइपी एड्रेसजस्ता जानकारी लिन पाउने अधिकार हुनेछ। यस्ता सूचना तत्काल दूरसञ्चार सेवाप्रदायकले दिनुपर्ने दफा (२) मा छ। यसरी प्राप्त सूचना प्रयोजनबाहेकका लागि प्रयोग गर्न नहुने उपदफा (३) मा छ।

विगतमा अनुसन्धान निकायबाट यस्ता अभिलेखको दुरुपयोग भएको देखिएपछि सर्वोच्च अदालतले नै ०७२ माघमा व्यक्तिको गोपनीयताको संरक्षण गरिनुपर्ने भन्दै सम्बन्धित अदालतको अनुमति लिनुपर्ने र आवश्यक कानुन बनाउन आदेश गरेको थियो।

■ चराहरू हेर्ने पार्क



धनुषामा **रञ्जन भण्डारी**

धनुषा बर्ड पार्कमा चरा हेर्न पुगेका सर्वसाधारण। मिथिला बिहारी नगरपालिका- २, ३ र ४ को क्षेत्रमा रहेको उजाड क्षेत्रलाई मियावाकी प्रविधिबाट वृक्षरोपण गरी धनुषा बर्ड पार्कको रूपमा विस्तार गरिएको हो। यहाँ ९३ प्रजातिका चराचुरुंगी देखिन थालेको मिथिला वाइल्ड लाइफ ट्रस्टले जनाएको छ। ट्रस्टका संस्थापक देवनारायण मण्डलले बर्ड पार्क आन्तरिक पर्यटन र अध्ययनकर्ताका लागि आकर्षणको केन्द्र बन्दै गएको बताए।

सांसदहरूद्वारा मदन भण्डारी विश्वविद्यालयको अवलोकन

सुवास भट्ट ⁄ नयाँ पत्रिका



अनुसन्धानमा आधारित पढाइ हुने नेपालको एक मात्र विश्वविद्यालय मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको संघीय सांसदहरूले अवलोकन गरेका छन् । संघीय संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा रहेका सांसदहरूले मकवानपुरको चित्लाङमा रहेको विश्वविद्यालयको शुक्रबार र शनिबार अवलोकन गरी प्राध्यापक तथा विद्यार्थीहरूसँग अन्तर्क्रिया गरेका हुन् । समितिका सभापति अम्मरबहादुर थापा तथा सदस्यहरू देवेन्द्र पौडेल, छविलाल विश्वकर्मा, महेन्द्रकुमार राय, रामप्रकाश चौधरी, सरिता भुसाल, ज्ञानु बस्नेतले अवलोकन र अन्तर्क्रिया गरे ।

उक्त भ्रमणका क्रममा सांसदहरूले डिजिटल प्रविधि, च्याउ, प्लान्ट प्याथोलोजी, जैविक तथा प्राकृतिक स्रोतसाधन तथा दिगो तथा लचिलो पूर्वाधारसम्बन्धी अनुसन्धान प्रयोगशालाहरूको अवलोकन गरेका थिए । जसक्रममा डा. भूषण श्रेष्ठ, डा. सबिना श्रेष्ठ, डा. अनुपमा श्रेष्ठ, डा. सर्वेशदास डंगोल, डा. किशोर तिमल्सिना तथा डा. राजीव सुब्बाले आआफ्नो कार्यक्रमअन्तर्गत भइरहेको अनुसन्धानको बारेमा जानकारी गराएका थिए ।

विश्वविद्यालयका उपाध्यक्ष पद्मसुन्दर जोशीले स्वागत मन्तव्य राखेका थिए भने निर्देशक डा. कीर्तिकुसुम जोशीले शैक्षिक कार्यक्रमका बारेमा जानकारी दिएका थिए । कार्यक्रममा डिजिटल प्रविधि, अर्ग्यानिक कृषि, वनजन्य जैविक सामग्रीहरू, दिगो तथा लचिलो पूर्वाधार विषयमा अध्ययनरत विद्यावारिधि तथा स्नातकोत्तर तहका विद्यार्थीहरूले आफ्नो शोधसम्बन्धी जानकारी प्रस्तुत गरे ।

विश्वविद्यालयका अध्यक्ष राजेन्द्रध्वज जोशीले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयलाई विश्वस्तरीय बनाउन आवस्यक नीतिगत सहयोग शीर्षकमा प्रस्तुतीकरण गर्दै राजनीतिक क्षेत्रलगायत समाजका विभिन्न तह र तप्काबाट उक्त विश्वविद्यालयलाई आवश्यक सहयोगको बारेमा जानकारी गराए । उनले ज्ञान नै समृद्धिको आधार भएकाले अनुसन्धान नै राष्ट्रलाई विकास गर्ने आधार भएकाले सोही उद्देश्यअनुसार विश्वविद्यालय स्थापना गरिएको बताए ।

हाल मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले आफ्ना विद्यार्थीहरूलाई मासिक वृत्ति ३० हजार रुपैयाँसम्म प्रदान गरिरहेको छ । यसले विद्यार्थीहरूलाई आफ्नो अनुसन्धानमा दत्तचित्त रहन मद्दत पुगेको विश्वविद्यालयका प्राध्यापकहरू बताउँछन् ।

कार्यक्रममा पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' भनेझैं आज मदन भण्डारी विश्वविद्यालयको प्रगतिले सार्थकता प्राप्त गरेकोमा खुसी व्यक्त गर्दै छोटो समयमा गरेको पूर्वाधार विकास र अनुसन्धान प्रगतिमा सन्तुष्टि व्यक्त गरे । आगामी दिनहरूमा मदन भण्डारी विश्वविद्यालयले नेपाल सरकारको अनुसन्धान नीति बनाउनमा सहयोग गर्ने अपेक्षा उनको छ । चित्लाङजस्तो रमणीय स्थानमा रहेको मदन भण्डारी विश्वविद्यालय नेपालका मात्र हैन, छिमेकी राष्ट्रलगायत अन्य राष्ट्रहरूबाटसमेत विद्यार्थीहरू यहाँ आउने वातावारण बनाउनुपर्ने उनको भनाइ छ ।

सांसद छविलाल विश्वकर्माले मदन भण्डारी विश्वविद्यालय परिवारको प्रतिबद्धतालाई प्रशंसा गर्दै अनुसन्धानमा संलग्न रहेका अनुसन्धानकर्मीहरूलाई नेपाल सरकारले उत्प्रेरणा दिनुपर्ने बताए । नेपालमा पनि कुनै अनुष्ठान गर्ने अठोटलाई एउटा मिसनका रूपमा लिएर अगाडि बढेमा उद्देश्य प्राप्त गर्न सकिन्छ भन्ने देखेर प्रतिनिधिमण्डललाई प्रेरणा प्राप्त भएको जानकरीसमेत दिए । प्राध्यापकहरूले मदन भण्डारी विश्वविद्यालय आउने चित्लाङ सडक'गणेशमान सिंह राजमार्ग'को दुरावस्थाको बारेमा अवगत गराउँदै सांसदहरूलाई सम्बन्धित निकायलाई ध्यानाकर्षण गराई उक्त सडक समयमै सुरक्षित यात्राको लागि उपयुक्त हुने व्यवस्था गर्न अनुरोध गरेका छन् ।

कार्यक्रममा संघीय संसद् प्रतिनिधिसभाका शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले आफ्नो मन्तव्यको क्रममा विश्वविद्यालयले गरेको कामको प्रशंसा गर्दै विश्वविद्यालयले कृषिको उत्पादनमा आधुनीकरण कसरी गर्न सक्छ र सोको प्रत्यक्ष प्रभाव नागरिकसम्म पुऱ्याउन सक्नुपर्छ भन्ने कुरामा लाग्न अनुरोध गरे । मदन भण्डारी विश्वविद्यालयले अख्तियार गरेको नीति तथा कार्यक्रमहरू अरू विश्वविद्यालयका लागि पनि अनुकरणीय हुनेमा विश्वास व्यक्त गर्दै अबका दिनहरूमा विद्यार्थीहरू खाडी मुलुक जाने होइन, आफ्नो ज्ञानको सदुपयोग गर्दै आफ्नो अनुसन्धानको परिणाम नागरिकस्तरसम्म लान प्रयत्न गर्नुपर्ने सुझाव दिएका छन् ।

'डिजिटल नेपाल फ्रेमवर्क सरकारको उच्च प्राथमिकतामा'

जापान ⁄ सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाल सरकारले डिजिटल नेपाल फ्रेमवर्क (डिएनएफ) लाई उच्च प्राथमिकतामा राखेको बताएका छन् । जापानको राजधानी टोकियोमा शुक्रबार सम्पन्न भएको एसिया-प्रशान्त दूरसञ्चार (एटीपी) २०२५ मन्त्रिस्तरीय बैठकलाई नेपालका तर्फबाट सम्बोधन गर्दै मन्त्री गुरुङले डिएनफको सफल कार्यान्वयनका लागि सूचना प्रविधिको पारिस्थितिक प्रणाली र अनुकूल वातावरणको तत्परता आवश्यक रहेको बताएका छन् ।



सञ्चारमन्त्री गुरुङ

नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले डिजिटल अर्थतन्त्र वृद्धिसँगै सुरक्षित, समावेशी र अवसरयुक्त डिजिटल युग निर्माण गर्न खोजिएको भनाइ राखे । साथै, सुरक्षित र विश्वसनीय डिजिटल वातावरणको आजको आवश्यकता रहेकोमा जोड दिँदै नेपालमा डिएनएफले डिजिटल रूपान्तरणको लागि सुरक्षा र विश्वासलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गरेको मन्त्री गुरुङको सचिवालयले जनाएको छ ।

नागरिकलाई सशक्त बनाउन, साइबर सुरक्षा मुद्दा निर्माण गर्न, डिजिटल पूर्वाधारमा लगानी गर्नका लागि सरकार लागेको उनको भनाइ थियो । साथै, डाटा सुरक्षित गर्नुका साथै नवप्रवर्तनलाई तीव्रता दिने विषयमा पनि नेपालको प्रमुख चासो रहेको बताए । त्यस्तै नेपाल एपिटीसँग गहिरो साझेदारीका रूपमा संलग्न भई, ज्ञान बाँड्ने प्रतिबद्धतासमेत मन्त्री गुरुङले राखे ।

नेपाल डिजिटल छलाङको चरणमा रहेको जानकारी दिँदै प्रधानमन्त्रीको दूरदर्शी नेतृत्वमा उद्योग स्थापना गर्न, रोजगारी सिर्जना गर्न, कुल ग्राहँस्थ्य उत्पादन बढाउन, नवीन र समावेशी अर्थतन्त्र सिर्जना गर्न दृढ संकल्पका साथ काम गरिरहेको उनले बताए ।

फर्निचर उद्योगमा आगलागी, २० लाखबराबरको क्षति

नवलपुर ⁄ नवलपुरको कावासोती-१७, ढोकीस्थित फर्निचर उद्योगमा आज साँझ आगलागी भएको छ । ढोकीस्थित सुरज वैद्यको फर्निचर उद्योगमा आलगाली हुँदा करिब २० लाखबराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार विद्युत् सर्ट भई आलगागी भएको र आगो स्थानीयबासी, कावासोती नगरपालिकाको दमकल, प्रहरीको सहयोगमा नियन्त्रणमा आएको छ ।

विकास निर्माणमा...

पृष्ठ १ बाट क्रमशः

अर्ब ९० करोड मात्रै पुँजीगत खर्च हुने र सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा चार खर्ब दुई अर्ब ८६ करोड खर्च हुने संशोधित अनुमान गरिएको छ । अर्थात् ऋण सेवामा हुने खर्च पुँजीगत खर्चभन्दा एक खर्ब आठ अर्ब ९६ करोडले बढी हुने देखिन्छ ।

अर्थमन्त्री पौडेल स्वयंले सार्वजनिक ऋणले चुनौती थपेको बताएका छन् । बजेट वक्तव्यमा उनले भनेका छन्, 'सार्वजनिक ऋणको बढ्दो परिमाणले ऋणको दिगोपना कायम गर्ने चुनौती थपेको छ ।' उनले सार्वजनिक ऋणको उत्पादनशील उपयोग र दिगोपना सुनिश्चित गर्ने घोषणासमेत गरेका छन् । तर, आगामी आवको बजेट अनुसूचीमै चालू प्रकृतिका खर्चको समेत ऋणबाट पूर्ति गर्ने व्यवस्था गरेका छन् ।

सरकारले आगामी आवको सबै प्रकारको खर्चको स्रोतमा वैदेशिक ऋणलाई समेत उल्लेख गरेको छ । आगामी आवमा हुने कुल पुँजीगत खर्चमा एक खर्ब ५० अर्ब ८७ करोड रुपैयाँ विदेशी ऋणबाट व्यहोर्ने उल्लेख छ । त्यस्तै, कुल वित्तीय व्यवस्था खर्चमध्ये ५१ अर्ब १४ करोड रुपैयाँ र कुल चालू खर्चमध्ये ३१ अर्ब ६३ करोड रुपैयाँ विदेशी ऋण स्रोतबाट व्यहोर्ने उल्लेख छ । सवारीसाधन तथा मेसिनरीतर्फको खर्चमा दुई अर्ब १८ करोड र पुँजीगत परामर्शतर्फको खर्चमा चार अर्ब ४२ करोड स्रोत वैदेशिक ऋणबाट पूर्ति गरिने बजेट अनुसूचीमा उल्लेख छ । त्यस्तै, चालूतर्फ हुने कुल खर्चमध्ये एक खर्ब ५० अर्ब ६ करोड आन्तरिक ऋणबाट पूर्ति गरिने भएको छ । पुँजीगततर्फको खर्चमध्ये एक खर्ब ९८ अर्ब चार करोड र वित्तीय व्यवस्थातर्फको १३ अर्ब ८८ करोड खर्चसमेत आन्तरिक ऋणबाट पूर्ति गरिने बजेट अनुसूचीमा उल्लेख छ ।

अर्थशास्त्री डा. डिल्लीराज खनाल वित्त व्यवस्थापनमा गम्भीर नभए ऋणको चंगुलमा फस्ने जोखिम रहेको बताउँछन् । 'सरकारलाई अहिले सार्वजनिक वित्त व्यवस्थापनमा समस्या भइरहेको छ । खर्च घटाउने र राजस्व बढाउनेतर्फ भन्दा ऋण लिएर व्यवस्थापन गर्ने सजिलो बाटो अपनाउने प्रवृत्ति बढेको छ, जुन ठिक होइन,' उनले भने, 'विकास तथा पुँजी निर्माणमा मात्रै ऋणको उपयोग हुनुपर्नेमा तलबभत्ताजस्ता साधारण कार्यमा समेत ऋणको प्रयोग बढेको छ । ऋण र ऋण सेवामा हुने खर्च बढ्दै जाने, तर पुँजी निर्माण, विकास एवं उत्पादन नहुने हो भने त्यसले हामीलाई ऋणको चंगुलमा फसाउनेछ ।'

त्यस्तै, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी पनि ऋण तिर्नकै लागि ऋणको प्रयोग हुन थालेको बताउँछन् । 'पछिल्ला वर्षहरूमा हाम्रो स्रोतभन्दा खर्चको वृद्धिदर धेरै भयो । स्रोत वृद्धिदर र खर्च वृद्धिदरमा असमानता बढ्यो । एकातर्फ प्राकृतिक प्रकोप, महामारीलगायत नियन्त्रण तथा व्यवस्थापनका कारण पनि खर्च बढ्यो । संघीयताले पनि हाम्रो खर्च थपियो । अर्कातर्फ राजस्व अपेक्षाअनुसार बढ्न सकेन भने वैदेशिक अनुदान पनि घट्दै गए । यसले गर्दा ऋण र ऋण सेवामा हुने खर्च बढेको छ,' उनले भने, 'चालू प्रकृतिका काममा समेत ऋणको प्रयोग हुन थाल्यो । ऋण तिर्न ऋणकै प्रयोग हुन थाल्यो । यद्यपि, तल्ला तहमा अनुदानका रूपमा जाने ६० प्रतिशत हाराहारी रकम पुँजी निर्माणमै खर्च हुने भएकाले तथ्यांकलाई सावधानीपूर्वक तुलना गर्नुपर्छ ।'

सार्वजनिक ऋण ३० खर्ब १० अर्ब पुग्ने

०८२/८३ को अन्तिमसम्ममा देशको कुल तिर्न बाँकी ऋण ३० खर्ब १० अर्बबराबर पुग्ने देखिएको छ । चालू आवको अन्त्यसम्ममा सार्वजनिक ऋण २६ खर्ब ९२ अर्ब २१ करोड पुग्ने संशोधित अनुमान छ । सरकारले आगामी आवमा दुई खर्ब ३३ अर्ब ६६ करोड बाह्य र तीन खर्ब ६२ करोड रुपैयाँ आन्तरिक गरी कुल पाँच खर्ब ९५ अर्ब ६६ करोड सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ । आगामी आवमा थपिएको ऋणसँगै नेपाल सरकारले तिर्न बाँकी आन्तरिक ऋण १३ खर्ब ७६ अर्ब ५१ करोड र बाह्य ऋण १६ खर्ब ३३ अर्ब ८८ करोड गरी कुल सार्वजनिक ऋण ३० खर्ब १० अर्ब पुग्ने अनुमान गरिएको छ ।

गम्भीर सवाल औँल्याउँदै महालेखा भन्छ, 'ऋण तिर्न ऋणकै प्रयोग भयो'

महालेखा परीक्षकको कार्यालयले चालू प्रकृतिका कार्यमा ऋणको उपयोग गरिएको तथा ऋण तिर्न ऋणकै प्रयोग भएको गम्भीर सवाल औँल्याएको छ । गत आवमा सञ्चित कोषमा आएको दुई खर्ब ३४ अर्ब ४२ करोड १४ लाख आन्तरिक ऋणमध्ये चालू खर्चमा ८६ अर्ब ९८ करोड ९२ लाख, पुँजीगत खर्चमा ९३ अर्ब १५ करोड ४० लाख र वित्तीय व्यवस्थामा ११ अर्ब ८९ करोड ४० लाख खर्च भएको महालेखाको ६२औँ प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यस्तै, ११ अर्ब ८९ करोड ४० लाख आन्तरिक ऋण वित्तीय व्यवस्थामा उपयोग भएको प्रतिवेदनमा उल्लेख छ ।

गत आवमा सञ्चित कोषमा एक खर्ब १३ अर्ब २७ करोड १४ लाख वैदेशिक ऋण दाखिला भएकोमा त्यसबाट चालूतर्फ १८ अर्ब ४१ करोड ७७ लाख, पुँजीगततर्फ ७२ अर्ब २३ करोड ७२ लाख र वित्तीय व्यवस्थातर्फ २८ अर्ब ४० करोड ३२ लाख खर्च भएको महालेखाले जनाएको छ । त्यस्तै, २८ अर्ब ४० करोड ३२ लाख वैदेशिक ऋण वित्तीय व्यवस्थामा उपयोग भएकोसमेत प्रतिवेदनमा उल्लेख छ ।

'आन्तरिक तथा वैदेशिक ऋणको साँवा-ब्याज भुक्तानीका लागि दुई खर्ब २३ अर्ब २७ करोड ९५ लाख नेपाल सरकारको नगदतर्फ स्रोत कायम गरे तापनि समग्रमा नगदतर्फ एक खर्ब ६ अर्ब ११ करोड ७९ लाख अवास्तविक स्रोत कायम गरेको देखिएकाले आन्तरिक तथा वैदेशिक ऋणको साँवा-ब्याज भुक्तानीमा समेत आन्तरिक ऋण प्रयोग भएको छ,' प्रतिवेदनमा उल्लेख छ, 'आयोजना/परियोजनाको लाभबाट आय आर्जन गरी ऋणको साँवा-ब्याज भुक्तानी गर्नुपर्नेमा आयोजना नै सम्पन्न गर्न नसकिँदा राज्यले अन्यत्र ऋण खोजी पुरानो ऋण साँवा-ब्याजसहित चुक्ता गर्नुपरेको छ ।' यसले राज्यलाई दीर्घकालसम्म ऋणीको रूपमा रहन बाध्य बनाउने महालेखाले औँल्याएको छ ।

विद्युतीय...

पृष्ठ १ बाट क्रमशः

क्षमता कम देखाएर ठूलो परिमाणमा कर छुट लिइएको छ । यस्ता अनियमितताले राज्यको राजस्वमा ठूलो असर पार्ने भन्दै महालेखाले सुधारको माग गरेको छ ।

आयातकर्ताले जानाजान क्षमताको 'स्पेसिफिकेसन' घटाएर कम कर तिर्ने प्रयास गरेको महालेखाको प्रतिवेदनमा छ । महालेखाले थप छानबिन गरी सही मूल्यांकन गर्ने व्यवस्था गरिनुपर्ने र कर छुटका वास्तविक कारण प्रस्ट्याएर आवश्यक कर असुल गरिनुपर्नेमा जोड दिएको छ ।

महालेखा प्रतिवेदनअनुसार विभिन्न पैठारीकर्ताले विद्युतीय सवारीसाधन पैठारी गर्दा पेस गरेको बीजकमा उल्लिखित पिकपावरका आधारमा भन्सार कार्यालयबाट भन्सार जाँचपास हुने गरेको छ । तर, भन्सारले पैठारी भएका सवारीसाधनमा जडित मोटरको क्षमता जाँच गर्ने गरेको नदेखिएको प्रतिवेदनमा उल्लेख छ । जसका कारण पैठारीकर्ताले जस्तो घोषणा गऱ्यो, त्यसैका आधारमा सवारीसाधनको भन्सार पास हुने गरेको महालेखाले औँल्याएको छ ।

पैठारी भएका सवारीसाधनको मोटर क्षमता कहीँ पनि परीक्षण नभएको महालेखाले भनेको छ । 'विभिन्न पैठारीकर्ताले पिक मोटर पावरको क्षमता घोषणा गरे पनि प्राविधिकबाट परीक्षण नभएको साथै विद्युतीय सवारीसाधनका उत्पादक वा अन्य स्वतन्त्र जाँचकीबाट मोटर क्षमतालाई पुष्टि गर्ने टेस्ट रिपोर्टसमेत संलग्न छैन,' महालेखाले प्रतिवेदनमा भनेको छ ।

विभिन्न प्रज्ञापनपत्रबाट विभिन्न ब्रान्डका विद्युतीय गाडीको पैठारीकर्ताले क्षमता घोषणा गरेबमोजिम प्राविधिक परीक्षणबाट पुष्टि नभएको प्रतिवेदनमा उल्लेख छ । भन्सार जाँचपास भएका मालवस्तुको आन्तरिक जाँचपास गर्नुपर्ने व्यवस्था भए पनि यो प्रभावकारी नभएको महालेखाले भनेको छ ।

नेपालमा आयात भइरहेका विद्युतीय सवारीसाधनको क्षमताबारे उठेका प्रश्नमा यातायात व्यवस्था विभाग र भन्सार विभागले पन्छिने प्रयास गरेका छन् । दुवै निकायले कानुनी प्रक्रियाअनुसार काम गरिरहेको जिकिर गर्दै सवारी क्षमतासम्बन्धी यकिन परीक्षण तथा तथ्यमा आधारित मूल्यांकनको आवश्यकता औँल्याएका छन् ।

यातायात व्यवस्था विभागका निर्देशक श्रीकान्त यादवका अनुसार विभागसँग गाडीको मोटर क्षमता परीक्षण गर्ने उपकरण तथा प्रविधि नै छैन । कागजातअनुसार गाडी नआएमा मात्र विभागले हेर्ने उनको भनाइ छ । 'तोकिएभन्दा कम क्षमताका गाडी आएको मलाई लाग्दैन । सवारी उत्पादक कम्पनीले आधिकारिक प्रयोगशालामा परीक्षण गरेर ल्याएको प्रमाणपत्रकै आधारमा विभागले सवारीलाई मान्यता दिने गर्दछ । यदि कागजातअनुसार गाडी नआएमा मात्र विभागले हस्तक्षेप गर्छ,' उनले भने, 'हामीसँग गाडीको मोटर क्षमता परीक्षण गर्ने उपकरण तथा प्रविधि छैन । यद्यपि, गाडी नेपाल भित्रिएपछि सडकमा चल्न सक्ने अवस्था छ कि छैन भनेर रोड टेस्ट गरिन्छ । कर छलीको विषय मलाई थाहा छैन । विभागबाट कुनै कमजोरी भएको छैन । मोटर क्षमताबाहेक मापनका अरू विकल्पमा जानु उपयुक्त हुन्छ ।'

मोटर क्षमता घटाएर सवारीसाधन पैठारी भएको र यसबाट ठूलो परिमाणमा कर छुट भएकोमा महालेखाले भन्सार प्रशासनको पनि कमजोरी औँल्याएको छ । तर, भन्सार विभागका महानिर्देशक महेश भट्टराई गाडीको क्षमता मापन गर्ने जिम्मेवारी यातायात व्यवस्था विभागको भएको बताउँछन् ।

'गाडीको क्षमता मापन गरेर यकिन गरी कुन क्षमताका गाडी नेपालमा आयात गर्न दिने भनेर यकिन गरेर दिने जिम्मेवारी यातायात व्यवस्था विभागको हो । विभागले दिएको आयात अनुमतिसहितको सिफारिसपत्रका आधारमा मात्र भन्सार कार्यालयले गाडीको जाँचपास गर्छ,' उनले भने, 'विभागले गरेको सिफारिस तथा उत्पादक कम्पनीले दिएको प्रमाणपत्रका आधारमा सम्बन्धित आयातकर्ताले घोषणा गरेको स्पेसिफिकेसनका आधारमा भन्सारले प्रचलित कानुनबमोजिम राजस्व संकलन गरी भन्सार जाँचपास गर्छ । उक्त गाडीमा तोकिएभन्दा फरक क्षमता रहेको पाइएमा क्षमता मापन र दर्ता गर्ने सम्बन्धित निकाय अर्थात् यातायात व्यवस्था विभाग र कार्यालयले कैफियत जनाई पठाउनुपर्छ ।'

उनले अनुमानका भरमा राजस्व छुटको निष्कर्षमा पुग्न नसकिने दाबी गरे । 'गाडीको क्षमता मापन गर्ने जिम्मेवारी यातायात व्यवस्था विभागको हो । विभागले दिएको सिफारिसका आधारमा मात्र भन्सारले गाडीको जाँचपास र राजस्व संकलन गर्छ । अनुमानको भरमा राजस्व चुहावट भएको निष्कर्षमा पुग्न सकिन्न,' उनले भने ।

तातोपानी भन्सारबाट एक अर्ब र रसुवाबाट पौने तीन अर्ब छली

आधिकारिक उत्पादकले प्रकाशन गरेको सवारीसाधनको प्राविधिक स्पेसिफिकेसन तथा मोटर क्षमता जाँच गरी छुट महसुल र करका सम्बन्धमा छानबिन गर्न महालेखाले भनेको छ । 'रसुवा भन्सार कार्यालयबाट दुई अर्ब ७४ करोड १८ लाख ९९ हजार र तातोपानी भन्सार कार्यालयबाट एक अर्ब तीन करोड २५ लाख २० हजारसमेत तीन अर्ब ७७ करोड ४४ लाख १९ हजार छुट महसुल तथा करका सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ,' महालेखाको प्रतिवेदनमा छ ।

तातोपानीबाट तीन र रसुवाबाट ६ पैठारीकर्ताले पैठारी गरेका गाडीमा छुट भएको भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र सडक सुधार दस्तुरसमेत निर्क्योल गरी असुल गरी कारबाही गर्न महालेखाले भनेको छ । आधिकारिक उत्पादकले प्रकाशन गरेको सवारीसाधनको प्राविधिक स्पेसिफिकेसनसहितको क्याटलग तथा ब्रोसर अध्ययनदेखि डाइनामोमिटर परीक्षण, अनबोर्ड डायग्नोस्टिक स्क्यानर र उत्पादन विशेषको डायग्नोस्टिक टुलबाट मोटर क्षमताको जाँच गरी प्राविधिक परीक्षण गराउनुपर्ने महालेखाले भनेको छ ।

यसरी भयो कर छली

एउटै मोडलको सवारीसाधनको मोटर क्षमता विदेशमा बढी, नेपालमा कम

एउटै मोडलका सवारीसाधनको विदेशमा बढी र नेपालमा कम क्षमताको हुँदा कर छल्ने प्रयोजनका लागि यसो गरिएको भन्दै महालेखाले आशंका व्यक्त गरेको छ ।

'सवारीसाधनको उत्पादक कम्पनीको वेबपेजमा रहेका क्याटलग तथा अन्य देशमा गरेको निर्यातको विवरणका आधारमा पैठारी भएका विभिन्न मोडेलका सवारीसाधन १०० देखि २०० किलोवाटसम्म क्षमताको रहेको देखिन्छ,' महालेखाले भनेको छ । जबकि रसुवा र तातोपानी भन्सार कार्यालयबाट पैठारी भएका सवारीसाधनको घोषणाबमोजिम ९९ किलोवाट पिक मोटर पावर क्षमता उल्लेख गरी भन्सार जाँचपास भएको देखिएका छन् । १०० किलोवाटभन्दा बढी २०० किलोवाटसम्मको शीर्षकबमोजिम पैठारी भएका ती सवारीसाधनमा सवारीमा २० प्रतिशत भन्सार महसुल, २० प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा त्यसो नगरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

नेपालमा पैठारी भएर आएका गाडीको मोटर क्षमता परीक्षण गर्ने संयन्त्र र मेसिन यातायात व्यवस्था विभागसँग छैन । प्रतिवेदनले कर छल्ने प्रयोजनका लागि नेपालमा पैठारी गरिएका सवारीसाधनको मोटर क्षमता घटाइएको जनाउ दिएको छ ।

आर्थिक ऐन, २०८० मा पैठारी भएका विद्युतीय सवारीसाधनको 'मोटर पिक पावर' (मोटर क्षमता)का आधारमा कर तथा महसुल निर्धारण गर्ने व्यवस्था छ । ऐनअनुसार विद्युतीय मोटरको पिकअप पावर ५० किलोवाटभन्दा बढी र १०० किलोवाट ननाघेको कार, जिप र भ्यानमा भन्सार महसुल १५ प्रतिशत र अन्तःशुल्क १० प्रतिशत लाग्छ । यस्तै, गरी पिकअप पावर १०० किलोवाटभन्दा बढी, तर २०० किलोवाट ननाघेको कार, जिप र भ्यानमा भन्सार महसुल २० प्रतिशत र अन्तःशुल्क २० प्रतिशत लाग्ने व्यवस्था छ । यसमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लगाउनुपर्ने व्यवस्था छ ।

माइक्रोबसलाई मिनिबस बनाएर डेढ अर्ब कर छली

आर्थिक ऐन, २०८० को व्यवस्थाबमोजिम सामञ्जस्य हुने गरी आयातित मालवस्तुको दर्ताका लागि मापदण्ड तोकिएको छ । त्यसअनुसार मालवस्तुको हार्मोनाइज्ड कोर्ड निर्धारण गरी भन्सार मूल्यमा महसुल निर्धारण गरी असुल गर्नुपर्ने कानुनी व्यवस्था छ । एकै मोडेलको सवारीसाधनका लागि समान हार्मोनाइज्ड कोड लागू हुनुपर्छ ।

तर, माइक्रोबसलाई एचएसकोड परिवर्तन गरेर मिनिबस बनाएर करिब डेढ अर्ब रुपैयाँ भन्सार महसुल छुट दिइएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । यस विषयमा छानबिन गरी छुट राजस्व असुल्न महालेखाले भनेको छ ।

सवारी तथा यातायात व्यवस्था ऐनले मिनिबसलगायत मझौला र कार, जिप, भ्यानलगायतलाई तौलका आधारमा वर्गीकरण गरेको छ । १४ सिटको माइक्रोमा एक सिट थपे पनि कानुनअनुसार निर्धारित स्पेसिफिकेसनबमोजिम अतिरिक्त सिट गणना गर्न मिल्दैन । त्यस्तै, मिनिबस हुन सिटको पंक्ति, आकार, आन्तरिक उचाइ तथा संकटकालीन निकासको व्यवस्थासमेत हुनुपर्छ । यी व्यवस्थाको पुस्ट्याइँबेगर माइक्रोबसलाई मिनिबसको एचएस कोडमा बदल्न मिल्दैन । तर, मिनिबस हुनका लागि आवश्यक पर्ने प्राविधिक गुण र सिटको स्पेसिफिकेसन जाँचबेगर एक सिट बढाएर १५ सिटे आधारमा मिनिबस शीर्षकमा वर्गीकरण गरी मालवस्तु जाँचपास गरिएको महालेखाले प्रतिवेदनमा उल्लेख गरेको छ ।

नारायणहिटी...

पृष्ठ १ बाट क्रमशः

हुन नपाएपछि प्रदर्शनकारी र त्नपार्कमा जम्मा भई बालुवाटार तर्फ अघि बढेका थिए । बालुवाटार पुगेपछि प्रदर्शनकारी प्रधानमन्त्रीनिवासतर्फ अघि बढ्ने प्रयास गरेका थिए । जसक्रममा सुरक्षाकर्मी र उनीहरूबिच केहीबेर धकेलाधकेलसमेत भएको थियो । प्रदर्शनका क्रममा प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकविरुद्ध नाराबाजी गरिएको थियो ।

सुरुमा रत्नपार्कमा भेला भएका उनीहरू राजसंस्था पुनर्स्थापना र हिन्दु राष्ट्रको माग गर्दै नारायणहिटी दरबारतर्फ अघि बढ्न खोजेका थिए । तर, प्रहरीले नारायणहिटीतर्फ बढ्न नदिएपछि नक्साल हुँदै बालुवाटार मोडिए । बालुवाटार पुगेर आन्दोलनकारीले नाराजुलुस, नाचगान र सभा गरे । राजावादीले नारायणहिटीमा प्रदर्शनको घोषणा गरेपछि सरकारले त्यस स्थानमा निषेधित क्षेत्र घोषणा गरेको थियो । समितिका संयोजक नवराज सुवेदीले दरबारमार्ग क्षेत्रमा सरकारले लगाएको निषेधाज्ञाले जनआन्दोलनसफलताको दिशामा अघि बढिरहेको स्पष्ट भएको दाबी गरे । संवैधानिक राजसंस्था र सनातन हिन्दु अधिराज्यसहित बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाका लागि शान्तिपूर्ण आन्दोलनलाई निर्णायक तहमा पुऱ्याउने उनको दाबी छ । राप्रपा प्रवक्ता मोहन श्रेष्ठले शान्तिपूर्ण बाटोबाट नवीन समझदारीका लागि बाध्य पार्ने बताए ।

वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

तेश्रो पटक सूचना प्रकाशन मिति : २०८२/०२/१८

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा विद्युत प्राधिकरणद्वारा प्रस्तावित हेटौडा ढल्केवर दुहवी ४०० के.भी प्रसारण लाइन आयोजना (चौथो खण्ड) को Right of Way भित्र पर्ने रूखहरू नियमानुसार कटान मुछान गरी आ.व. २०८०।०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १४४६ को ९४१५.८७ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

ज्योति सामुदायिक वन उपभोक्ता समुह
हेटौडा-१८, मकवानपुर

जघन्य अपराधबाहेकका...

पृष्ठ १ बाट क्रमशः

अग्रिम जमानतको निवेदन दिन सक्ने व्यवस्था हुनेछ । तर, विदेशी नागरिक, अन्य अदालतमा विचाराधीन मुद्दा भएका व्यक्ति र पहिले नै कुनै फौजदारी मुद्दा अदालतमा विचाराधीन रहेकाहरूले भने यस्तो सुविधा लिन नपाउने व्यवस्था गरिएको छ ।

यस्ता निवेदनलाई बन्दी प्रत्यक्षीकरणको निवेदनसरह प्राथमिकता दिई कारबाही र किनारा गर्नुपर्ने प्रस्ताव छ । आदेश जारी नभएकोमा यसविरुद्ध पुनरावेदन सुन्ने अदालतमा जान सकिने ठाउँ पनि दिइएको छ । अग्रिम जमानत जुनसुकै अदालतले खारेज गर्न सक्ने व्यवस्था गर्न लागिएको छ ।

अग्रिम जमानतसम्बन्धी प्रस्तावित व्यवस्थामा अदालतले निवेदकलाई आरोपित कसुरमा संलग्नता देखिने विश्वसनीय प्रारम्भिक आधार नदेखिएमा धरौटी वा जिम्मामा छाड्ने आदेश दिन सक्ने प्रावधान राखिएको छ । न्यायाधीशले निवेदकको संलग्नताका आधारमा थुनामा राखी अनुसन्धान गर्नुपर्ने वस्तुगत आधार नदेखे अदालतले तत्काल अग्रिम जमानत दिन सक्ने व्यवस्था छ । त्यस्तै, निवेदकले प्रमाण संकलनमा हस्तक्षेप गर्ने वा प्रमाण नष्ट गर्ने सम्भावना नदेखिएको र पहिले कुनै गम्भीर फौजदारी अपराधमा दोषी ठहर नभएको अवस्था भएमा पनि अग्रिम जमानत स्वीकृत गर्न सकिने व्यवस्था प्रस्तावित गरिएको छ ।

यसरी अग्रिम जमानत पाउनेले मुद्दाको क्रममा सहयोग गर्नुपर्ने, सम्बन्धित निकायले बोलाउँदा उपस्थित हुनेजस्ता कर्तव्य पनि तोक्ने गरी संशोधन प्रस्ताव गरिएको छ । कसुर भएको व्यक्ति वा परिवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रलोभन वा दबाब दिने, प्रमाण मेटाउन वा हस्तक्षेप गर्ने, न्यायिक कार्यमा अवरोध गर्ने कार्य गर्न नहुने मस्यौदामा छ । यसैगरी, अदालतको अनुमतिविना देश र स्थानहद छाड्न नहुनेजस्ता सर्त पालना गर्नुपर्ने पनि उक्त दफामा थप्न लागिएको छ ।

कार्यविधि संहिताको दफा ९ मा कसुरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्न सकिने व्यवस्था छ । जसमा कसुरसम्बद्ध व्यक्ति फेला परेमा वा कसुर गर्दागर्दै रहेमा पक्राउ गर्न सकिने उल्लेख छ । यसमा ९ (क) थप्न लागिएको छ, जसअनुसार व्यक्तिलाई पक्राउपूर्व उपस्थितिका लागि सूचना दिनुपर्नेछ, तैपनि उपस्थित नभए मात्र पक्राउ गर्न सकिनेछ । यद्यपि, जघन्य वा गम्भीर अपराध गरेमा तथा त्यसको उद्योग, षड्यन्त्र र मतियार भएकोमा भने पक्राउ गर्न सकिनेछ । मुद्दाको अवस्था हेरेर पक्राउ नगरी नै अनुसन्धान गर्ने पद्धति विकास गर्न यो व्यवस्था गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

यसैगरी तीन वर्षसम्म कैद हुन सक्ने कसुरमा बढीमा १५ दिन र त्यसभन्दा बढीको सजायमा २५ दिनसम्म हिरासतमा राख्न सकिने व्यवस्था गर्न लागिएको छ । साथै, अनुसन्धान र अभियोजनमा सहयोग गर्ने, प्रमाण र विवरण खुलाउनसमेत सहयोग गरी कसुर स्वीकार गर्ने सजाय छुट दिई अभियोजन गर्ने व्यवस्था गर्न लागिएको छ ।

यसैगरी, अब शव कुनै ठाउँमा गाडिएको आशंका अनुसन्धान अधिकारीलाई लागेमा उत्खनन गरी प्रमाण संकलन गर्ने अधिकार दिन लागिएको छ । साथै, हाल कुनै महिलाको शारीरिक अंग जाँच गराउनुपरे पाएसम्म महिला चिकित्सक र उपलब्ध नभएमा महिलाको रोहवरमा पुरुष चिकित्सकले गर्न सक्ने व्यवस्था दफा २१ मा छ । यसलाई संशोधन गरी महिला चिकित्सक अनिवार्य गर्न लागिएको छ भने उपलब्ध नभएको अवस्थामा कम्तीमा दुईजना महिलाको रोहवरमा पुरुष चिकित्सकले संकलन गर्नुपर्ने प्रावधान राख्न लागिएको छ ।

दफा १६२ मा उपदफा (क) देखि (घ) सम्म बिगो निर्धारणसम्बन्धी नयाँ व्यवस्था थपिने भएको छ । संशोधन प्रस्तावअनुसार यदि कसुरमा पीडित स्वयंको समेत सहभागिता वा संलग्नता देखिएको खण्डमा बिगो घटाइने स्पष्ट व्यवस्था गरिनेछ ।

त्यसैगरी, विभिन्न प्रकृतिका मुद्दामा बिगो निर्धारण गर्न स्पष्ट मापदण्ड र अवस्था थप गरिँदै छ । हाल बिगो निर्धारणका लागि कानुनी स्पष्टता नहुँदा सरकारी वकिलहरूलाई व्यावहारिक कठिनाइ हुँदै आएको छ । यही अस्पष्टताका कारण सर्वोच्च अदालतले पटक-पटक सरकारी वकिलद्वारा निर्धारण गरिएको बिगोमाथि प्रश्न उठाएको छ । कतिपय अवस्थामा बढी बिगो कायम भए पनि अदालतबाट न्यून बिगो मात्र ठहर हुने गरेको देखिएको छ ।

यस्तै, कार्यविधिको दफा १८४ मा अभियोगपत्रसाथ उपस्थित गराइएका अभियुक्तहरू र म्यादमा उपस्थित भएका अभियुक्तहरूको बायोमेट्रिक विवरण लिई अभिलेखमा सुरक्षित राख्नुपर्ने प्रावधान प्रस्ताव गरिएको छ । तर, यदि अभियुक्तसँग राष्ट्रिय परिचयपत्र रहेको खण्डमा भने बायोमेट्रिक विवरण लिने आवश्यकता नपर्ने व्यवस्था पनि संशोधनमा समावेश गरिएको छ ।

सजाय माफीलाई सहज बनाउन प्रस्ताव

कार्यविधि संहिता संशोधनमार्फत सजाय कटौती तथा माफी सहज बनाउने प्रस्ताव छ । मूल संहिताको दफा १५९ मा सजाय माफी दिन सकिने व्यवस्था छ, जसलाई प्रतिस्थापन गर्न प्रस्ताव गरिएको छ । हाल सजाय माफी, मुल्तबी, परिवर्तन तथा कम गर्न गृह मन्त्रालयमार्फत अदालतको फैसलाको प्रतिलिपि सँगै राखी राष्ट्रपतिसमक्ष निवेदन दिनुपर्ने प्रावधान छ । यस्तो निवेदनउपर आवश्यक कारबाहीका लागि राष्ट्रपतिले पाँच विषय विचार गरी निर्णय गर्न नेपाल सरकारसमक्ष प्रस्ताव गर्न सक्ने व्यवस्था छ । तर, निश्चित कसुर गरेकालाई सजायमा छुट वा माफी दिनै नसकिने व्यवस्था १५९ (४) ले गरेको छ । तर, यो सिंगै दफालाई छोटो र संकुचित बनाइएको छ ।

प्रस्तावित संशोधनअनुसार नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता तथा राष्ट्र हित र मुलुकको दीर्घकालीन शान्तिका लागि सजाय माफ, मुल्तबी, परिवर्तन र कम गर्न सकिने व्यवस्था राख्न लागिएको छ । साथै 'कुनै मित्रराष्ट्रसँगको पारस्परिक सम्बन्ध मजबुत बनाउन वा अन्य अपावदको अवस्थामा आवश्यक भएमा महान्यायाधिवक्ताको राय लिई मन्त्रिपरिषद्ले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको' सजायमा छुट दिन सकिने प्रस्ताव छ ।

मन्त्रिपरिषद्को सिफारिसमा यस्तो निर्णय राष्ट्रपतिबाट हुने गरी संशोधन गर्न लागिएको छ । दफा १५९ मा (क) थप्दै असल चालचलन भएमा सामुदायिक सेवामा लागउने, कैद सजाय निलम्बन गर्ने, खुला कारागारमा राख्ने, प्यारोलमा राख्ने, सप्ताहान्त वा रात्रिकालीन कारागारमा राख्ने र शारीरिक श्रममा लगाउनेजस्ता कार्य गर्न सकिने बनाइएको छ ।

मनसुनको पहिलो दिन नै खतराको पूर्वसंकेत

पूर्वी नेपालमा भारी वर्षा, कोशी लोकमार्ग कटान, एसियन राजमार्ग अवरुद्ध



● **प्रतिभा मानन्धर**, मौसमविद्

यसपटक चाँडै मनसुन भित्रिए पनि देशभर विस्तार हुन समय लाग्ने देखियो, अहिलेको अवस्थामा एक-डेढ हप्ता लाग्ने देखियो। मनसुन विस्तार हुन नसकेको ठाउँमा पनि ठुलो पानी परिरहेको छ।



अविरल वर्षाका कारण अवरुद्ध कोशी लोकमार्गको धरान-धनकुटा सडकखण्ड १४ घण्टापछि एकतर्फी सञ्चालनमा आएको छ। **तस्बिर : सन्तोष रुचाल**/नयाँ पत्रिका

झापामा **चिरञ्जीवी घिमिरे**

नेपालमा मनसुन भित्रिएलगत्तै वर्षा र बाढीपहिरोको जोखिम सुरु भएको छ। बिहीबार राति नेपालको पूर्वी क्षेत्रबाट मनसुन प्रवेश गरी कोशी प्रदेशमा फैलिएको थियो। त्यसको २४ घण्टा नबित्दै पूर्वी नेपालको विभिन्न क्षेत्रमा बाढीले क्षति पुऱ्याएको छ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता रामबहादुर केसीका अनुसार शनिबार बिहान परेको अविरल वर्षाका कारण धरान-धनकुटा सडकखण्डको साँगुरीगढी गाउँपालिका-६ स्थित फेदीको करिब सय मिटर सडक लेउती खोलाको बाढीले बगाएको छ। जसकारण कोशी राजमार्गको धरान-धनकुटा सडकखण्ड अवरुद्ध भएको छ।

पछिल्लो १२ घण्टामा कोशी प्रदेशको झापा, इलाम, मोरङ र सुनसरी जिल्लामा भारी वर्षा मापन भएको र ती क्षेत्र भएर बहने कन्काई नदी, बिरिङ खोला, केसलिया खोलालगायतमा सतर्कता तहभन्दा माथिको बाढी मापन भएकाले नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन बाढी जल तथा मौसम विज्ञान महाशाखाले पनि सबैमा अनुरोध गरेको छ। महाशाखाका अनुसार हाल कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका धेरै स्थानमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन चट्याङसहितको हल्कादेखि मध्यम पानी परिरहेको छ।

पश्चिमी वायु सक्रिय बन्दा मनसुन पूर्वी नेपालबाट अन्यत्र विस्तार हुन सकेको छैन। यसपालि सरदरभन्दा १५ दिनअघि बिहीबार राति प्रवेश गरेको मनसुनले कोशी प्रदेशमा भीषण वर्षा पनि सुरु भइसकेको छ। तर, पश्चिमी वायु (पश्चिमबाट पूर्व बहने हावा) सक्रिय हुँदा मनसुन अगाडि बढ्न नसकेको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् प्रतिभा मानन्धरले बताइन्। 'यसपटक चाँडै मनसुन भित्रिए पनि देशभर विस्तार हुने समय लाग्ने देखियो, अहिलेको अवस्थामा एक-डेढ हप्ता लाग्ने देखियो,' उनले भनिन्, 'मनसुन विस्तार हुन नसकेको ठाउँमा पनि ठुलो पानी परिरहेको छ।' स्थानीय र पश्चिमी वायुका कारण मध्य र पश्चिम नेपालमा पानी परिरहेको हो। पोहोर पनि सरदरभन्दा अगाडि मनसुन भित्रिए पनि देशभर विस्तार हुन दुई साता लागेको थियो।

■ १४ घण्टापछि धरान-धनकुटा सडक एकतर्फी सञ्चालन

धनकुटा/ अविरल वर्षाका कारण अवरुद्ध कोशी लोकमार्गको धरान-धनकुटा सडकखण्ड एकतर्फी सञ्चालनमा आएको छ। कोशी लोकमार्गको साँगुरीगढी गाउँपालिका- ६ फेदी भन्ने स्थानमा लेउती खोलामा आएको बाढीले लोकमार्गको करिब एक सय मिटर सडक कटान गरेपछि दुवैतर्फको सडक पूर्ण रूपमा अवरुद्ध भएको थियो। बाढीले बगाएको सडकमा अस्थायी डाइर्भसन बनाए सडक एकतर्फी रूपमा खुलाएको प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले बताए। सडक निर्माणका लागि सडक विभागको एक र अन्य तीन गरी चारवटा एक्स्काभेटर परिचालन गरिएको थियो। शनिबार बिहान ५ बजेदेखि अवरुद्ध सडक १४ घण्टाको निरन्तर प्रयासपछि एकतर्फी रूपमा सञ्चालन आएको जिल्ला प्रहरी कार्यालय धनकुटाका निमित्त सूचना अधिकारी इन्स्पेक्टर ध्रुवनारायण श्रेष्ठले बताए। लेउती खोलाको धार फर्काए अस्थायी डाइभर्सनमार्फत गाडी सञ्चालनमा ल्याइएको छ।

जलवाष्पयुक्त मनसुनी वायुका कारण शुक्रबार राति पूर्वी नेपालमा दुई सय मिलिमिटरसम्म पानी परेको छ। अधिकांश ठाउँमा सय मिलिमिटरभन्दा बढी पानी परेको छ, जबकि २४ घण्टामा ५० मिलिमिटरभन्दा धेरै पानी पर्नुलाई ठुलो वर्षा भनिन्छ। शनिबार पनि राति पूर्वी नेपालमा मनसुनी वर्षा हुँदा गण्डकी र कर्णालीमा पश्चिमी र स्थानीय वायुका कारण ठुलो पानी परेको छ।

मनसुनको पहिलो दिन नै झापामा निर्माणाधीन एसियन राजमार्गअन्तर्गत राजमार्ग अवरुद्ध भएको छ। पूर्व-पश्चिम राजमार्गलाई चार लेनमा विस्तार गर्न ठेक्का लागेको राजमार्गमा सबै कल्भर्ट भत्काएर डाइभर्सन बनाइएको थियो। शुक्रबार राति परेको अविरल वर्षाले तीनवटा डाइभर्सन बगाएपछि राजमार्ग अवरुद्ध भएको हो। यद्यपि, दिनभर लगाएर तीनवटै डाइभर्सन निर्माण गरी अवरुद्ध राजमार्ग सुचारु गरिएको काँकडभिट्टा-लौकही सडक योजना (पूर्वी खण्ड)का प्रमुख सुनीलबाबु पन्तले बताए। उनका अनुसार निर्माणाधीन राजमार्गको मेचीनगरस्थित कालीखोला, चाराली जंगलमा रहेको एनिमल अन्डरपास र डुकुरे खोलाको डाइभर्सन बगाएको थियो। जसमध्ये कालीखोलामा अस्थायी डाइभर्सन निर्माण गरिएको उनले बताए।

चारआलीको जंगलमा रहेको डाइभर्सनमा ह्युमपाइप थपेर बनाइएको पन्तले बताए। यो राजमार्ग १६ महिनाअघि निर्माण थालिएको हो। काँकडभिट्टा-लौकही सडक योजना (पूर्वी खण्ड)अन्तर्गत झापाको काँकडभिट्टादेखि ४५ किलोमिटर पर्छ। यो सडक विस्तारका लागि १० अर्ब ६ करोडमा एभरासकोन-कालिका जेभीले ठेक्का लिएको छ। तर, काम सुस्त हुँदा मनसुनको सुरुवातमै राजमार्ग अवरुद्ध भयो। निर्माण सुरु भएको १६ महिनामा सडक विस्तारको काम जम्मा २० प्रतिशत मात्र भएको पन्तले बताए। यो काम सन्तोषजनक नभएको उनको भनाइ छ। अविरल वर्षासँगै आएको बाढीका कारण झापाकै ठुलो माई नदी बस्तीमा पसेको छ। झापा गाउँपालिका १ र २ का बस्तीमा माई नदी पस्दा नयाँबस्ती, कुवाडी, झारमारा, मिलनबस्तीलगायतका करिब १५० घर डुबानमा परेको रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले जानकारी दिए।

■ बुटवल-नारायणगढ सडक अवरुद्ध

नवलपरासी/ दुई दिनअघि परेको पानीले पूर्व-पश्चिम राजमार्गको बुटवल-नारायणगढ सडक खण्डमा तीन स्थानमा अवरुद्ध बनेको छ। चोरमाराको गिरुवारी खोला, दुम्कीबासको विनयी खोला र दाउन्नेको खुर्सानी खोलामा गरी तीन ठाउँमा एकसाथ सडक अवरुद्ध भएको हो। चोरमारा र दाउन्नेमा शुक्रबार दिउँसोबाट सडक एकतर्फी सञ्चालनमा आयो भने दुम्कीबासको डाइभर्सन शनिबार मात्र निर्माण सकिएर बिहानदेखि एकतर्फी सञ्चालनमा आएको छ। तीन स्थानमा सडक एकतर्फी भएपछि यात्रुहरूले निकै सास्ती व्यहोर्नुपरेको छ। दुम्कीबासबाट बर्दघाट वा बर्दघाटबाट दुम्कीबाससम्म आउन १२ घण्टासम्म जाममा बस्नुपरेको छ।

१५ देखि ३० वर्ष उमेर समूहमा सुर्तीजन्य पदार्थको लत उच्च





● **उपेन्द्र ढुंगाना**, वरिष्ठ जनस्वास्थ्य प्रशासक, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

सुर्तीजन्य पदार्थले दम, खोकी, फोक्सो तथा मुखको क्यान्सरजस्ता गम्भीर रोग निम्त्याइरहेको छ। तर, कानुनको कार्यान्वयन कमजोर भएकाले यसको नियन्त्रण चुनौतीपूर्ण बनेको छ।

शिवहरि घिमिरे/ नयाँ पत्रिका

नेपालमा सुर्तीजन्य पदार्थको लत विशेषगरी युवापुस्तामा गम्भीर रूपले देखिएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार हाल नेपालमा सुर्तीजन्य पदार्थको प्रयोग विशेषगरी १५ देखि ३० वर्ष उमेर समूहमा उच्च दरमा देखिएको छ।

ग्लोबल बर्डेन अफ डिजिजको तथ्यांकअनुसार हाल नेपालमा २८ प्रतिशत सुर्तीजन्य पदार्थ सेवनकर्ता छन्। जसमा १५ देखि ३० वर्ष उमेर समूहका युवा १७ प्रतिशत छन्। राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका वरिष्ठ जनस्वास्थ्य प्रशासक उपेन्द्र ढुंगानाले टोबाकोको प्रयोग युवापुस्तामा खतरनाक रूपले वृद्धि भएको बताए। 'सुर्तीजन्य पदार्थले दम, खोकी, फोक्सो तथा मुखको क्यान्सरजस्ता गम्भीर रोग निम्त्याइरहेको छ,' उनले भने, 'तर, कानुनको कार्यान्वयन कमजोर भएकाले यसको नियन्त्रण चुनौतीपूर्ण बनेको छ।'

सन् २०१३ मा नेपालमा ३० प्रतिशत सुर्तीजन्य पदार्थ सेवनकर्ता रहेकोमा सन् २०३० सम्म १५ प्रतिशतमा झार्ने लक्ष्य राखिएको थियो। सन् २०१९ को अध्ययन तथ्यांकले २८ प्रतिशत देखाएको थियो भने सन् २०२४ को तथ्यांकले २७ प्रतिशत देखाएको छ। सुर्तीजन्य पदार्थ सेवनकर्ताको संख्या १५ प्रतिशतमा झार्ने समय नजिकिँदै गएपनि सेवनकर्ता युवा बढ्दा चिन्ता थपिएको छ।

पूर्वस्वास्थ्य सचिव डा. सुशीलनाथ प्याकुरेलका अनुसार सुर्तीजन्य पदार्थले नेपाली जनस्वास्थ्यमा गम्भीर असर पारिरहेको छ। 'खैनी, गुट्खा, चुरोटजस्ता पदार्थको सेवनले गिजा तथा मुखको क्यान्सर हुने सम्भावना उच्च हुन्छ,' उनले भने। साथै, उनले कर वृद्धिबाट उपभोग घटाउन सकिने सुझाव दिए। ग्लोबल क्यानको सन् २०२० को तथ्यांकले नेपालमा २० हजार ५०८ क्यान्सर प्रभावितमध्ये दुई हजार ३२७ मा मुखको क्यान्सर भएको तथ्यांक सार्वजनिक गरेको थियो। सुर्तीजन्य पदार्थ सेवनले मुखको क्यान्सरसमेत बढाउने गरेको चिकित्सकहरूले बताउने गरेका छन्।

एक वर्षअघि एक्सन नेपालले गरेको अध्ययनअनुसार सुर्तीजन्य पदार्थको सेवनले हुने क्यान्सर रोगको पहिचान र उपचारमा एक व्यक्तिको खर्च सरदर नौ लाख ८१ हजार ३७० हुने गरेको पत्ता लागेको छ। अध्ययनले देशभरका विभिन्न क्यान्सर अस्पतालमा क्यान्सरको उपचार गरिरहेका १२० बिरामीमा सर्वेक्षण गर्दा १६ प्रतिशतले उपचारका लागि घरजग्गा बेचेको देखाएको थियो।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले सरकारी नीति थप बलियो बनाएर सुर्तीजन्य पदार्थ रोकथाममा काम गर्नुपर्ने बताए। उनका अनुसार चुरोटलगायत सुर्तीजन्य वस्तुको प्रयोगले फोक्सो, श्वासप्रश्वास, मुख, घाँटीलगायतमा क्यान्सर निम्त्याउँछ। उनले भने, 'सरकारले केही प्रतिशत कर वृद्धिको घोषणा गरे पनि त्यो पर्याप्त छैन। टोबाकोका कारण व्यक्ति, परिवार र राज्यलाई ठूलो आर्थिक भार पर्न गएको छ।'

सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी ऐन, २०७६ अनुसार सार्वजनिक स्थलमा चुरोट वा सुर्तीजन्य पदार्थ सेवन गर्न निषेध गरिएको छ। तर, व्यावहारिक रूपमा यो ऐन कार्यान्वयनमा आउन सकेको छैन। ऐनले शिक्षण संस्था, स्वास्थ्य संस्था, सार्वजनिक सवारी, होटेल-रेस्टुरेन्टलगायत थुप्रै स्थानलाई सार्वजनिक क्षेत्र मानेको छ र त्यहाँ सुर्तीजन्य पदार्थ सेवनमा रोक लगाइएको छ। तर, यी ठाउँमा खुलेआमसुर्तीजन्य पदार्थको सेवन हुने गरेको छ। यसैबिच सरकारले शनिबारदेखि सुर्तीजन्य पदार्थ सेवन त्यागका लागि निःशुल्क परामर्श तथा सुझाव दिन ११३२ टोल फ्री नम्बर सुरु गर्दै छ।

संक्षेप

एकै दिन दुई स्थानबाट डेढ सय किलो गाँजासहित दुईजना पक्राउ

महोत्तरी/ प्रहरीले एकै दिन महोत्तरीको विभिन्न दुई स्थानमा डेढ सय किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको छ। प्रहरीले शुक्रबार साँझ रामगोपालपुर नगरपालिका- ५ बर्दीबास जलेश्वर सडकखण्डमा पर्ने रामगोपालपुर चौकबाट दोलखा बैदेश्वरी गाउपालिका- ६ निवासी २६ वर्षीय दीपक दाहालले चलाएको बागमती बिएसी ८७३९ नम्बरको कारबाट १०९.९ किलो गाँजा फेला पारेको थियो। शुक्रबार राति नै बर्दीबास नगरपालिका-५ स्थित माईस्थान गौशाला सडकखण्डबाट बा०१-०३० च ७८०५ नम्बरको सेतो इभीबाट आठ पोकामा रहेको ४० किलो गाँजासहित बर्दीबास नगरपालिका- ११ बस्ने ३१ वर्षीय रंगलाल स्याङ्तानलाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी शैलेन्द्रकुमार भट्टले विशेष सूचनाका आधारमा रामगोपालपुर र गौशाला सडकखण्डमा गाँजा नियन्त्रणमा लिएको बताए। विभिन्न ठाउँबाट ल्याएको गाँजा सुरुमा नेपाल भारत सीमानजिक पुऱ्याउने र तिनै भरियाले सीमापारि पुऱ्याउने गरेको भेटिएको प्रहरीले जनाएको छ। महोत्तरीकै खयरमारा क्षेत्रमा केही महिनाअघि डिभिजन वन कार्यालयको नेतृत्वमा भएको अपरेसनमा एक बिघाभन्दा बढी क्षेत्रफलमा लगाइएको गाँजा फँडानी गरिएको थियो।

लुम्बिनी प्रादेशिक अस्पतालमा रक्तसञ्चार केन्द्र स्थापना

बुटवल/ बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा रक्तसञ्चार केन्द्र स्थापना गरिएको छ। रुपन्देही व्यापार संघले रक्तसञ्चार केन्द्र स्थापनाका लागि एक करोड ५८ लाख २० हजार रुपैयाँ लगानी गरेको छ। आधुनिक प्रविधियुक्त उपकरण खरिदमा व्यापार संघले लगानी गरेको हो। केन्द्रमा जर्मनीमा निर्मित अत्याधुनिक मेसिन जडान गरिएको र एकैपटकमा एक हजार युनिट (पोका) रगत संकलन गरी भण्डारण गर्न सक्ने क्षमता छ। व्यापार संघका अध्यक्ष दीपकप्रसाद अधिकारीले सामाजिक उत्तरदायित्वअन्तर्गतको मेघा परियोजनाका रूपमा यसलाई अगाडि सारेर केन्द्र स्थापना गरिएको बताए।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले केन्द्रको शनिबार उद्घाटन गरेका छन्। उनले बिरामीलाई नयाँ जीवन प्रदान गर्न रक्तदान नै महादान भएकाले यसप्रकारको दानमा जोडिन सबैमा आह्वानसमेत गरे। आचार्यले प्रदेश सरकारले सबै बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यक्रम अघि सारेको भन्दै निजी र सामुदायिक अस्पतालमा उपचार गराइरहेका बिरामीलाई रगत उपलब्ध गराउन केही कानुनी जटिलता रहेको र त्यसलाई फुकाउने गरी सरकारले ध्यान दिने बताए। 'रगतमा लाग्ने जुन शुल्क छ, त्यसलाई निःशुल्क बनाउने गरी सरकारले काम अघि बढाएको छ। निजी र सामुदायिक अस्पतालमा उपचार गराइरहेका बिरामीको हकमा उपलब्ध गराउन केही कानुनी जटिलता देखिएको छ। सरकार सबैलाई निःशुल्क रगत उपलब्ध गराउन चाहन्छ,' उनले भने।

भारतीय सहयोगमा निर्मित महेन्द्र माविको भवन उद्घाटन

अछाम/ भारत सरकारको अनुदान सहयोगमा अछामको बयालपाटामा निर्माण गरिएको महेन्द्र माविको भवन उद्घाटन गरिएको छ। काठमाडौंस्थित भारतीय दूतावासका प्रथम सचिव सुमन शेखर, जिल्ला समन्वय समिति अछामका प्रमुख ललितबहादुर कुँवर र साँफेबगर नगरपालिका प्रमुख राजेन्द्रबहादुर कुँवरले शनिबार भवनको संयुक्त रूपमा उद्घाटन गरेका हुन्।

भारत-नेपाल विकास सहकार्यअन्तर्गत सामुदायिक विकास परियोजनाको रुपमा भारत सरकारको चार करोड ८२ लाख रुपैयाँ लागतमा निर्माण गरिएको यो भवन ०६८ बाट सुरु गरेर ०७४ मा सम्पन्न भएको थियो। भारतले १८ कोठाको दुई तले भवनमा फर्निचरसँगै कम्प्युटर ल्याव र पुस्तकालयसमेत स्थापना गरिदिएको छ। सन् २००३ यता भारतले सुदूरपश्चिममा मात्रै ४० भन्दा धेरै विद्यालय भवन, खानेपानी, एम्बुलेन्स, स्कुल बस आदिमा सहयोग गरेको प्रथम सचिव शेखरले बताए। सडक सुविधा राम्रो रहेकाले विद्यालयलाई स्कुल बस सहयोगका लागि पहल गर्ने उनले बताए।

बाँदर भगाउनेदेखि डढेलो नियन्त्रणसम्मको प्रविधि बनाउँदै विद्यार्थी

काठमाडौं/ चन्द्रागिरिको काखमा रहेको सुन्दर पर्यटकीय गाउँ चित्लाङ पछिल्लो समय अनुसन्धानको केन्द्र बनेको छ। दुई वर्षअघि सञ्चालनमा आएको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयका विद्यार्थी यहाँ बसेर देशको आवश्यकताअनुसार विभिन्न विषयमा शोध गरिरहेका छन्।

शुक्रबार काठमाडौंबाट प्रतिनिधिसभा सदस्यहरू अवलोकनमा पुग्दा प्राध्यापक तथा विद्यार्थीहरूले भइरहेका विभिन्न अनुसन्धानबारे जानकारी दिए। जहाँ डिजिटल प्रविधिअन्तर्गत स्नातकोत्तर तहका विद्यार्थीहरूले प्रविधिको प्रयोग गरेर बाँदर भगाउनेदेखि डढेलो नियन्त्रणसम्मको प्रविधिबारे शोध अनुसन्धान गरिरहेका छन्।

नेपालमै उपयोग हुने गरी यस्तो अनुसन्धान भइरहेको सहप्राध्यापक डा. राजीव सुब्बाले बताए। 'किसानलाई सहयोग हुने प्रविधि निर्माण गरिरहेका छौं,' उनले भने। ग्रिनहाउसमा अटोमेटिक रूपमा तापक्रम कायम हुने गरी प्रविधि पनि बनाउन लागिएको छ।

त्यस्तै, जुम्लाको मार्सी चामलमा लाग्ने मरुवा रोग, काउलीमा लाग्ने गाँठे रोगको विषयमा पनि विद्यार्थीले



विस्तृत अनुसन्धान गरिरहेका छन्। ढुंगा माटो र बाँसको प्रयोगबाट नेपालमा मौलिक रूपमा बलिया संरचना बनाउने, प्रयोगशालामा प्रयोग हुने रसायनको निर्माणदेखि जैविक खेतीलाई प्रभावकारी बनाउने तथा जैविक मललाई राम्रो बनाउने विषयमा अध्ययन भइरहेका छन्।

देशको विकासमा योगदान दिने गरी अनुसन्धानका काम भइरहेको विश्वविद्यालयका अध्यक्ष राजेन्द्रध्वज जोशीले बताए। 'विद्यार्थीहरू यहाँबाट निस्किएपछि देश निर्माणमै लाग्ने विश्वास छ,' उनले भने, 'त्यहीकारण हामीले ३० हजार रुपैयाँसम्म मासिक वृत्ति दिएर गुणस्तरीय अनुसन्धानमा जोड दिएका छौं।'

विश्वविद्यालयमा सबैजसो विद्यार्थी निःशुल्क पढ्छन्। धेरैलाई मासिक वृत्तिसमेत दिइने गरेको छ। सरकारबाट बजेट बढेमा एक सय विद्यार्थीलाई अनुसन्धानमा लगाउन सकिने अध्यक्ष जोशी बताउँछन्। हाल विश्वविद्यालयमा २७ जना विद्यार्थी छन्। केहीले पिएचडी गरिरहेका छन्। 'ज्ञान नै समृद्धि र विकासको आधार भएकाले सोही उद्देश्यअनुसार विश्वविद्यालय स्थापना गरेर सञ्चालन गरिएको हो,' उनले भने।

संघीय संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विश्वविद्यालयको शुक्रबार र शनिबार अवलोकन गरी प्राध्यापक तथा विद्यार्थीसँग अन्तर्क्रिया गरेका हुन्। समितिका सभापति अम्मरबहादुर थापा तथा सदस्यहरू देवेन्द्र पौडेल, छविलाल विश्वकर्मा, महेन्द्रकुमार राय, रामप्रकाश चौधरी, सरिता भुसाल, ज्ञानु बस्नेतले अवलोकन र अन्तर्क्रिया गरे। भ्रमणका क्रममा सांसदहरूले डिजिटल प्रविधि, च्याउ, प्लान्ट प्याथोलोजी, जैविक तथा प्राकृतिक स्रोतसाधन, तथा दिगो तथा लचिलो पूर्वाधारसम्बन्धी अनुसन्धान प्रयोगशालाको अवलोकन गरे। त्यसक्रममा डा. भूषण श्रेष्ठ, डा. सविना श्रेष्ठ, डा. अनुपमा श्रेष्ठ, डा. सर्वेशदास डंगोल, डा. किशोर तिमल्सिना तथा डा. राजीव सुब्बाले अनुसन्धानबारे जानकारी गराएका थिए।

राइड सेयरिङ नियमावलीको विरोधमा चक्काजाम



काठमाडौं/ राइड सेयरिङ तथा सेल्फ ड्राइभ नियमन तथा व्यवस्थापन नियमावलीको विरोधमा सार्वजनिक यातायात व्यवसायीले शनिबार देशका विभिन्न सहरमा चक्काजाम गरेका छन्। ३० वैशाखको मन्त्रिपरिषद् बैठकले पारित गरेको नियमावलीमार्फत सरकारले राइड सेयरिङ सेवालाई कानुनी मान्यता दिएपछि आफ्नो पेसा संकटमा पर्ने भन्दै सार्वजनिक यातायात व्यवसायी आन्दोलनमा उत्रिएका हुन्। सार्वजनिक यातायात बचाउन केन्द्रीय संघर्ष समितिले शनिबारदेखि सुरु गरेको दैनिक एक घण्टे आन्दोलन सोमबारसम्म कायम हुनेछ। माग सम्बोधन नभए आन्दोलन थप लम्बाउने उनीहरूको चेतावनी छ। शनिबार व्यवसायीहरूले विभिन्न सहरमा चक्काजाम गर्दा यात्रुहरू समस्यामा परेका थिए।

फेवातालको क्षेत्रफल १२ हजार ४६८ रोपनी

पछिल्लो सीमांकन तथा नक्सांकनपछि तालको क्षेत्रफल एक हजार दुई सय १३ रोपनी बढ्यो, पोल गाड्न सुरु

कास्कीमा **रोहितराज पराजुली**

पोखरास्थित फेवातालको क्षेत्रफल १२ हजार चार सय ६८ रोपनी कायम भएको छ। तालको सिमाना यकिन गर्न जिपिएस र ड्रोन सर्वेमार्फत डिटेल सर्वेक्षण गरी तयार प्रतिवेदनमा फेवातालको क्षेत्रफल १२ सय रोपनी बढेको पोखरा महानगरपालिका नापी शाखा प्रमुख सर्वेक्षक वासुदेव पौडेलले बताए। सर्वेक्षणका क्रममा २५ वटा मुख्य आधार विन्दुमा ४० सेमि उचाइका पिलर जमिनमुनि गाडिएको र त्यसकै आधारमा पाँच हजार नियन्त्रण बिन्दु कायम गर्दै फेवातालको ताल घर र ६५ मिटरभित्रको क्षेत्रसमेत यकिन गरिएको उनको भनाइ छ।

सिँचाइ डिभिजन कार्यालय कास्कीको १० वर्षको रेकर्ड, विभिन्न समयमा बनेका फेवातालका नक्साको अध्ययनपछि तालमा पानीको उच्चतम बहाव/सतह ७५४.९५ मिटर कायम गरिएको र सोही विन्दुलाई हाइफ्लड लेभल आधार मान्दा तालको तालघर ६ हजार ३४३ वर्गमिटर अर्थात् १२ हजार ४६८ रोपनी ३ पैसा ३ दाम कायम हुन आएको पौडेलले बताए।

यसअघि पुण्यप्रसाद पौडेल संयोजकत्वको फेवातालको चार किल्ला निर्धारण, सीमांकन तथा नक्सांकन समितिले तालको क्षेत्रफल पाँच हजार ७२६ वर्गमिटर अर्थात् ११ हजार दुई सय ५५ रोपनी ११ आना १ पैसा कायम गरिएको थियो। ६ वर्षपछि गरिएको नयाँ नापजाँचपछि तालको तालघर ६ हजार ३४३ वर्गमिटर अर्थात् १२ हजार ४६८ रोपनी ३ पैसा ३ दाम कायम हुन आएको हो। पछिल्लो सीमांकन तथा नक्सांकनपछि तालको क्षेत्रफल एक हजार दुई सय १३ रोपनी बढेको हो।



■ पोल गाडेपछि दोस्रो चरणमा जग्गाको अवस्था अध्ययन गरिने

फैसला कार्यान्वयन सहजीकरण समितिका संयोजकसमेत रहेका मुख्यमन्त्री पाण्डेले अदालतको आदेशअनुसार तालको संरक्षण सुरु भएको बताए। तालघरमा पोल गाड्ने काम सम्पन्न गरेर जग्गाको अवस्था अध्ययन गर्ने उनको भनाइ छ। अध्ययनपछि मुआब्जा दिनुपर्ने-नपर्ने, दूषित दर्ता, ३१ साल अघिपछिको दर्ता, भौतिक संरचनाको अवस्थालगायत यकिन गर्ने पाण्डेले बताए। सर्वोच्चले ०३१ भन्दा अघि दर्ता भएर तिरो तिरेको जग्गाको मुआब्जा दिने र त्यसपछि दर्ता भएका जग्गा खारेज गरी तालको नाममा ल्याउन आदेश गरेकाले पोल गाड्ने काम सकिएपछि सोहीअनुसार अघि बढ्ने उनले बताए। तालमा पोल गाड्ने अभियान सुरुसँगै स्थानीयले विरोध गरेका थिए। स्थानीयसँग समन्वय नगरी काम अघि बढाएको भन्दै उनीहरूले नाराबाजी गरेका हुन्। स्थानीयको विरोधपछि शनिबार पोल गाड्ने कामसमेत रोकिएको थियो।

तालघरको सिमाना यकिनपछि सर्वोच्च अदालतले तोकेको ६५ मिटरसमेतको तालको कुल क्षेत्रफल भने ७६१६ वर्गमिटर अर्थात् १४ हजार ५७० रोपनी ५ आना २ दाम हुन आएको छ। तालघरभित्रको सिमाना छाडेर तालघरबाहिर अर्थात् तालघर सिमानादेखि ६५ मिटरभित्र पर्ने जग्गाको क्षेत्रफल दुई हजार ५०२ रोपनी ५ आना छ।

पोखराको फेवाताल संरक्षणका लागि सर्वोच्च अदालतले ४ असार ०८० मा जारी गरेको उत्प्रेषणयुक्त परमादेशअनुसार तालघरको सिमाना यकिन गरी पोल गाड्न सुरु गरिएको छ। फेवातालको उच्च बहावको विन्दु कायम गरी पोल गाड्न थालिएको हो। शनिबार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बाराहीघाटमा एक नम्बर पोल गाडेर कार्यक्रमको सुरुवात गरेका छन्।

पोखरा महानगरका मेयर धनराज आचार्यले दुई नम्बर र संघ सरकारको प्रतिनिधि एवं कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पौडेलले तेस्रो नम्बरको पोल गाडेका थिए। शनिबार सातवटा पोल गाडिएको छ।

तालघरको सिमाना यकिन गर्न जिपिएस र ड्रोन सर्भेमार्फत डिटेल सर्वेक्षणको क्रममा तालघरभित्र एक हजार ५५ वटा डिजिटल पोल गाडिएको र सोही स्थानमा शनिबारदेखि भौतिक रूपमा पोल गाड्न सुरु भएको र एक हजार ५५ वटा पोल गाडिने पौडेलले बताए।

यसअघि १६ वैशाख ०७५ मा सर्वोच्चले फेवाताल किनारको ६५ मिटरभित्र कुनै भौतिक संरचना निर्माण गर्न नपाउने गरी संरक्षण क्षेत्र कायम गर्न निर्देशनात्मक आदेश दिँदै तालको मापदण्ड ६ महिनाभित्र तोक्न भनेको थियो।

मूल्य अभिवृद्धि करमा बहुदरको बहस

बहुदर वा एकल दरको भ्याट प्रणाली छनोट गर्दा देशको आर्थिक अवस्था, प्रशासनिक क्षमता, सामाजिक संरचना र कर प्रणालीको स्थायित्वलाई ध्यानमा राख्नुपर्छ



● बलराम यादव

अग्रलेख

संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मूल्य अभिवृद्धि कर (भ्याट)मा बहुदर प्रणाली लागू गर्ने विषयमा प्राप्त सुझावका आधारमा यसको सान्दर्भिकता र व्यावहारिक प्रयोगबारे अध्ययन अघि बढाइने जानकारी दिए । यसबाट कर प्रणालीलाई अझ प्रभावकारी, न्यायोचित र वस्तु-सेवाको प्रकृतिअनुसार समायोजित बनाउने सम्भावना बढेको छ ।

भ्याटमा बहुदर भनेको विभिन्न वस्तु र सेवामा फरक-फरक दरमा मूल्य अभिवृद्धि कर लगाउने प्रणाली हो । यसको मुख्य उद्देश्य सामाजिक न्याय, आर्थिक सन्तुलन र राजस्व संकलनलाई ध्यानमा राखी अत्यावश्यक वस्तुहरूमा कम र विलासी वस्तुहरूमा बढी भ्याट लगाउनु हो ।

मूल्य अभिवृद्धि कर (भ्याट)को एकल दर : नेपालमा मूल्य अभिवृद्धि कर (भ्याट) सुरुदेखि नै एकल दरमा लागू हुँदै आएको छ, जसले कर प्रणालीमा स्थिरता र निश्चितता ल्याएको छ । ०५४ सालमा १० प्रतिशतबाट सुरु गरिएको भ्याट दर ०६१ सालमा १३ प्रतिशत कायम गरिएपछि हालसम्म निरन्तर लागू हुँदै आएको छ । करको दरको यस्तो स्थायित्वले करदातालाई अनुमानयोग्य र पारदर्शी कर वातावरण प्रदान गर्छ जुन करको सरलता र विश्वसनीयताका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ । एडम स्मिथले कर प्रणाली स्थिर, स्पष्ट र निश्चित हुनुपर्ने सिद्धान्त प्रतिपादन गरेजस्तै नेपालमा लामो समयदेखि कायम एकल भ्याट दरले त्यही सिद्धान्तलाई व्यवहारमा उतारिरहेको छ ।

नेपालमा मूल्य अभिवृद्धि कर (भ्याट)को एकल दरले कर प्रशासन र कर प्रणालीलाई स्थिर, पारदर्शी र निष्पक्ष बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । एकै दर कायम हुँदा प्रभावशाली व्यापारी, बिचौलिया वा नीति निर्माताबिच हुने प्रभाव र दबाबको खेल रोकिएको छ जुन भन्सार वा अन्तःशुल्कमा बारम्बार देखिँदै आएको छ । यस्तो स्थायित्वले उद्योगी-व्यवसायीलाई समान प्रतिस्पर्धाको वातावरण दिनुका साथै, कर प्रणालीमा विश्वास पनि बढाउँछ । आर्थिक दृष्टिले एकल दरले उद्योगी तथा उपभोक्ताको व्यवहारमा कृत्रिम विकृति आउन दिँदैन, जसले साधनको प्रभावकारी प्रयोग सुनिश्चित गर्छ । प्रशासनिक हिसाबले समेत एकल दरले कर गणना, विवरण तयार पार्ने प्रक्रिया र कर संकलनलाई सरल बनाएको छ, जसले कर अनुपालन र कर प्रशासनको लागत न्यून गराउँछ । अन्तर्राष्ट्रिय अनुभवअनुसार पनि एकल दर प्रणालीले राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी भूमिका खेल्छ । यही कारणले नेपालमा लामो समयदेखि कायम रहेको १३ प्रतिशतको एकल भ्याट दरलाई सफल र दूरदर्शी कर नीतिको उदाहरणका रूपमा लिन सकिन्छ ।

मूल्य अभिवृद्धि कर (भ्याट)को बहुदरको माग बढ्नुका कारण : नेपालमा मूल्य अभिवृद्धि कर (भ्याट)मा बहुदरको माग बढ्नुका पछाडि सामाजिक, आर्थिक र व्यावहारिक अनेक कारण छन् । सामाजिक न्यायका दृष्टिले धनी र गरिबलाई एउटै दरमा कर लगाउँदा गरिबमा करको भार बढी पर्ने ठानिन्छ । यसबाट अत्यावश्यक वस्तुमा कम दर लगाएर न्यून आय भएका वर्गलाई राहत दिनुपर्ने माग उठेको छ । साथै, औषधिजस्ता अत्यावश्यक वस्तु र सुनजस्ता विलासिताका वस्तुमा एउटै दरमा कर लगाउनु अनुचित मानेर त्यस्ता वस्तुमा भिन्नभिन्न दर लागू गर्नुपर्ने आवाज उठेको हो । कृषि, स्वास्थ्य, सूचनाप्रविधिजस्ता विकासोन्मुख क्षेत्रमा लगानी प्रोत्साहन र उपभोग सहज बनाउन पनि कर सहुलियत आवश्यक ठानिन्छ । पछिल्लो समय मूल्यवृद्धि नियन्त्रण गर्न अत्यावश्यक वस्तुमा कम भ्याट लगाएर उपभोक्तामैत्री नीति अवलम्बन गर्ने सोच, अन्य देशमा प्रचलित बहुदर अभ्यासको प्रभाव तथा महिला उद्यमशीलता, अपांगता भएका व्यक्ति र साना उद्योगलाई कर सहुलियत दिनुपर्ने मागले पनि बहुदरको समर्थन बढाएको हो । यद्यपि, बहुदर प्रणाली कार्यान्वयन गर्दा उत्पन्न हुने प्रशासनिक जटिलता, राजस्व चुहावट र असमानताको जोखिमका कारणबारे भने गहन छलफल र विमर्श आवश्यक छ ।

नेपालमा मूल्य अभिवृद्धि कर (भ्याट)मा बहुदरको माग अझै उठिरहनुको एक कारण निजी क्षेत्रका केही छाता संगठन र व्यापारीको दृष्टिकोण हो, जसमा भारतको वस्तु तथा सेवा कर (जिएसटी) प्रणालीलाई उदाहरणका रूपमा प्रस्तुत गरिन्छ । भारतमा सन् २०१७ मा जिएसटी लागू भएपछि नेपालमा पनि त्यसको सट्टा बहुदरयुक्त जिएसटी लागू गर्नुपर्ने माग बढेको छ । तर, यहाँ बुझ्नुपर्ने मुख्य कुरा के हो भने जिएसटी र भ्याट करको स्वरूपमा समान छन्, दुवै उपभोगमा आधारित अप्रत्यक्ष कर हुन् र नाम फरक भए पनि कार्यविधिमा ठूलो भिन्नता छैन । जिएसटी भन्ने नाम राखेका देशमध्ये अधिकांश जस्तैः न्यूजिल्यान्ड, अस्ट्रेलिया, क्यानडा, सिंगापुर आदिमा यो कर एकल दरमा लागू गरिएको छ र उनीहरूको अनुभवले देखाएको छ कि एकल दरले कर प्रणालीलाई सरल, पारदर्शी र प्रभावकारी बनाउँछ ।

> आवश्यक वस्तुमा कम भ्याट लगाउँदा गरिब तथा न्यून आय भएका वर्गलाई आर्थिक राहत प्रदान गरी सामाजिक न्यायमा योगदान पुऱ्याउन मद्दत पुग्छ भने विलासी वस्तु तथा सेवामा उच्च भ्याट लगाउँदा धनी वर्गबाट बढी राजस्व उठाउन सकिन्छ

भारतमा भने ऐतिहासिक र प्रशासनिक संरचनाका कारण बहुदरयुक्त जिएसटी लागू गरिएको थियो । त्यहाँ सन् १९४९ देखि केन्द्र, प्रदेश र स्थानीय तहमा फरक-फरक कर प्रणाली रहेकाले त्यसलाई एकीकरण गर्न जिएसटी ल्याइएको हो । तर, अन्तिम घडीमा राजनीतिक सम्झौता, प्रादेशिक असहमति र प्रशासनिक दबाबका कारण भारतले धेरै छुट र बहुदर कायम गऱ्यो जसले प्रणालीलाई जटिल बनायो । यही संरचनाका कारण भारतका अर्थशास्त्री र करविज्ञहरूले आजसम्म जिएसटीलाई सरल र प्रभावकारी बनाउन छुट र दर घटाउनुपर्ने सल्लाह दिँदै आएका छन् ।

बहुदर प्रणालीको अन्तर्राष्ट्रिय अभ्यास : मूल्य अभिवृद्धि कर (भ्याट)को बहुदर प्रणाली अन्तर्राष्ट्रिय अभ्यास विभिन्न देशमा फरक-फरक रूपमा लागू गरिएको छ । अधिकांश विकसित देशले भ्याटलाई एकल दरमा लागू गर्ने प्रवृत्ति देखाएका छन् जसले कर प्रणालीलाई सरल, पारदर्शी र प्रशासनिक हिसाबले सहज बनाउँछ । उदाहरणका लागि, न्यूजिल्यान्ड, अस्ट्रेलिया, सिंगापुर, क्यानडा, बेलायत र अन्य थुप्रै मुलुकले एकल दरको भ्याट प्रणाली अपनाएका छन् । यी देशमा करका दर सामान्यतया ५ देखि १५ प्रतिशतबिच हुन्छ र यसले व्यापक वस्तु तथा सेवामा समान दर लगाउँछ । तर, केही विकासशील देश र संघीय संरचनामा रहेका मुलुकले आवश्यक वस्तुमा छुट दिन र सामाजिक न्याय कायम राख्न बहुदर प्रणाली अपनाएका छन् । उदाहरणका लागि भारतले सन् २०१७ देखि बहुदरयुक्त वस्तु तथा सेवा कर (जिएसटी) लागू गरेको छ, जसमा आवश्यक वस्तुमा कम दर र विलासिताका वस्तुमा उच्च दर लगाइन्छ । यद्यपि, भारतमा यो प्रणालीले जटिलता र प्रशासनिक चुनौतीसमेत ल्याएको बताइन्छ । अन्य केही अफ्रिकी र एसियाली देश गरिब वर्गलाई राहत दिन आवश्यक वस्तुमा कम दर लागू गर्ने बहुदर प्रणालीको अभ्यास गरेका छन् ।

बहुदर प्रणालीका फाइदा : मूल्य अभिवृद्धि कर (भ्याट)को बहुदर प्रणालीका फाइदा सामाजिक न्याय र लक्षित राहतबाट सुरु हुँदै आर्थिक विभाजनको सहुलियतसम्म फैलिएका छन् । यसले आवश्यक वस्तुमा कम कर दर लगाएर गरिब तथा न्यून आय भएका वर्गलाई आर्थिक राहत प्रदान गर्ने भएकाले सामाजिक न्यायमा योगदान पुऱ्याउँछ भने विलासी वस्तु तथा सेवामा उच्च कर दर राखेर धनी वर्गबाट बढी राजस्व उठाउन सकिन्छ जसले कर प्रणालीलाई प्रगतिशील बनाउँछ । साथै, आवश्यक वस्तुमा कम कर दर राख्दा दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रणमा मद्दत पुग्छ र मुद्रास्फीतिलाई कम गर्न सहयोग पुग्छ । यससँगै, साना उद्योग, महिला उद्यमशीलता र अपांगता भएका व्यक्तिजस्ता लक्षित क्षेत्रहरूलाई प्रोत्साहन गर्न सकिन्छ जसले समग्र आर्थिक विकासमा योगदान गर्छ । फरक-फरक वस्तु तथा सेवाको मूल्य संरचनासँग मेल खाने गरी विभिन्न दर लागू गर्न सकिने भएकाले कर प्रणालीलाई व्यावहारिक र अनुकूल बनाउन मद्दत मिल्छ भने विभिन्न दरले राजस्व संकलनमा विविधता ल्याएर सरकारको आर्थिक आधारलाई बलियो बनाउँछ ।

बहुदर प्रणालीका बेफाइदा ? मूल्य अभिवृद्धि कर (भ्याट)को बहुदर प्रणालीका बेफाइदामा प्रमुख रूपमा प्रशासनिक जटिलता, कर अनुपालन लागतको वृद्धि र प्रणालीको असमानता देखिन्छ । बहुदर लागू गर्दा विभिन्न वस्तु र सेवाको वर्गीकरण, दर निर्धारण, लेखापरीक्षण तथा कर विवरण जटिल बन्छन् जसले साना व्यापारीका लागि कर पालनामा कठिनाइ ल्याउँछ । यसले कर प्रशासनमा अतिरिक्त बोझ थप्ने, कर फिर्ताको अवस्था सिर्जना गर्ने र कर चुहावटको सम्भावना बढाउने खतरा रहन्छ । साथै, बहुदर प्रणालीले दर परिवर्तनमा राजनीतिक दबाब र अस्थिरता ल्याउन सक्छ जसले लगानी वातावरणमा नकारात्मक प्रभाव पार्न सक्छ । यसको साथै, बहुदरले कर प्रणालीमा पारदर्शिता र स्थायित्व कम गराउने र आर्थिक लागत बढाउने जोखिम पनि हुन्छ । यी सबै कारणले गर्दा बहुदर प्रणाली लागू गर्दा त्यसका लाभ र चुनौतीलाई सन्तुलित रूपमा विचार गरी सावधानीपूर्वक योजना बनाउनु आवश्यक हुन्छ ।

अन्ततः, बहुदर वा एकल दरको भ्याट प्रणाली छनोट गर्दा देशको आर्थिक अवस्था, प्रशासनिक क्षमता, सामाजिक संरचना र कर प्रणालीको स्थायित्वलाई ध्यानमा राख्नुपर्छ । अन्तर्राष्ट्रिय अभ्यासले देखाउँछ कि एकल दरले पारदर्शिता र सजिलो कर व्यवस्थापन सुनिश्चित गर्छ भने बहुदरले सामाजिक न्याय र लक्षित राहत दिने उद्देश्य पूरा गर्ने सम्भावना राख्छ ।

(यादव आन्तरिक राजस्व विभागका शाखा अधिकृत हुन्)

---

३ प्रश्न

पूर्वसचिव **विमल वाग्लेलाई**



सार्वजनिक संस्थानहरूको नाफा घट्नु र नोक्सानी बढ्नुले के संकेत गर्छ ?

यहाँनिर दुइटा पक्षमा ध्यान दिनु जरुरी छ । हामीसँग रहेका सबै सार्वजनिक संस्थानले नाफा कमाउनैपर्छ भनेर हेर्न मिल्दैन । कतिपय संस्थान सेवा प्रवाहका क्रममा नोक्सानीमा जान पनि सक्छन् । नोक्सानी भयो भन्दैमा तिनको मूल्य बढाउन मिल्दैन । त्यसैले, सबैभन्दा पहिले कुन कुन संस्थानले नाफा लिने र कुन कुन संस्थानले नोक्सान भए पनि सेवामा निरन्तरता दिने भन्ने निश्चित गर्नुपर्छ । जति पनि संस्थान नोक्सानीमा गएका छन् या भइरहेको नाफा पनि घटिरहेको छ, त्यसको मुख्य कारण भनेको त्यस्ता संस्थान चलाउन नजान्नु नै हो ।

यस्ता संस्थानलाई नाफामा जानबाट रोक्ने 'फ्याक्टर' के-के हुन् ?

यसका पछाडि कतिपय जायज कारण पनि हुन्छन् । आर्थिक मन्दीका कारण निजी क्षेत्रका उद्योगहरू पनि क्षमताअनुसार चल्न नसकी नाफा घटिरहेको समयमा सार्वजनिक संस्थाहरूचाहिँ त्यसबाट अछुतो रहने कुरै भएन । योचाहिँ नाफा घट्नु या नोक्सानीमा जानुको एउटा जायज कारण हो । तर, अधिकांश संस्थानहरू आन्तरिक दक्षता अभावका कारण सुरुदेखि नै नोक्सानीमा गइरहेका छन् । यसमा यस्ता संस्थानमा कार्यकारी नियुक्ति कसरी गरिन्छ ? बोर्ड कसरी गठन गरिन्छ । त्यहाँ कस्ताकस्ता व्यक्तिको प्रतिनिधित्व गराइन्छ ? राजनीतिक नेतृत्वले कति र कसरी हस्तक्षेप गर्छ ? ट्रेड युनियनले कति अवरोध गर्छ ? जस्ता पक्ष नाफा बढ्न नदिने फ्याक्टर हुन सक्छन् ।

यस्ता संस्थानलाई सुधारेर नाफा आर्जन गर्न सकिन्न ?

किन नसकिनु, मजाले सकिन्छ । संसारभरका उदाहरण हेर्ने हो भने सबैभन्दा बढी नाफा गर्ने ७ कम्पनीमध्ये तीनदेखि चार कम्पनी सार्वजनिक संस्थान नै हुने गरेका छन् । फेरि निजीले नाफा कमाउन सक्ने, सार्वजनिकले नसक्ने भन्ने पनि हुँदैन । हामीकहाँ चलाउन नजानेर मात्र समस्या भएको हो । यसमा सुधार हुनासाथ नाफा कमाउन सकिन्छ ।

प्रेरक प्रसंग

मन्त्री र जंगली कुकुर

एक राजाले दरबारमा १० डरलाग्दा जंगली कुकुर पालेका थिए । कुनै गल्ती गर्ने मानिसलाई सजाय दिनुपऱ्यो भने उनी तिनलाई तिनै कुकुर राखेको स्थानमा खसाल्न लगाउँथे र आफू नजिकै बसेर रमिता हेर्थे ।

एकपटक दरबारमा १० वर्षदेखि राजाको सेवामा रहेका एक मन्त्रीले सानो गल्ती गर्दा क्रोधित भएर राजाले उनलाई तिनै कुकुरको खोरमा खसाल्ने सजाय सुनाए । राजाले सजाय दिनुपूर्व मन्त्रीसित उनको अन्तिम इच्छा सोधे । मन्त्रीले भने- महाराज मैले तपाईंको सेवामा १० वर्ष बिताएँ । अब यो सजाय कार्यान्वयन हुनुपूर्व थप १० दिनको अवधि चाहन्छु । राजाले उनको माग स्विकारे ।

१० दिनपछि सैनिकले मन्त्रीलाई समातेर राजाको आदेशअनुसार जंगली कुकुर राखिएको खोरमा खसालिदिए । राजा नजिकै बसेर रमिता हेरिरहेका थिए । तर, आफ्नोअगाडि आइपुगेका मन्त्रीलाई झम्टेर लुछ्नुको साटो ती जंगली कुकुर उनीसित खेल्न पो थाले । कुकुरहरू पुच्छर हल्लाएर खुसी व्यक्त गरिरहेका थिए । उनीहरू मन्त्रीका खुट्टा चाटिरहेका थिए ।

यो दृश्य देख्दा राजा आश्चर्यचकित भए । उनले ती कुकुरले किन त्यस्तो व्यवहार गरिरहेका छन्, त्यसको कुनै अनुमान नै लगाउन सकेनन् । आखिरमा राजाले मन्त्रीलाई बाहिर निकाल्न लगाए र सोधे- यो सब के भइरहेको छ ? यी कुकुर तिमीलाई झम्टिनुको साटो तिमीसित किन रमाएर खेलिरहेका छन् ?

मन्त्रीले जवाफ दिए- महाराज ! मैले तपाईंबाट १० दिनको अवधि मागेको थिएँ । सो अवधिको प्रत्येक क्षण मैले यिनै कुकुरको सेवामा लगाएँ । मैले हरेक दिन यिनलाई नुहाइदिने, खाना खुवाउने, उनीहरूसित खेल्ने काम गरेँ । यी कुकुर जंगली हुँदाहुँदै पनि मेरो १० दिनको सेवालाई भुलेनन् र मलाई टोक्नुको साटो मसँग रमाएर खेले । तर, मैले १० वर्षसम्म गरेको सेवा र स्वामीभक्तिलाई तपाईंले एउटा सानो गल्तीका कारण सबै भुल्नुभयो र यति भयानक सजाय दिनुभयो ।

मन्त्रीका कुराले राजाका आँखा खुले । उनलाई आफ्नो गल्तीको महसुस भयो । उनले मन्त्रीसित माफी मागे र उनलाई तत्काल सजायबाट मुक्त गरे । साथै, आगामी दिनमा यस्तो गल्ती कहिल्यै नदोहोऱ्याउने प्रण पनि गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

युवालाई खुसीको खबर

१५ जेठमा अर्थमन्त्रीले प्रस्तुत गरेको ०८२/८३ को बजेटमा युवा उद्यमी तथा व्यवसायीलाई विनाधितो २० लाखसम्म सरकारले ऋण उपलब्ध गराउने बजेट तर्जुमा भएकामा नेपाली युवाहरू खुसी हुनु स्वाभाविक हो । तर, युवा उद्यमी तथा व्यवसायीलाई १२/१३ ठाउँ धाउनु नपर्ने गरी राहत दिन सहज, सरल र सुलभ तरिकाबाट ऋण उपलब्ध गराउनु जरुरी छ । ऊर्जावान् युवा उद्योगी व्यवसायीलाई सरकारले विदेश पलायन हुनबाट रोक्न स्वदेशमै युवालाई काम पनि पढाइ पनि गर्नका लागि सहज वातावरण तयार गरिदिन सके विनाधितो कर्जा पाइने सरकारी व्यवस्थाबाट लाभ लिने लाभग्राही धेरै हुन सक्छन् । साथै, यस्तो कर्जा लिएर व्यवसाय सञ्चालन गर्ने युवा व्यवसायी पनि निकै हुन सक्छन् ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

गृहमन्त्रीको बेचैनी किन ?

यतिखेर देशमा एकातिर भिजिट भिसा चर्चामा छ भने अर्कातिर गृहमन्त्री रमेश लेखक चर्चामा छन् । गृहमन्त्रीको सचिवालसम्मै बिचौलियाहरूको पहुँच रहेकोबारे समाचार आइरहेका छन् । तैपनि, गृहमन्त्री लेखक भने कर्मचारीको बदमासी भनेर आफूलाई पानीमाथिको ओभानु देखाउने असफल प्रयास गरिरहेका छन् । अहिले फेरि उनले भिजिट भिसा प्रकरणमा अनुसन्धान गरिरहेका अख्तियारमा कार्यरत डिआइजीलाई सरुवा गर्न खोजेर अर्को चलखेल गरेका छन् । आफू बेदाग भए गृहमन्त्रीको यस्तो बेचैनी किन ?

● **मित्र कुइँकेल**
सरस्वतीनगर, काठमाडौं

समयमै सचेत बनौं

नेपालमा झन्डै दुई साताअघि नै मनसुन भित्रिएको र यस वर्ष औसतभन्दा बढी पानी पर्ने समाचार आइरहेको छ । सामान्यतः हामीकहाँ औसत पानी पर्दा पनि बाढीपहिरोका कारण जनधनको ठुल्ठुला क्षति हुने गरेको देखिन्छ । यस गत वर्षको वर्षाका कारण देशले निकै ठुलो क्षति झेल्नुपऱ्यो । यस वर्ष पनि राम्ररी मनसुन भित्रिन नपाउँदैको पानीका कारण केहीको ज्यान गइसकेको छ भने सडकलगायत पूर्वाधारमा क्षति पुगेको छ । त्यसैले, समयमै सचेत बनौं ।

● **पूर्णिमा मगर**
सामाखुसी, काठमाडौं

फैसलामा आकाश पाताल किन ?

न्यायपरिषद्को काम केवल न्यायाधीशको नियुक्ति, सरुवा या बढुवा गर्नु मात्र होइन । न्यायाधीशका आचरणगत त्रुटि र तिनले गरेका फैसलाको अध्ययन अनुसन्धान गर्ने दायित्व पनि न्यायपरिषद्लाई छ । यद्यपि, फैसला उल्ट्याउने अधिकार भने माथिल्लो अदालतलाई मात्र हुन्छ, तर विवादित फैसला हेर्ने र धेरै नै विवादित भए संलग्न न्यायाधीशलाई बर्खास्त गर्नेसम्मको अधिकार न्यायपरिषद्लाई छ ।

ठिक यस्तै किसिमको अध्यन-अनुसन्धान गर्नुपर्ने अवस्था हालैको उच्च अदालत वीरगन्जको फैसलामा भएको छ । र, त्यसका लागि न्यायपरिषद्मा उजुरीसमेत परिसकेको अवस्था छ । यसर्थ, कांग्रेसका पूर्वसांसदसमेत रहेका मोहमद अफताब आलमको हकमा हालै उच्च अदालत, वीरगन्जले गरेको फैसला छिटोभन्दा छिटो अध्ययन गरी एउटा निष्कर्षमा पुऱ्याउने काम न्यायपरिषद्को दायित्व बन्न गएको छ । आममानिसले यो फैसलालाई निकै चासोका साथ हेरिरहेका छन् । मानिसका मनमा प्रश्न उठेको छ कि किन दुई तहको अदालतको फैसलामा आकाश-पातालको अन्तर देखियो ? किन एउटाले आकाशभन्दा अर्कोले पाताल भन्ने अवस्था आयो ? यति ठुलो अन्तर र असमानतालाई आमजनताले कुन रूपमा लिने ? आमजनतामा यो संशय उत्पन्न भएको छ कि मुद्दा कांग्रेस नेताको र फैसला गर्ने दुईमध्ये एक न्यायाधीश पनि कांग्रेसकै सिफारिसमा न्यायाधीश भएका व्यक्ति परे । यस्तोमा फैसलामा कहीं यही 'नेक्सस 'ले त काम गरेको छैन ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

विश्वास गर्नलायक रहेन अमेरिका

ट्रम्प आफूअनुकूल जुनसुकै वेला सम्झौता तोड्न र नयाँ सर्त लगाउन पछि पर्दैनन् भनेर सम्झौतापक्ष मुलुकले बुझ्न जरुरी छ



देश / विदेश

● अजिज हक

डोनाल्ड ट्रम्पले २ अप्रिलमा सुरु गरेको विश्वव्यापी व्यापार युद्ध अब 'डिल' (सौदा)को चरणमा प्रवेश गरेको छ । बेलायतसँग गरिएको नयाँ सम्झौता ज्ञापनमा यस्ता 'प्रारम्भिक प्रस्ताव' छन्, जो अन्ततः 'स्वतन्त्र व्यापार सम्झौता'मा परिणत हुन सक्छन् । 'आर्ट अफ द डिल' शीर्षकको एक अनलाइन पोस्टमार्फत ह्वाइट हाउसले चीनमाथि एकतर्फी रूपमा लगाइएका भन्सार शुल्क ९० दिनका लागि स्थगित गरिएको र चीनको 'प्रतिकार' अन्त्य भएको घोषणा गऱ्यो । प्रशासनका अनुसार 'दर्जनौं' अन्य मुलुकसँग पनि वार्ता जारी छ ।

यी 'सौदा'ले अमेरिकाले नयाँ र बाध्यकारी व्यापार सम्झौता गराउन सक्ने जनाउँछन् । तर, के अमेरिका आफैं त्यस्ता प्रतिबद्धतामा विश्वसनीय रूपमा बाँधिन सक्छ ? अमेरिकाले प्रायः कानुनी व्यवस्था वा सरकारद्वारा अनुमोदित सन्धिमार्फत अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाउँछ । तर, कुनै पक्ष एकतर्फी रूपमा सन्धिबाट बाहिरिन सक्छ भने त्यो प्रतिबद्धता विश्वसनीय मानिँदैन । ट्रम्पका गतिविधि हेर्दा, उनले न कानुन न सन्धिलाई आफू बाँधिने आधार ठान्छन् । र, अमेरिकी कानुनी प्रणालीमा उनलाई समयमै वा प्रभावकारी ढंगले रोक्न सक्ने कोही देखिँदैन ।

अठार्रौं शताब्दीदेखि नै अमेरिकी कंग्रेसले कार्यपालिकालाई सटिक रूपमा परिभाषित व्यापार अधिकार सुम्पँदै आएको छ । राष्ट्रपति जर्ज वासिङ्टन, जोन एडम्स र थोमस जेफरसन सबैसँग जहाजमा नाकाबन्दी लगाउने स्पष्ट अनुमति थियो । तर, यस्तो व्यापारिक अधिकार प्रदान गर्दा कंग्रेसले सीमा पनि तोक्ने गर्छ, जसको अर्थ व्यापार साझेदारले कानुनको व्याख्या गरेर ह्वाइट हाउसबाट के अपेक्षा गर्न सकिन्छ भनेर बुझ्न सक्छन् ।

तर, ट्रम्प प्रशासनले ती कानुनी सीमालाई सीधै उल्लंघन गऱ्यो । प्रशासनले सामान्यतया सन् १९६२ को व्यापार विस्तार ऐनजस्ता व्यापारसम्बन्धी प्रयोग हुने कानुनलाई प्रायः बेवास्ता गऱ्यो । ती ऐनले भन्सार शुल्क लगाउनुअघि विस्तृत अनुसन्धान र प्रमाण पेस गर्ने प्रक्रिया अनिवार्य गर्छ । तर, राजनीतिक प्रभाव जमाउने आतुरतामा ट्रम्प प्रशासनले सन् १९७७ को अन्तर्राष्ट्रिय आपत्कालीन आर्थिक अधिकार ऐन प्रयोग गरी आफ्ना 'पारस्परिक' भन्सारलाई जायज ठहऱ्याउने प्रयास गऱ्यो ।

जसरी मैले र अन्य विश्लेषकले देखाएझैं सन् १९७७ को यो ऐनले २ अप्रिलमा लगाइएका भन्सारलाई अनुमति दिँदैन । यदि बेलायत र चीनमाथिको ती भन्सार शुल्क सुरुदेखि नै गैरकानुनी थिए भने अहिले ह्वाइट हाउसका व्यापार वार्ताकारले संघीय कानुनद्वारा आफू बाँधिएको छु भनेर विश्वसनीय रूपमा दाबी गर्न सक्दैनन् । अन्तर्राष्ट्रिय कानुनको कुरा गर्दा यसको 'गोल्ड स्ट्यान्डर्ड' अर्थात् उत्कृष्ट मानक भनेकै सन्धि हो । तर, यसमा पनि ट्रम्पले आफू बाध्य हुने कुनै संकेत दिएका छैनन् । सन् २०१८ मा उनको पहिलो प्रशासनले उत्तर अमेरिकी स्वतन्त्र व्यापार सम्झौता (नाफ्टा)मा पुनः वार्ता गर्न जोड दियो र परिणामस्वरूप बनेको अमेरिका-मेक्सिको-क्यानडा सम्झौता (युएसएमसिए)लाई कंग्रेसले सन् २०२० मा अनुमोदन गऱ्यो । तर, ट्रम्पले यस वर्ष एकपक्षीय रूपमा आफ्ना साझेदार देशमा २५ प्रतिशत कर (ट्यारिफ) लगाउँदै सो सम्झौतामै धोका दिएका छन् । उनी त क्यानडा-अमेरिका सीमा सन् १९०८ को सन्धिलाई पनि 'कृत्रिम रेखा' भन्दै 'कुनै अर्थ छैन' भन्ने टिप्पणी गर्न पुगे । यसको परिणामस्वरूप न अमेरिकी कानुनले न त सन्धिले व्यापार नीतिमा विश्वसनीय प्रतिबद्धता दर्शाउँछन् ।

अमेरिकी कानुनमा रहेको एक पुरानै अस्पष्टताले परिस्थितिलाई झनै जटिल बनाएको छ, अर्थात्



तस्बिर : रिकी क्यारिओटी/द वासिंटन पोस्ट

अन्तर्राष्ट्रिय सम्झौता वास्तवमै कति बाध्यकारी हुने भन्ने अझै स्पष्ट छैन । अमेरिकी संविधान कानुनको वर्तमान व्याख्याअनुसार, ट्रम्पले विना कुनै पूर्वसूचना न त अन्तर्राष्ट्रिय साझेदारलाई न त कांग्रेसलाई जानकारी दिएर सन्धिबाट अलग हुन सक्छन् । यसको प्रमुख उदाहरण राष्ट्रपति जिम्मी कार्टरले सन् १९७८ मा ताइवानसँग भएको सन् १९५४ को आपसी सुरक्षा सन्धि तोड्ने निर्णय हो । अमेरिकी सिनेटर ब्यारी गोल्डवाटरको नेतृत्वमा कार्टरको निर्णयविरुद्ध अदालतमा मुद्दा दायर गरियो, तर उनीहरू असफल भए । सर्वोच्च अदालतले सो मुद्दालाई प्रक्रियागत आधारमा खारेज गरिदियो ।

यो प्रतिबद्धतासम्बन्धी समस्या तब मात्र समाधान हुन सक्थ्यो जब अमेरिकी कानुनी प्रणालीमा राष्ट्रपतिलाई यथासमयमा नियन्त्रण गर्न सक्ने कुनै अन्य निकाय हुन्थ्यो । तर, अमेरिकी कंग्रेस असहाय छ । रिपब्लिकन सांसद पार्टीको प्राथमिक निर्वाचनमा चुनौती खेप्ने डरले यति आतंकित छन् कि तिनले कार्यकारी शाखामा वरिष्ठ पदका लागि स्पष्ट रूपमा अयोग्य उम्मेदवारविरुद्ध प्रतिरोध जनाएका छैनन् ।

केहीले अदालतले प्रशासनमाथि नियन्त्रण राख्न सक्छ भन्ने आशा गरेका छन् । यही साता म्यानह्याटनस्थित युएस कोर्ट अफ इन्टरनेसनल ट्रेडमा भन्सार शुल्कसम्बन्धी पहिलो कानुनी चुनौतीमा बहस भएको छ । तर, म आशावादी छैन । न्यायाधीशले कदम चाले पनि मुद्दा प्रक्रियागत रूपमा यति ढिलो हुन्छ कि ट्रम्पले अवैधानिक प्रयोग गर्न पर्याप्त स्वतन्त्रता पाउँछन् । उनको प्रशासनले अन्य मामिलामा अदालतको आदेश अवज्ञा गरिसकेको छ र विदेश नीतिसँग सम्बन्धित मुद्दामा प्रशासनको कानुनी तर्क अझ बलियो देखिन्छ ।

संक्षेपमा ट्रम्पसँग गरिएका 'शोधभर्ना' सम्झौता न विश्वसनीय छन्, न टिकाउ । सम्झौतापक्ष मुलुकले यो बुझ्न जरुरी छ कि ट्रम्प आफूअनुकूल जुनसुकै वेला सम्झौता तोड्न र नयाँ सर्त लगाउन पछि पर्दैनन् । बेलायतका प्रधानमन्त्री किएर स्टार्मरजस्ता कमजोर नेताले अस्थायी व्यापारिक राहतको आशामा सम्झौतामा लालायित हुन सक्छन्, तर त्यो भ्रम मात्र हुनेछ । ट्रम्पले प्रयोग गरेका व्यापार युद्धका संयन्त्रले शान्ति स्थापनालाई झन् कठिन बनाएका छन् ।

(हक सिकागो विश्वविद्यालयका कानुनका प्राध्यापक हुन् र समाजशास्त्र विभागका सहप्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com


बंगलादेशमा किन बढिरहेछ भारतविरोधी भावना ?

भारतविरोधी भावनालाई केवल शत्रुता वा अनावश्यक आक्रोशका रूपमा व्याख्या गर्नु गलत हुनेछ



● अशोक स्वाइन

अशोक स्वाइन स्विडेनको उप्साला विश्वविद्यालयका 'शान्ति र द्वन्द्व अनुसन्धान' विषयका प्राध्यापक हुन्



सन् १९७१ मा बंगलादेशको जन्ममा भारतको भूमिका अभूतपूर्व थियो । नरसंहारबाट भागेका करिब एक करोड शरणार्थीलाई आश्रय दिनेदेखि लिएर पाकिस्तानको सैन्य शासनलाई घुँडा टेकाउने निर्णायक युद्धमा संलग्न हुनेसम्म सार्वभौम बंगलादेशको उदयमा भारतको योगदान महत्त्वपूर्ण थियो । स्वतन्त्रता संग्राममा देखिएको यो एकताको विरासतलाई कुनै समय दुवै देशले अपार गौरवका रूपमा लिन्थे । तर, सहकार्यको यो गहिरो र पीडादायी इतिहासका बाबजुद बंगलादेशमा भारतविरोधी भावना निरन्तर बढ्दै गएको छ । र, पछिल्ला वर्षहरूमा भारतविरोधी भावना अझ स्पष्ट र तिखर बनेको छ ।

आखिर, जुन देशको निर्माणमा भारतीय रगत र हतियार प्रयोग भएको छ, उही अहिले सोही सघाउने देशलाई किन शंकाको नजरले हेर्ने गर्छ । र, समाजका धेरै तप्कामा किन भारतप्रति आक्रोश र क्रोध छ ? यो भावनालाई केवल शत्रुता वा अनावश्यक आक्रोशका रूपमा व्याख्या गरेर मात्र पुग्दैन । वास्तविकता थप जटिल छ । यस भावनालाई वर्षौंको राजनीतिक गतिशीलता, कथित आर्थिक असन्तुलन र पूरा नगरिएका अपेक्षाले आकार दिएको छ । तथापि, यो भारत वा भारतीयप्रतिको शत्रुताबाट प्रेरित छ भन्न होइन । बरु, यो द्विपक्षीय सम्बन्धमा समान व्यवहार, पारस्परिक सम्मान र बढी स्वायत्तताको चाहनाबाट उत्पन्न भएको भन्न सकिन्छ ।

धेरै बंगलादेशीले भारतलाई सहयोगी साझेदारका रूपमा नभएर असमान महसुस हुने सम्बन्धको अहंकारी पक्षका रूपमा हेर्छन् । र, जब असमान सम्बन्धमा हस्तक्षेप भएको महसुस हुन्छ, धक्का प्रायः अपरिहार्य हुन्छ । भारत-बंगलादेशबिचको तनावको सबैभन्दा ठुलो स्रोतमध्ये एक बसाइँसराइ रहने गरेको छ । सन् १९७१ मा हिंसाबाट भागेका बंगलादेशीका लागि आफ्नो सिमाना खोल्ने भारतको निर्णय एक मानवीय कार्य थियो । तर, यसले एक स्थायी छाप छाड्यो । हालैका वर्षहरूमा समेत भारतीय राजनीतिक बहस त्यसमा पनि विशेष त आसाम र पश्चिम बंगाल राज्यमा बंगलादेशी नागरिकको प्रवेशको कथ्य बढी नकारात्मक रूपमा प्रस्तुत हुने गरेको छ । भारतका केही हिन्दुवादी राजनीतिज्ञ तथा मिडियाहरूले ती राज्यमा कागजात नभएका आप्रवासीबारे चर्चा गर्दा बंगलादेशीलाई छिमेकीका रूपमा नभएर सुरक्षा चिन्ताका रूपमा देखाउँछन् । यी धारणा भारतभित्र बहस भए पनि तिनलाई पारिका मानिसले पनि हेरिरहेका हुन्छन् ।

सीमा क्षेत्रका तनावले पनि सम्बन्धमा असहजता विकास गर्न योगदान पुऱ्याएको छ । बल प्रयोगलाई सकेसम्म कम गर्न द्विपक्षीय प्रतिबद्धता नभएका होइनन् तैपनि सीमामा बंगलादेशी नागरिक मारिने घटना भइरहेका छन् । तस्करी वा सिमाना वारपार गर्ने विषयबाट सुरु हुने विवादले गहिरो टकराव र अविश्वास विकास गर्ने गर्छ । यी घटनाले धेरै बंगलादेशीको मनमा भारतले आफूहरूलाई हेप्ने गरेको विश्वास बलियो बनाउन भूमिका खेलेका छन् । पानी बाँडफाँट विवादले यस भावनालाई थप बढाउने गर्छ । बंगलादेश एउटा डेल्टा (नदीले बनाएको) राष्ट्र हो, जसको अर्थतन्त्र र पारिस्थिति भारतबाट हुँदै बहने नदीको प्रवाहसँगै गहिरो गाँसिएको छ । दशकौंदेखि, बंगलादेशले टिस्टा नदीमाथि न्यायोचित हिस्सा दिन आग्रह गर्दै आएको छ, तर यसलाई अस्वीकार गरिएको छ । तर, यसमा दिल्लीभन्दा कोलकाताबाट बढी राजनीतिक गतिरोध देखिने गरेको छ ।

सन् १९७५ देखि सञ्चालनमा रहेको फरक्का ब्यारेज नदीको माथिल्लो भागमा रहेको देश (भारत)ले लिएको एकतर्फी निर्णयको तीतो अनुभव बंगलादेशीले गरेका छन् । ब्यारेजले तल्लो भेगको बंगलादेशी कृषि भूमिलाई नकारात्मक प्रभाव पार्छ । शेख हसिनाको

> आसाम र पश्चिम बंगालमा बंगलादेशी नागरिकको प्रवेशको कथ्य बढी नकारात्मक रूपमा प्रस्तुत हुने गरेको छ । भारतका केही हिन्दुवादी राजनीतिज्ञ र मिडियाले ती राज्यमा कागजात नभएका आप्रवासीबारे चर्चा गर्दा बंगलादेशीलाई छिमेकीका रूपमा नभएर सुरक्षा चिन्ताका रूपमा चर्चा गर्छन् । यी धारणा भारतभित्र बहस भए पनि तिनलाई पारिका मानिसले पनि चनाखो भएर हेरिरहेका हुन्छन् ।

पहिलो कार्यकालमा सन् १९९६ मा गंगाको पानी बाँडफाँटसम्बन्धी सन्धिमा हस्ताक्षर भएको थियो । धेरै बंगलादेशीले भारतलाई नदी बेचेको अर्थमा लिने यो सन्धिको समयसीमा अर्को वर्ष समाप्त हुँदै छ । नयाँ सन्धि नभएमा प्रत्येक सुक्खा मौसममा बंगलादेशीमाझ फेरि पनि भारतले बंगलादेशलाई घाटा हुने गरी आफ्नो आवश्यकतालाई मात्र प्राथमिकता दिन्छ भन्ने भावना बढ्नेछ । यस सन्दर्भमा पानी केवल प्राकृतिक स्रोत मात्र होइन, यो शक्ति र सम्मानको ब्यारोमिटर पनि हो ।

बंगलादेश र भारतबिचको आर्थिक सम्बन्ध बढेको छ, तर त्यसलाई पनि असमान भएको मानिन्छ । भारत बंगलादेशको दोस्रो ठुलो व्यापारिक साझेदार बनेको छ र दुई देशबिच व्यापार असन्तुलन उल्लेखनीय छ । आर्थिक वर्ष २०२३-२४ मा बंगलादेशले भारतमा लगभग तीन अर्ब डलरको सामान निर्यात गरेको थियो, जबकि सोही अवधिमा उसले १३ अर्ब डलरभन्दा बढी सामान भारतबाट आयात गऱ्यो । व्यापार सहकार्य बढाउने प्रयास गरिएका छन् । तथापि, धेरै बंगलादेशी व्यवसायीका अनुसार भन्सार र गैरभन्सार अवरोधले भारतीय बजारमा स्वच्छ पहुँच कठिन छ । जबकि, भारतीय सामान भने बंगलादेशमा सर्वत्र उपलब्ध छन् । यो असमानताले आर्थिक सम्बन्ध सहयोगपूर्ण नभएको धारणालाई बढावा दिन्छ । भारतले तयारी पोसाकसहित बंगलादेशी निर्यातको 'ट्रान्सिपमेन्ट' सुविधा अचानक फिर्ता लिएपछि द्विपक्षीय सम्बन्धमा थप तनाव आयो । यस सुविधाले बंगलादेशी निर्यात कार्गोलाई भारतीय स्थल भन्सार स्टेसन प्रयोग गरेर तेस्रो देशमा ढुवानी गर्न अनुमति दिन्थ्यो ।

द्विपक्षीय सम्बन्धको राजनीतिक आयामले पनि जनभावनालाई आकार दिएको छ । एक दशकभन्दा बढी समयदेखि भारतको मोदी सरकारले शेख हसिनाको नेतृत्वमा रहेको अवामी लिग सरकारसँग घनिष्ठ सम्बन्ध कायम राख्यो । यो बंगलादेशका लोकतान्त्रिक संस्थाले निरन्तर धक्का खाएको समय थियो । गैरन्यायिक गतिविधि, मिडियामाथिका प्रतिबन्ध र विवादित चुनावका घटना घरेलु र अन्तर्राष्ट्रिय रूपमा आलोचनाका विषय बनेका थिए । यी घटनाक्रमबिच पनि भारतीय जनता पार्टी (भाजपा) सरकारले हसिना सरकारलाई निरन्तर समर्थन गर्दा धेरै बंगलादेशीमा नयाँदिल्लीले लोकतान्त्रिक जवाफदेहिताभन्दा राजनीतिक स्थिरतालाई विशेषाधिकार दिएको भान पऱ्यो । विद्यार्थी नेतृत्वमा भएको आन्दोलनपछि अगस्ट २०२४ मा हसिना भाग्न बाध्य भइन् । हसिनाको अन्तिम बर्खास्तगीलाई कतिपय बंगलादेशीले राजनीतिक संक्रमणका रूपमा मात्र नभई घरेलु मामिलामा भारतीय प्रभावको अस्वीकृतिका रूपमा पनि हेरेका छन् ।

सत्ताच्युत भएपछि भारतमा शरण लिने हसिनाको निर्णय र उनलाई स्विकार्ने भाजपा सरकारको तत्परताले त्यहाँको सार्वजनिक धारणामा थप अविश्वास बढाएको छ । भारतको कदमलाई कूटनीतिक रूपमा बुझ्न सकिन्छ । तर, बंगलादेशभित्र भने हसिनालाई शरण दिने नयाँदिल्लीको कदमलाई उसको आन्तरिक मामिलामा भारतको हस्तक्षेपको थप प्रमाणका रूपमा व्याख्या भइरहेको छ । हसिनाको बहिर्गमनपछि हुने गरेका प्रदर्शनमा भारतविरोधी नारा समावेश हुनुले यही गैरहस्तक्षेपको व्यापक चिन्ता प्रतिबिम्बित गर्छ ।

भूराजनीतिक परिवर्तनले द्विपक्षीय समीकरणमा जटिलता थपेको छ । हाल अन्तरिम सरकारको नेतृत्व गरिरहेका नोबेल पुरस्कार विजेता मुहम्मद युनुसले मार्चको अन्त्यमा बेइजिङको भ्रमण गरे । भ्रमणमा उनले बंगलादेशलाई भारतका उत्तरपूर्वी राज्यहरूको समुद्री प्रवेशद्वार भएको बताए । युनुसले खासमा क्षेत्रीय एकीकरणबारे बंगलादेशसँग रणनीतिक अवसर रहेको जोड दिन त्यो कथन भनेका थिए । तर, भारतीय संस्थापनले यसलाई शंकाको नजरमा हेऱ्यो (विशेषत भारत र चीनबिच बढ्दो क्षेत्रीय प्रतिस्पर्धाले यसलाई बढावा दियो) । प्रतिक्रियामा, भाजपा नेतृत्वको केन्द्र सरकारले प्रतिशोधात्मक रूपमा भारतीय बन्दरगाहमार्फत बंगलादेशको कार्गो ट्रान्सिपमेन्ट विशेषाधिकारसमेत खारेज गऱ्यो । यस कदमपछि बंगलादेशमा भारतले राजनीतिक असन्तुष्टि व्यक्त गर्न आर्थिक उपकरण प्रयोग गरिरहेको धारणालाई बढावा दिएको छ ।

धार्मिक पहिचानको राजनीतिले पनि सीमापार धारणालाई प्रभाव पारेको छ । भाजपाको आगमनपछि हिन्दु राष्ट्रवादी नीतितर्फ भारतभित्र भइरहेका परिवर्तनमाथि बंगलादेशीले ध्यान दिइरहेका छन् । सन् १९९२ मा बाबरी मस्जिदको विनाश, एक दशकपछि गुजरात दंगा, गाई हत्याको आशंकामा गरिएका 'लिन्चिङ' र 'अखंड भारत'को बयानबाजीजस्ता घटना बंगलादेशमा व्यापक प्रचार भएका छन् । यसले भारत मुस्लिमप्रति बढ्दो रूपमा असहिष्णु छ भन्ने छाप विकास भएको छ । यस धारणाले बंगलादेशभित्रै इस्लामिक राजनीतिको उदयलाई सघाउ पुऱ्याएको छ । उनीहरूले आफूलाई मुस्लिम पहिचानको रक्षकका रूपमा अघि सार्ने गरेका छन् ।

यता भारतीय मिडियाले यही राजनीतिलाई देखाउँदै बंगलादेश इस्लामिक अतिवादको केन्द्र बन्दै गएको चित्रण गर्न थालेका छन् । दुवै पक्षले अर्कोलाई राक्षसीकरण गर्ने र डर बढावा दिने काम गरिरहेका छन् । यसले पारस्परिक शत्रुता विकास गर्ने कुचक्र सिर्जना गरेको छ । बंगलादेशका युवामाझ विशेष रूपमा भारतसँगको असमान सम्बन्ध, हस्तक्षेपकारी भूमिका र प्रतिरोधको कथ्यले द्रुत प्रचार पाइरहेको छ । तिनका लागि भारतप्रति आशंका वैचारिकभन्दा पनि अनुभावात्मक देखिन्छ । यति सबै भनिसकेपछि बंगलादेशमा भारतप्रति नकारात्मक धारणा छ भन्नु पनि गलत हुन्छ ।

दुई देशबिच सांस्कृतिक सम्बन्ध अझै बलियो छ । प्रविधि, शिक्षा र आर्थिक क्षेत्रमा भारतले हासिल गरेको उपलब्धिको धेरै प्रशंसा हुने गर्छ । बलिउड फिल्म र क्रिकेटले जनता-जनता सम्बन्धलाई बढावा दिन जारी राखेका छन् । ऐतिहासिक सम्बन्ध बिर्सिएको छैन । धेरै बंगलादेशीले सन् १९७१ को साझा इतिहासलाई महत्त्व दिन्छन् । तर, प्रशंसा स्वतः मित्रवत् सम्बन्धमा परिणत हुँदैन । बंगलादेशीले खोजिरहेको कुरा समानता र पारस्परिक सम्मानमा आधारित सम्बन्ध हो । भारत र बंगलादेशबिचको सम्बन्ध स्वतन्त्रता र न्यायका लागि सामूहिक संघर्षबाट जन्मिएको थियो । त्यो विरासतले गर्व र जिम्मेवारी दुवै निम्त्याएको छ । वर्तमान निराशालाई विकासोन्मुख सम्बन्धको हिस्सा ठानेर यसलाई शत्रुतामा परिणत हुन रोक्न सकियो भने सम्बन्ध नवीकरणको बाटो भेटिनेछ । बंगलादेशमा परिवर्तन माग गर्नेहरूले भारतलाई अस्वीकार गरिरहेका छैनन् । तिनले द्रुत गतिमा परिवर्तन भइरहेको संसारमा आफ्नो देशको सार्वभौमिकता र मर्यादा पुनः प्राप्त गर्न चाहेका मात्र हुन् ।

-द स्क्रोलबाट

गाजाको मानवीय अवस्था अहिलेसम्मकै गम्भीर

गाजाको अवस्था युद्ध सुरु भएपछि अहिलेसम्मकै गम्भीर अवस्थामा छ । संयुक्त राष्ट्रसंघअन्तर्गतको मानवीय सहायता समन्वय कार्यालयले गाजा संकटप्रति सरोकारवालाहरूले ध्यान दिनुपर्ने बताउँदै विश्व समुदायको ध्यानाकर्षण गरेको छ ।उक्त जानकारी दिएको हो । निरन्तर बम आक्रमण, कुपोषण, ठुलो संख्यामा जनताको विस्थापन र सार्वजनिक सुरक्षाको अभावका कारण अहिलेको परिस्थिति अति संकटपूर्ण भएको बताइएको छ ।

कार्यालयका अनुसार चार दिनपछि पहिलोपटक संयुक्त राष्ट्रसंघ तथा यसका साझेदार संस्थाहरूले पठाएका पाँचवटा राहत सामग्री बोकेका सवारीसाधन गाजामा प्रवेश गर्न सफल भए । तर, केरम सालोम भनिने नाकाआसपास द्वन्द्वका कारण अन्य ६० वटा सवारीसाधनले सामग्री लिएर फर्कनुपऱ्यो । पाँच सवारीसाधनले ल्याएका औषधिजन्य सामग्री डेइर अल-बलाहको एक अस्पतालका लागि थिए, तर दुःखद रूपमा तीमध्ये धेरै सामग्री लुटिएको जनाइएको छ । राष्ट्रसंघका महासचिवका प्रवक्ताका अनुसार नाकाको वरपर विशेष गरी 'नो म्यान्स ल्यान्ड' भन्ने क्षेत्रमा हतियारधारी समूहको गतिविधि बढ्दो रहेको छ, जसले गर्दा अवस्था अझ जटिल बनेको छ ।

झन्डै ८० दिनदेखि आपूर्ति पूर्ण रूपमा बन्द गरिएकाले गाजामा जनताको आवश्यकता निकै बढेको छ । हाल सीमित मात्रामा गाजामा प्रवेश गरिरहेको सामग्री अत्यन्तै न्यून छ, जसले करिब २१ लाख जनताको आधारभूत आवश्यकता पूरा गर्न सक्दैन । राष्ट्रसंघ र यसका साझेदार संस्थाहरूले विभिन्न कठिनाइका बाबजुद गाजामा रहेका जनतालाई आवश्यक सहयोग पुऱ्याउने प्रयास गरिरहेका छन् । तथापि, गाजाभित्र लगिने सामग्रीको मात्रा र प्रकारमा लगाइएको प्रतिबन्धका कारण यो कार्य अझ कठिन भइरहेको छ ।



अन्तिम अस्पताल पनि बन्द

गाजाको अन्तिम आंशिक रूपमा सञ्चालनमा रहेको 'अल-आवदा' नामक अस्पतालमा पटक-पटक आक्रमण भएपछि बिहीबारदेखि बन्द गरिएको छ । त्यस्तै, दक्षिण गाजाको डेइर अल-बलाह, अल-बुरेइज र अन-नुसेरात क्षेत्रमा पनि आक्रमण जारी छ । युद्धका कारण एउटा पत्रकारको घरमा भएको आक्रमणमा उनका नौजना परिवारका सदस्यको मृत्यु भएको र अन्य १५ जना घाइते भएको बताइएको छ । साथै, एक अन्तर्राष्ट्रिय सहायता संस्थामा कार्यरत पाँचजना कर्मचारी मारिएका छन् भने दुईजना घाइते भएका छन् । मानवीय कार्यालयले आमनागरिक र सहायताकर्मीको सुरक्षाको सुनिश्चितता हुनु आवश्यक रहेकोमा जोड दिएको छ ।

● खाद्यान्न अभाव र लुटपाट

गाजामा पछिल्ला दुई सातामा झन्डै दुई लाख नागरिक पुनः विस्थापित भएका छन् । इजरायली प्रशासनले हालै करिब ३० प्रतिशत क्षेत्रलाई खाली गर्न निर्देशन दिएको बताइएको छ । यद्यपि, धेरै मानिस खाद्यान्न र अन्य अत्यावश्यक वस्तुको खोजीमा स्थान परिवर्तन गरिरहेका छन् । संयुक्त राष्ट्रसंघका अनुसार केही क्षेत्रमा राहतका रूपमा आपत्कालीन वासस्थलमा निर्माण सामग्री वितरण गरिएको छ । तर, सार्वजनिक सुरक्षा कमजोर बन्दै गएको र लुटपाटका घटना बढेको पाइएको छ । डेइर अल-बलाहस्थित एउटा अस्पतालमा केही सशस्त्र समूहले प्रवेश गरी बालबालिकाको पोषणका लागि राखिएका औषधि र उपकरण लुटेका छन् ।

> झन्डै ८० दिनदेखि आपूर्ति पूर्ण रूपमा बन्द भएकाले गाजामा भोकमरीको जोखिम बढेको छ । सीमित मात्रामा गाजामा प्रवेश गरिरहेको सामग्रीले करिब २१ लाख मानिसको आधारभूत आवश्यकता पूरा गर्न सक्दैन ।

संयुक्त राष्ट्रसंघले इजरायललाई गाजामा सार्वजनिक सुरक्षाको सुनिश्चितता गर्ने जिम्मेवारी बहन गर्न आग्रह गर्दै शान्तिपूर्ण र कानुनी तरिकाले अपराध रोक्न आवश्यक रहेको जनाएको छ । साथै, पर्याप्त राहत सामग्री, खाद्यान्न तथा आवश्यक वस्तुहरू गाजामा पुऱ्याउन नाकाहरू खोल्न आवश्यक भएको जनाएको छ ।

● पश्चिम किनारमा पनि हिंसा र निषेध

पश्चिम किनारमा इजरायली बसोवासकर्ताको हिंसा बढ्दै गएको संयुक्त राष्ट्रसंघले जनाएको छ । पछिल्ला केही महिनामा करिब दुई सय २० जनाभन्दा बढी स्थानीय बासिन्दा घाइते भएका छन् । साथै, एक समुदायलाई चौथोपटक बस्ती हटाउन बाध्य बनाइएको छ । सल्फित क्षेत्रमा इजरायली सुरक्षाकर्मीले लगाएको आवागमन नियन्त्रणका कारण करिब ९० हजार मानिसलाई स्वास्थ्य, शिक्षा र जीविकोपार्जनमा गम्भीर असर परेको जनाइएको छ । त्यस क्षेत्रका बासिन्दालाई लामो बाटो हिँड्नुपर्ने, यात्रा खर्च बढेको र दैनिक जीवनमा कठिनाइ भएको जनाइएको छ । संयुक्त राष्ट्रसंघले आमनागरिकका आधारभूत आवश्यकता सुरक्षित र अवरोधरहित रूपमा उपलब्ध गराउन सबै पक्षले सहयोग गर्नुपर्नेमा जोड दिएको छ ।

● अनिकालको जोखिममा गाजावासी

राष्ट्रसंघले प्यालेस्टिनी सम्पूर्ण जनसंख्या अहिले अनिकालको जोखिममा रहेको चेतावनी दिँदै गाजा 'पृथ्वीको सबैभन्दा भोकमरी भएको ठाउँ' बनेको जनाएको छ । करिब २० महिनादेखि जारी युद्ध अन्त्यका लागि भएको वार्तालेअहिलेसम्म कुनै सफलता हासिल गर्न सकेको छैन र इजरायलले मार्चमा गाजामा पुनः सैन्य कारबाही सुरु गरेको छ । संयुक्त राष्ट्रसंघीय मानवीय संस्था ओसीएचएका प्रवक्ता जेन्स लार्केले भने, 'गाजा पृथ्वीको सबैभन्दा भोकमरी भएको स्थान हो ।'

इजरायली अधिकारीहरूको दाबीलाई अस्वीकार गर्दै उनले भने, 'यो एक देश वा देश भित्रको परिभाषित क्षेत्र जहाँको सम्पूर्ण जनसंख्या अनिकालको जोखिममा छ अर्थात् शत प्रतिशत जनसंख्या अनिकालको जोखिममा छ ।' जेनेभामा आयोजित पत्रकार सम्मेलनमा लार्केले गाजा पट्टीमा मानवीय सहायता पुऱ्याउन संयुक्त राष्ट्रसंघले सामना गर्नुपरेको कठिनाइबारे पनि उल्लेख गरे ।

इजरायलले मार्च २ मा प्यालेस्टाइनी भूमिमा लगाइएको पूर्ण सहायता नाकाबन्दीलाई हालैका दिनहरूमा आंशिक रूपमा खुकुलो बनाएको छ जसका कारण खाद्यान्न र औषधिको गम्भीर अभाव कम भएको छ ।

-एजेन्सी

इतिहासमा आज

जुन १



सन् २०१७ : तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका पेरिस जलवायु सम्झौताबाट बाहिरिएको घोषणा गरे ।

सन् १२१५ : झन्डै दश लाख जनसंख्या रहेको तत्कालीन पेकिङ (हाल बेइजिङ) सहरलाई जंगेज खानको मंगोल फौजले एक महिनासम्म कब्जामा लिएर लुटपाट मच्चाए ।

सन् १६४९ : रुसी जार (राजा) एलेक्सिसले मस्कोमा रहेका इंग्ल्यान्डका व्यापारीलाई सहर छाडेर जान निर्देशन दिए ।

सन् १७९६ : बेलायतको अन्तिम फौजले अमेरिकी उपनिवेश छाड्यो ।

सन् १९३५ : बेलायतबाट सावरीसाधनमा अनिवार्य लाइसेन्स प्लेट राख्नुपर्ने र चालकले सवारी परीक्षणमा सहभागी हुनुपर्ने व्यवस्था सुरु ।

सन् १९६२ : दोस्रो विश्वयुद्धमा यहुदी नरसंहारको आरोपमा पूर्वनाजी अधिकारी एडोल्फ एचम्यानलाई नवगठित यहुदी बहुल मुलुक इजरायलले मृत्यदण्ड दियो ।

सन् १९६४ : केन्या गणतन्त्र घोषणा भयो र देशलाई स्वतन्त्र बनाउन नेतृत्व गरेका जोमो केन्याटा पहिलो राष्ट्रपति चुनिए ।

सन् १९७४ : अरब देशका तेल मन्त्रीहरूले अमेरिकालाई लगाइरहेको तेल निर्यात प्रतिबन्ध फुकुवा गरे । एक वर्षअघि इजरायल र छिमेकी अरब मुलुकबिच भएको युद्धमा इजरायललाई सघाउने पश्चिमी मुलुकलाई तेल निर्यात प्रतिबन्ध लगाइएको थियो ।

सन् १९९८ : युरोपेली संघको मौद्रिक नीति बनाउने र कार्यान्वयन गर्ने जिम्मेवारीसहित ब्रसेल्समा युरोपेली केन्द्रीय बैंकको गठन भयो ।

सन् २०२२ : टर्कीले संयुक्त राष्ट्रसंघमा उसको औपचारिक नाम टर्कीएमा बदल्यो ।

विश्व संक्षेप

पत्रकारमाथि निर्मम कुटपिटको छानबिन गर्न माग

नयाँदिल्ली / भ्रष्टाचारको रिपोर्टिङ गर्ने क्रममा एक पत्रकारलाई बाँधेर, कुटपिट गरेको र गाउँभरि घुमाइएको निर्मम आक्रमणको अनुसन्धान गर्न भारतको मानव अधिकार निकायले प्रहरीसमक्ष माग गरेको छ । गत मे २५ मा पूर्वीराज्य उडिसामा एक आवास योजनाको रिपोर्टिङ गर्न गएका पत्रकार विजय प्रधानलाई कुटपिट गरिएको भिडियो फुटेज सामाजिक सञ्जालमा भाइरल भएको थियो । 'प्रधानलाई अचानक आक्रमण भएको छ । पीडितको खुट्टा र हात बाँधिएको थियो र उनलाई पोलमा बाँधेर निर्दयतापूर्वक कुटपिट गर्नुअघि गाउँभरि घुमाइएको थियो,' राष्ट्रिय मानव अधिकार आयोगले शुक्रबार भनेको छ । आयोगले उडिसाको प्रहरीलाई दुई हप्ताभित्र प्रतिवेदन उपलब्ध गराउन माग गरेको छ । 'पीडितको मोबाइल फोन र भिडियो क्यामरासमेत आक्रमणकारीले तोडफोड गरेका छन् र घटनाबारे केही पनि जानकारी नगराउने चेतावनी दिइएको छ,' आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

'एसियामा सैन्य बल प्रयोग गर्दै छ चीन'

वासिंगटन डिसी / अमेरिकी रक्षामन्त्री पिट हेगसेथले एसियामा शक्ति सन्तुलन बिगार्न चीनले सैन्य बल प्रयोग गर्ने तयारी गरिरहेको चेतावनी दिँदै अमेरिका हिन्द-प्रशान्त क्षेत्रमा रहिरहन तयार रहेको बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले व्यापार, प्रविधि र विश्वका रणनीतिक कुनाहरूमा प्रभावका विषयमा बेइजिङसँग छलफल गरिरहेका बेला अमेरिकी रक्षामन्त्रीले सिंगापुरमा आयोजित वार्षिक सुरक्षा मञ्चमा उक्त टिप्पणी गरेका हुन् । जनवरीमा पदभार ग्रहण गरेदेखि ट्रम्पले चीनसँग व्यापार युद्ध सुरु गर्नेदेखि बेइजिङसँग क्षेत्रीय मुद्दामा विवादमा रहेका फिलिपिन्सजस्ता सहयोगीसँग सुरक्षा सम्बन्धलाई गहिरो बनाएका छन् ।

स्टिल र आल्मुनियममा कर वृद्धिको तयारी

न्युयोर्क / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्टिल र आल्मुनियमको आयातमा आगामी हप्तादेखि ५० प्रतिशतसम्म कर वृद्धि गर्ने घोषणा गरेका छन् । पेन्सिलभेनियास्थित अमेरिकी स्टिल प्लान्टका कर्मचारी तथा श्रमिकलाई सम्बोधन गर्दै उनले भने, 'हामी यसलाई २५ प्रतिशतबाट ५० प्रतिशत बनाउन गइरहेका छौं ।' राष्ट्रपति ट्रम्पले आफ्नै लगानीको सामाजिक सञ्जाल ट्रुथ सोसलको पोस्टमा लखेका छन्, 'जुन ४ देखि लागू हुने गरी नयाँ करसहित आल्मुनियममा पनि उच्चदर लागू हुनेछ ।'

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १८ जेठ ०८२

निजी क्षेत्रको विद्युत् खरिदमा अंकुश लगाइँदै

सरकारले बजेटबाटै भन्यो, 'नदी प्रवाहमा आधारित परियोजनाको विद्युत् चाहिए मात्रै किन्छौं' | निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिन पनि आनाकानी, १७ हजार मेगावाटका परियोजना प्रभावित


मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले नदी प्रवाहमा आधारित (आरओआर) जलविद्युत् परियोजनाको विद्युत् चाहिएका वेलामा मात्रै किन्ने नीति ल्याएको छ। आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटमार्फत सरकारले आरओआर परियोजनासँग 'टेक एन्ड पे' (लेऊ र तिर) मोडेलमा विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्ने नीति ल्याएको हो। 'विद्युत् उत्पादन र खपतबिच सन्तुलन कायम हुने गरी विद्युत् खरिद सम्झौता गर्ने नीति लिइनेछ। रन अफ रिभर आयोजनाको टेक एन्ड पे अवधारणाअनुरूप विद्युत् खरिद सम्झौता गरिनेछ,' बजेटको बुँदा नम्बर २२७ मा भनिएको छ।

जबकि, सरकार आफैंले 'निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण' अर्थात् बुट मोडेलमा जलविद्युत् परियोजनालाई लाइसेन्स दिन्छ। तर, विद्युत् किन्ने मामिलामा भने सरकारले नै अंकुश लगाउन खोजेको देखिएको छ। प्राधिकरणले नकिनेको अवस्थामा परियोजनासँग विद्युत् बिक्री गर्न अर्को विकल्प नै छैन।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले यस्तो नीति आउँदा अचम्ममा परेको बताए। 'सरकारले आफैं ०३५ सम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। आफैं विद्युत् उत्पादन रोक्न खोजेको छ। हामीले विद्युत् बिक्री गर्न पाउने एक मात्रै ठाउँ प्राधिकरण हो। अब प्राधिकरणले टेक एन्ड पेमा पिपिए गरेपछि उसले विद्युत् नकिनेको अवस्थामा कहाँ गएर बिक्री गर्ने ?' उनले भने, 'हामी आफैंले पनि स्वदेशी तथा विदेशी ग्राहक खोजेर बिक्री गर्न सक्छौं। तर, त्यसका लागि पनि हामीलाई कानुनी अधिकार छैन। तसर्थ, यो नीति लागू गर्न हुँदैन।'

यो नीति जलविद्युत् परियोजनाको निर्माण नै रोकिने उनको भनाइ छ। 'बैंकले टेक अर पे मोडेलमा गरिएको पिपिएका आधारमा मात्रै ऋण दिन्छ। टेक एन्ड पे मोडेलको पिपिएमा बैंकले कर्जा प्रवाह नै गर्दैन। किनकि, यसअन्तर्गत बजार सुनिश्चित हुँदैन,' उनले भने, 'त्यो अवस्थामा बैंकले कर्जा पनि दिँदैनन्। त्यसपछि आयोजनाको निर्माण नै रोकिन्छ।'



६६ अर्ब २२ करोड लगानी डुब्ने जोखिम

सरकारको यो नीतिले निजी क्षेत्रका १७ हजार एक सय १७ मेगावाटका झन्डै तीन सयवटा नदी प्रवाहमा आधारित आयोजना प्रभावित हुने भएका छन्। इप्पानबाट प्राप्त तथ्यांकअनुसार विद्युत् विकास विभागबाट उत्पादन लाइसेन्स लिएका दुई हजार ७८ मेगावाटका परियोजनाको पिपिए हुन बाँकी छ। यसैगरी, निजी क्षेत्रका ६ हजार चार सय ३६ मेगावाटका ६४ आयोजनाले सर्भेको काम सकेर निर्माणका लागि विद्युत् विकास विभागमा आवेदन दिएका छन्, उनीहरूको पनि पिपिए हुन बाँकी छ। यसैगरी, पाँच हजार ७९ मेगावाटका एक सय १९ वटा परियोजनाले सर्भे लाइसेन्स लिएका छन्। यसैगरी तीन हजार पाँच सय २१ मेगावाटका एक सय २१ परियोजनाले सर्भेका लागि विभागमा आवेदन दिएका छन्। उनीहरूको पनि पिपिए हुन बाँकी छ। यसरी आरओआरतर्फ निर्माणको प्रक्रियामा गएकामध्ये १७ हजार एक सय १७ मेगावाटका परियोजनाको पिपिए हुन बाँकी छ। त्यसमा सम्बन्धित प्रवर्द्धकहरूले ६६ अर्ब २२ करोड १४ लाख ८२ हजार रुपैयाँ खर्च नै भइसकेको छ। यसको सम्भावित लागत भने ३४ खर्ब २३ अर्ब ४० करोड रुपैयाँ रहेको छ। इप्पानका अध्यक्ष गणेश कार्कीले सरकारको नीतिका कारण यति धेरै परियोजनाको भविष्य अन्योलमा परेको बताए।

यस्ता आयोजनासँग 'टेक अर पे' (लेऊ वा तिर) मोडेलमा पिपिए गर्दै आइएको थियो। अर्थात्, पिपिए गरेपछि प्राधिकरणले परियोजनाको विद्युत् खरिद गर्नैपर्छ। खरिद गर्न नसके त्यसबापतको क्षतिपूर्ति दिनुपर्छ। विद्युत् बिक्री गर्न अर्को बजार नभएको अवस्थामा यो मोडेल ठिक मानिन्छ। यसले जलविद्युत् आयोजनाको बजार सुनिश्चितसँगै ऊर्जा क्षेत्रमा लगानी आकर्षण पनि भएको थियो।

अहिले सरकारले 'टेक एन्ड पे'मा पिपिए गर्ने भएपछि जलविद्युत् आयोजनाको बजार पनि सुनिश्चित नहुने देखिन्छ। प्राधिकरणले आफूलाई चाहिएका वेला मात्रै त्यस्ता आयोजनाको विद्युत् खरिद गर्न सक्नेछ। अहिलेजस्तो आयोजनाको विद्युत् खरिद गर्नैपर्ने बाध्यता भने हुनेछैन।

यो नीतिले जलाशययुक्त र अर्धजलाशययुक्त आयोजना निर्माणमा जोडसँगै प्राधिकरणलाई कम आर्थिक जोखिम र बजार व्यवस्थापन हुने भए तापनि विद्युत् विकास विभागबाट लाइसेन्स लिएर पिपिए नगरेका आयोजना भने प्रभावित हुने देखिन्छन्। बैंकहरूले पनि बजार सुनिश्चित (टेक अर पे पिपिए)कै आधारमा आयोजनामा कर्जा प्रवाह गर्छन्, तर नयाँ व्यवस्थाले परियोजनालाई लगानी जुटाउन पनि अप्ठ्यारो हुने देखिन्छ। त्यसले निर्माणसमेत प्रभावित हुने देखिन्छ।

यस्तो नीतिले परियोजनाको निर्माण नै रोकिने इप्पान अध्यक्ष कार्कीको भनाइ छ। 'अहिले विद्युत् किन्ने अधिकार सरकार (प्राधिकरण)सँग मात्रै छ। सरकारले आफैंले बुट मोडेलमा परियोजना बनाउन भनेर लाइसेन्स दिन्छ। तर, आफैं विद्युत् किन्दिन भन्छ। सरकारले नकिनेको अवस्थामा हामीसँग विद्युत् बिक्री गर्ने अर्को विकल्प नै छैन,' उनले भने, 'निजी क्षेत्रले पनि विद्युत् व्यापार गर्न सक्छ। तर, त्यसका लागि अनुमति अहिलेसम्म छैन।'

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकालले बजेटमा उल्लिखित यो व्यवस्थाबारे जानकार भए तापनि यसमा स्पष्ट भइनसकेको बताए। 'टेक एन्ड पेमा पिपिए गर्ने नीति बजेटमा आएको देखियो। तर, त्यसलाई कसरी कार्यान्वयन गर्ने भनेर हामीलाई कुनै जानकारी आएको छैन,' उनले भने, 'त्यो कुन हिसाबले आएको हो ? के सोचले आएको हो ? यी विषयमा हामी जानकार छैनौं। अर्थ मन्त्रालयले के सोचले राख्यो भनेर पनि हामीलाई जानकारी आएको छैन। सायद, केही समयमा यसबारे हामीलाई औपचारिक रूपमा विस्तृत जानकारी दिइन्छ होला। त्यसपछि यसबारे थप निर्णय हुनेछ।'

इप्पानको विरोध, निजी क्षेत्रलाई पनि विद्युत् व्यापार गर्न दिन माग

बजेटबाट ल्याइएको यो नीतिमा इप्पानले विरोध गरेको छ। इप्पानले शुक्रबार एक विज्ञप्ति जारी गर्दै यो लागू गर्न नहुने बताएको छ। यसले १७ हजार मेगावाटका आयोजना निर्माण हुने बाटो बन्द भएको इप्पानको भनाइ छ।

'बैंक तथा वित्तीय संस्थाहरूले टेक एन्ड पेका आधारमा गरिएको पिपिएमा वित्तीय व्यवस्थापन नगर्ने स्पष्ट हुँदा-हुँदै आम ऊर्जा क्षेत्रलाई समाप्त पार्ने गरी बजेटमा यो घोषणा गरिएको हाम्रो ठहर छ। यो घोषणाले १७ हजार मेगावाटका करिब तीन सय आयोजनाको निर्माणको बाटो मात्र बन्द भएको छैन, हालसम्म यी आयोजनाका लागि निजी प्रवर्द्धकहरूले लगानी गरिसकेको करिब ६६ अर्ब २२ करोड रुपैयाँभन्दा बढी लगानीसमेत डुब्ने अवस्थामा पुगेको छ,' इप्पानले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

प्राधिकरणको एकाधिकार कायम राखेका वेला यस्तो नीति आउनु गलत भएको इप्पानको भनाइ छ। 'प्राधिकरणको एकाधिकार कायम राखिरहेका वेला एकातिर निजी क्षेत्रलाई विद्युत् व्यापार र प्रसारणलाइनको अनुमतिपत्र नदिएर व्यापारमा सहभागी नगराई एकल खरिदकर्तामै जानुपर्ने बाध्यतामा राखिराख्नु र अर्कोतिर विद्युत् विकास विभागबाट अनुमतिपत्र दिएर ६६ अर्बभन्दा बढी लगानी गरिसकेपछि टेक एन्ड पे मात्र पिपिए गर्छु भनेर सरकारले बजेटमार्फत घोषणा गर्नु नेपाल सरकारको निजी क्षेत्रप्रतिको घोरविरोधी कदमका रूपमा हामीले लिएका छौं,' विज्ञप्तिमा भनिएको छ, 'बजेटले निजी क्षेत्रलाई विद्युत् व्यापारको ढोका खोल्ने घोषणा मात्र गरेको भए पनि हामी बजार खोजेर आफैं पिपिए गर्ने अवस्थामा पुग्ने अवस्था हुन्थ्यो। तर, त्यो नगरी एकैपटक अधिकांश आरओआर आयोजना निर्माणमा सक्रिय रहिरहेको निजी क्षेत्रलाई हतोत्साहित गराउने गरी आएको संसद्मा प्रस्तुत बजेटको यस्तो प्रावधानले निजी क्षेत्रलाई निराशावादी बनाएको छ।'

अर्थ संक्षेप

डिजिटल नेपाल फ्रेमवर्क उच्च प्राथमिकतामा : सञ्चारमन्त्री

काठमाडौं/ सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारले डिजिटल नेपाल फ्रेमवर्क (डिएनएफ)लाई उच्च प्राथमिकतामा राखेको बताएका छन्। जापानको राजधानी टोकियोमा आयोजित एसिया-प्रशान्त दूरसञ्चार (एटिपी) २०२५ मन्त्रीस्तरीय बैठकमा मन्त्री गुरुङले डिएनएफको सफल कार्यान्वयनका लागि सूचना प्रविधिको पारिस्थितिक प्रणाली र अनुकूल वातावरणको तत्परता आवश्यक रहेको बताएका छन्। मन्त्री गुरुङले डिजिटल अर्थतन्त्र वृद्धिसँगै सुरक्षित, समावेशी र अवसरयुक्त डिजिटल युग निर्माण गर्न खोजिएको बताए।

मर्मत गर्न कर्णाली राजमार्ग चार दिन बन्द हुने

कर्णाली/ कर्णाली राजमार्ग मर्मतका लागि चार दिन बन्द हुने भएको छ। कर्णाली राजमार्गको खुलालु-लालीघाट सडकखण्ड आगामी मंगलबारदेखि चार दिन सवारी पूर्ण रूपमा बन्द हुने भएको हो। यस्तो व्यवस्थाले कालीकोट, बाजुरा र हुम्लाका नागरिकलाई असुविधा हुने भएको छ। जिल्ला प्रशासन कार्यालयमा शुक्रबार बसेको सरोकारवालाको बैठकले सडक स्तरोन्नतिका लागि चार दिन बन्द गर्ने निर्णय गरेको सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले बताए। 'यही जेठ २० गते बिहानदेखि २४ गते बेलुकीसम्म यो सडकखण्ड बन्द रहनेछ,' उनले भने।

सहुलियतमा धानको बिउ वितरण

पाल्पा/ पाल्पाको रामपुरमा किसानलाई सहुलियतमा धानको बिउ वितरण गरिएको छ। कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेका अनुसार किसानलाई सावित्री १४ हजार दुई सय ९८ किलोग्राम, साँवामन्सुली ६ हजार चार सय किलो र रामधानको एक हजार तीन सय किलो बिउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ। नगरपालिकाले अग्रिम सूचना जारी गरी किसानको मागका आधारमा सात सय १५ किसानलाई २१ हजार नौ सय ९८ किलो बिउ उपलब्ध गराइएको गैरेले बताए। नगरप्रमुख रमणबहादुर थापाले कृषि उत्पादन बढाउन धान, मकै र गहुँलगायत बालीमा अनुदानका कार्यक्रम अगाडि बढाइएको जानकारी दिए। रामपुर उर्वरभूमि रहेकाले नगरपालिकाले कृषि उत्पादन वृद्धि गरेर आत्मनिर्भर बनाउन उत्पादनमूलक कार्यक्रम, विभिन्न उपकरण वितरण, तालिम, गोष्ठीजस्ता कार्यक्रम सञ्चालन गरिरहेको उनले बताए।

बढ्यो पेट्रोलियम पदार्थको मूल्य

नयाँ पत्रिका

नेपाल आयल निगमले पेट्रोल र डिजेलको मूल्य बढाएको छ। निगमले शनिबार राति १२ बजेपछि हुने गरी लिटरमा पेट्रोलको दुई रुपैयाँ र डिजेल-मट्टीतेलको एक रुपैयाँले मूल्य बढाएको हो।

इन्डियन आयल कर्पोरेसनबाट मूल्य बढेर आएपछि सोहीअनुसार नेपालमा मूल्य बढाइएको निगमको भनाइ छ। भारतले शनिबार प्रतिलिटर पेट्रोलमा २.११ रुपैयाँ र डिजेलमा १.०९ रुपैयाँ मूल्य बढाएर पठाएको थियो। त्यसपछि निगमको सञ्चालक समितिले नेपालमा पेट्रोलियम पदार्थको मूल्य बढाउने निर्णय गरेको हो।

अब काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर १५९ र डिजेल-मट्टितलको १४३ रुपैयाँ पर्नेछ। यसअघि यो क्षेत्रमा प्रतिलिटर पेट्रोलको १५७ र डिजेल-मट्टीतेलको १४२ रुपैयाँ मूल्य थियो।

यसैगरी अब सुर्खेत र दाङलगायतका क्षेत्रमा प्रतिलिटर पेट्रोलको १५८ र डिजेल-मट्टीतेलको १४२ रुपैयाँ मूल्य पर्नेछ।

यसैगरी चारआली, विराटनगर, अमेलखगन्ज, नेपालगन्ज, धनगढी र वीरगन्जमा पेट्रोलको १५६.५० रुपैयाँ र डिजेल-मट्टीतेलको १४०.५० रुपैयाँ प्रतिलिटर मूल्य निर्धारण गरिएको छ। साथै, एलपी ग्यासको खुद्रा बिक्री मूल्य यथावत् राखिएको छ।

हवाई इन्धनको मूल्य भने घटाइएको छ। भारतले शनिबार हवाई इन्धनको मूल्य प्रतिलिटर २.५७ रुपैयाँले घटाएर पठाएको छ। त्यसपछि नेपालमा आन्तरिकतर्फ हवाई इन्धनको मूल्य प्रतिलिटर तीन रुपैयाँले घटाइएको छ। यसअघि १२१ प्रतिलिटर रहेको हवाई इन्धन अब ११८ रुपैयाँमा पाइनेछ। अन्तर्राष्ट्रियतर्फ काठमाडौंका लागि हजाई इन्धनको मूल्य प्रतिकिलोलिटर २२ डलरले घटाइएको छ। पोखरा र भैरहवाका लागि भने ब्रेक इभन प्वाइन्टमा बिक्री मूल्य कायम गरिएको निगमको भनाइ छ। अब काठमाडौंमा प्रतिकिलोलिटर ९०१ डलर, पोखरामा ७२१ डलर र भैरहवा ७०६ डलरमा हवाई इन्धन पाइनेछ।



लक्ष्यअनुसार राजस्व संकलन गर्न थप मिहिनेत आवश्यक छ : अर्थमन्त्री पौडेल

नयाँ पत्रिका

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लक्ष्यअनुसार राजस्व संकलन गर्न थप मिहिनेत आवश्यक रहेको बताएका छन्। आगामी आर्थिक वर्ष ०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको सरकारले राजस्वबाट १३ खर्ब १५ अर्ब जुटाउने लक्ष्य लिएको छ।

नेपाल आर्थिक पत्रकार संघ नाफिजले शनिबार काठमाडौंमा गरेको पोस्ट बजेट छलफल कार्यक्रममा अर्थमन्त्री पौडेलले राजस्व संकलनका लागि थौरै मिहिनेत गर्न आवश्यक रहेको बताएका हुन्। यस्तै, आगामी आवमा ६ प्रतिशतको आर्थिक वृद्धिदर हुने गरी बजेट आएको उनको भनाइ छ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शिवराज अधिकारीले तीन करोडभन्दा कम लागतका परियोजना केन्द्रीय बजेटमा समावेश नगर्ने नीतिले यसपालि परियोजनाहरूमा बजेट विनियोजन गर्ने अभ्यासमा सुधार आएको बताए। पूर्वअर्थमन्त्री जनार्दन शर्माले करिब चार खर्ब रुपैयाँ बजेट अधिक भएको दाबी गरे। 'चालू आर्थिक वर्षमा १५ खर्ब रुपैयाँ हाराहारी खर्च हुने अवस्था छ। अहिलेको आधारमा आगामी आर्थिक वर्षमा बजेट खर्च हुने गुणात्मक आधार केही पनि छैन। आगामी आर्थिक वर्षमा खर्च १५ खर्बबाट पौने १६ खर्ब पुग्ला। त्यसो हुँदा चार खर्ब रुपैयाँ बजेट अधिक नै देखिन्छ,' उनले भने।



आगामी आर्थिक वर्ष ०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको सरकारको राजस्वबाट १३ खर्ब १५ अर्ब जुटाउने लक्ष्य

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालीलाई विदेशमा लगानी गर्न दिने नीति ल्याउनु ऐतिहासिक भएको बताए। निजी क्षेत्रलाई सहयोग पुग्ने गरी नै बजेट आएको उनको भनाइ छ। केही समयका लागि आलोचना भए पनि लामो समयसम्म सकारात्मक प्रभाव पर्ने निर्णय गर्न सरकार डराउन नहुने उनको भनाइ छ।

चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले विषम परिस्थितिमा आएको आगामी आर्थिक वर्षको बजेट महत्त्वाकांक्षी भएको बताए । आइटी र प्रविधिलाई प्राथमिकतामा राख्नु सकारात्मक भएको पनि उनले बताए। तीन प्रतिशत ब्याजमा युवालाई २० लाख रुपैयाँसम्म ऋण दिने नीति स्वागतयोग्य भएको उनले बताए।

नेपाल उद्योग परिसंघका निवर्तमान अध्यक्ष विष्णु अग्रवालले लगानी आकर्षण गर्न यो बजेट निकै उपयोगी हुने उनको भनाइ छ। यस्तै, उनले राजस्वको लक्ष्य प्राप्तिका लागि उत्पादन वृद्धि आवश्यक रहेको उनले बताए। नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले निर्माण क्षेत्रका लागि बजेट सकारात्मक रहेको बताए। यद्यपि, त्यसको कार्यान्वयनमा सफल हुनुपर्ने बताउँदै आगामी आवमा कम्तीमा ९० प्रतिशत पुँजीगत खर्च गर्नुपर्ने उनले बताए।

नाडा अटो मोबाइल एसोसिएसन अफ नेपालका अध्यक्ष करण चौधरीले बजेटले अटो क्षेत्रका व्यवसायी खुसी भएको बताए। नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले डिजिटल भुक्तानीको सेवा शुल्कमा लगाएको भ्याट हटाइएकाले डिजिटल अर्थतन्त्रमा टेवा पुग्ने बताए।

आर्थिक वर्ष ०८२/८३ मा ६६ अर्ब ५८ करोड लाभांश कमाउने सरकारको लक्ष्य

चालू आवमा ५८ अर्ब ४१ करोड लाभांश उठाउने संशोधित अनुमान, बढी लाभांश दिनेमा वित्तीय क्षेत्रका निकाय

नयाँ पत्रिका

सरकारले आफ्नो लगानी रहेका निकायबाट आगामी आर्थिक वर्ष ०८२/८३ मा ६६ अर्ब ५८ करोड २४ लाख रुपैयाँ लाभांश प्राप्त गर्ने लक्ष्य राखेको छ। सरकारले सर्वाधिक लाभांश वित्तीय निकायबाट प्राप्त गर्ने लक्ष्य राखेको छ। चालू आव ०८१/८२ मा सरकारले वित्तीय निकायबाट ५८ अर्ब ४१ करोडको लाभांश भित्र्याउने उल्लेख छ। गत आर्थिक वर्ष ०८०/८१ मा सरकारले ४६ अर्ब ६१ करोडको लाभांश उठाएको थियो।

यसमा सार्वजनिक संस्थानसहित नेपाल राष्ट्र बैंकजस्ता विभिन्न निकायबाट प्राप्त हुने आम्दानीसमेत उल्लेख हुने अर्थ मन्त्रालयले जनाएको छ।



लाभांश दिने निकाय	आव ०८१/८२ को अनुमान	आव ०८१/८२ को लक्ष्य
बैंक तथा वित्तीय निकाय	२९ अर्ब ९७ करोड	३६ अर्ब ३१ करोड
व्यापारिक निकाय	१ अर्ब ९९ करोड	१ अर्ब १७ करोड
औद्योगिक निकाय	१ करोड ६५ लाख	४ करोड ४५ लाख
सेवामूलक निकाय	२६ अर्ब ४० करोड ९१ लाख	२९ अर्ब ३ करोड
अन्य	१ करोड ७२ लाख	१ करोड ८९ लाख

स्रोत : अर्थ मन्त्रालय

सर्वाधिक लाभांश पाउने वित्तीय निकायबाट आगामी आवमा ३६ अर्ब ३१ करोड लाभांश प्राप्त गर्ने उल्लेख छ। चालू आवमा २९ अर्ब ९७ करोड लाभांश संकलन गर्ने सरकारी अनुमान छ। गत आवमा वित्तीय निकायबाट २७ अर्ब एक करोड उठाएको थियो। सेवामूलक निकायबाट आगामी आवमा २९ अर्ब तीन करोड लाभांश उठाउने लक्ष्य राखेको छ। चालू आवमा २६ अर्ब ४० करोड उठाउने अनुमान छ। गत आवमा १९ अर्ब ५३ करोड ३२ लाख उठाएको थियो।

व्यापारिक निकायबाट आगामी आर्थिक वर्षमा एक अर्ब १७ करोड उठाउने लक्ष्य छ। चालू आवमा एक अर्ब ९९ करोड उठाउने अनुमान छ। गत आवमा व्यापारिक निकायबाट सरकारले एक रुपैयाँ पनि लाभांश उठाएको थिए।

औद्योगिक निकायबाट आगामी आर्थिक वर्षमा सरकारले चार करोड ४५ लाख उठाउने लक्ष्य लिएको छ। चालू आवमा एक करोड ६५ लाख मात्रै उठाउने अनुमान छ। गत आवमा पाँच करोड दुई लाख उठेको थियो।

सार्वजनिक संस्थानबाट मात्रै आठ अर्ब ८३ करोडको लाभांश

सरकारलाई आर्थिक वर्ष ०८०/८१ मा आठ अर्ब ८३ करोड ५७ लाख रुपैयाँ प्राप्त भएको देखिएको छ। अघिल्लो आर्थिक वर्ष ०७९/८० मा १३ अर्ब ७५ करोड ६७ लाख लाभांश प्राप्त भएको थियो।


सरकारको कुल सेयर लगानीको तुलनामा लाभांश अनुपात (रिटर्न अन इक्विटी) विश्लेषण गर्दा आर्थिक वर्ष ०८०/८१ मा २.४ प्रतिशत छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार आव ०८०/८१ मा जम्मा सातवटा सार्वजनिक संस्थानबाट मात्र लाभांश प्राप्त भएको छ। आर्थिक वर्ष ०८०/८१ मा पनि आर्थिक वर्ष ०७९/८० मा जस्तै जनउपयोगी, सेवा र वित्तीय क्षेत्रबाट लाभांश प्राप्त भएको छ भने औद्योगिक, सामाजिक र व्यापारिक क्षेत्रबाट लाभांश प्राप्त भएको छैन। कुल प्राप्त लाभांशमध्ये जनउपयोगी क्षेत्रको नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट मात्र ७४.५६ प्रतिशत प्राप्त भएको छ। वित्तीय क्षेत्रका सार्वजनिक संस्थानबाट एक अर्ब ९० करोड ५७ लाख लाभांश प्राप्त हुँदा सेवा क्षेत्रबाट ३४ करोड २२ लाख मात्र लाभांश प्राप्त भएको छ।

भारतले कच्चा खानेतेलको आयात महसुल घटायो

नेपालको निर्यात खुम्चिने चिन्ता

नयाँ पत्रिका



भारतले शुक्रबारदेखि लागू हुने गरी कच्चा खानेतेलको आयातमा महसुल २० प्रतिशतबाट घटाएर १० प्रतिशतमा झारेको छ। यो नयाँ व्यवस्थाले पछिल्लो समय नेपालको निर्यात व्यापार बढाउन उल्लेख्य योगदान पुऱ्याउँदै आएको खानेतेलको व्यापारमा धक्का पुग्ने आकलन गरिएको छ।

भारतले आफ्ना उद्योगीलाई प्रोत्साहन गर्न महसुलमा छुट दिँदा त्यहाँको आन्तरिक उत्पादन प्रवर्द्धन हुने र नेपालजस्ता देशसँगको निर्भरता कम हुने सम्भावना रहेकाले नेपालको निर्यात बजार प्रभावित हुने देखिन्छ। भारत-नेपाल व्यापार सन्धिअनुसार नेपालबाट निर्यात हुने प्रशोधित तेलमाथि भन्सार महसुल लाग्दैन। तर, भारतमा कच्चा तेलको आयात सस्तो भएपछि भारतीय उद्योगहरूले कच्चा तेलमै प्राथमिकता दिने भएकाले नेपालको प्रशोधित तेलको माग घट्न सक्छ। यसले नेपालको तेल निर्यात घटाउन सक्छ।

खानेतेलमा भारत संसारका प्रमुख आयातकर्ता देशहरूमध्येको एक हो। यसले आफ्नो कुल मागको ६० प्रतिशत आयातबाट पूर्ति गर्दै आइरहेको छ।

नेपालमा भटमास र सूर्यमुखी तेलको उच्च मात्रामा भएको निर्यातले वैदेशिक व्यापारमा निर्यातको हिस्सा बढाउँदै लगेको भन्सार विभागको तथ्यांक छ। १० महिनामा ७८ अर्ब ७५ करोड रुपैयाँको भटमासको तेल निर्यात भएको छ। त्यस्तै, १० अर्ब नौ करोडको सूर्यमुखी तेल निर्यात भएको छ। कुल वस्तु निर्यातमा भटमास र सूर्यमुखी तेल निर्यातको हिस्सा ४०.७७ प्रतिशत पुगेको छ।

प्रमुख निर्यात वस्तु भए पनि पाम, भटमास र सूर्यमुखीको नेपालमा व्यावसायिक खेती भने छैन। नेपालले अर्जेन्टिना, ब्राजिल र युक्रेनबाट कच्चा खानेतेल आयात गरेर प्रशोधन गरी भारततर्फ निर्यात गर्दै आएको छ। नेपालले वैशाखसम्ममा ८१ अर्ब ८९ करोडको भटमासको कच्चा तेल आयात भएको छ। त्यस्तै, २४ अर्ब ६४ करोडको सूर्यमुखीको कच्चा तेल आयात भएको छ।

एनपिएस र नेपाल पे कार्डमा आबद्ध भयो बेस्ट फाइनान्स



काठमाडौं/ बेस्ट फाइनान्स र एनसिएचएलबिच एनपिएस-एनसिएस तथा डोमेस्टिक कार्ड स्किम (नेपाल पे कार्ड)को प्रिन्सिपल मेम्बरसिपका लागि सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) बिएन घर्ती र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरे।

एनसिएचएलले हालै एनपिएस-एनसिएसको पूर्वाधारको तयारी पूरा भएको घोषणा गर्दै बैंक तथा वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड स्किम नेपाल पे कार्डका लागि आफ्नो स्विच इन्टिग्रेट गर्न आग्रह गरेसँगै बैंक तथा वित्तीय संस्थाहरू एनपिएस-एनसिएस र नेपाल पे कार्डमा आबद्ध भइरहेका छन्। नेपाल पे पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् बेस्ट फाइनान्सले ग्राहकका लागि उक्त कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछ। एनपिएस-एनसिएसलाई विभिन्न कार्ड स्विचहरूबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारको राउटिङ र सेटलमेन्टका लागि एक सेन्ट्रल कार्ड स्विचका रूपमा स्थापना गरिँदै छ।

उक्त प्रणालीको पूर्ण कार्यान्वयनपश्चात् डोमेस्टिक कार्ड कारोबारको लागत घटाउने, डेटा लोकलाइजेसन सुनिश्चित गर्ने र डिजिटल इकोसिस्टममा नवीनतम उपकरणको विकास तथा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ।

एसबिआई बैंकको डिसिइओमा विकास आनन्द



काठमाडौं/ नेपाल एसबिआई बैंकको नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ)मा विकास आनन्द नियुक्त भएका छन्। उनको यो जिम्मेवारी १३ जेठदेखि लागू भइसकेको बैंकले जनाएको छ। डिसिइओ हुनुअघि उनले प्रमुख सञ्चालन अधिकृतको जिम्मेवारी सम्हाल्दै आएका थिए। यस नियुक्तिसँगै आनन्दले बैंकको डिसिइओसँगै प्रमुख सञ्चालन अधिकृतको समेत जिम्मेवारी सम्हाल्नेछन्।

सिटिजन्स बैंक र सारंग हेल्थ केयरबिच समझदारी



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल र ललितपुरस्थित सारंग हेल्थ केयर प्रालिबिच छुट सम्झौता भएको छ। जसअनुसार बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले सारंग हेल्थ केयरमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। अन्य छुटसम्बन्धी विस्तृत विवरण भने बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बताइएको छ।

नेपालमै पहिलोपटक सिटिजन्स फोनपे क्रेडिट कार्ड सञ्चालनमा ल्याएको यस बैंकले मोबाइल बैंकिङ एपमार्फत नै सेयर आवेदन र सिआरएन नम्बर सेवा लिन सकिने सुविधा पनि ल्याएको छ। साथै, क्रस बैंक टेलरअन्तर्गत ग्राहकले बैंकका शाखाबाट टेलर क्युआर स्क्यान गरी नगद प्राप्त गर्न सक्नेछन्। बैंकका देशभरमा दुई सय शाखा, एक सय ६८ एटिएम, तीन विस्तारित काउन्टर र ७४ शाखारहित बैंकिङ इकाइ रहेका छन्।

रुपन्देहीमा कजारिया टायल्सको सोरुम उद्घाटन



काठमाडौं/ कजारिया टायल्सको नयाँ सोरुम सैनामैना, रुपन्देहीमा सुरु भएको छ। यो सोरुमलाई धर्मा ट्रेडर्सले सञ्चालनमा ल्याएको हो। सोरुमको उद्घाटन नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशका अध्यक्ष टंकप्रसाद पोखरेलले गरेका हुन्। सोरुको उद्घाटन कार्यक्रममा कजारिया रमेश टायल्सका प्रतिनिधि विमल ज्ञवालीलगायतको उपस्थिति थियो। यस सोरुमले उच्च गुणस्तरका टायलको बढ्दो मागलाई पूरा गर्ने लक्ष्य राखेको छ। समारोहलाई सम्बोधन गर्दै अध्यक्ष पोखरेलले कजारियाको रणनीतिक विस्तार क्षेत्रीय विकासतर्फको महत्त्वपूर्ण कदम भएको उल्लेख गर्दै यसले स्थानीय व्यापारिक अवसर बढाउने बताए। यस सोरुमले प्रिमियम टायलको अनुभव दिनेछ, जसले ग्राहकलाई सजिलो पहुँच र सुविधा सुनिश्चित गर्ने बताइएको छ। सोरुम विस्तारसँगै कजारियाले उच्च गुणस्तर र डिजाइनका नयाँ मापदण्ड लागू गर्ने आफ्नो मिसनलाई नेपालका निर्माण सामग्रीको क्षेत्रमा बलियो बनाउँदै लगेको कम्पनीको दाबी छ।

कम्पनीका अनुसार प्रिमियम टाइल्सलाई नेपालभर सहजै उपलब्ध गराउने आफ्नो लक्ष्यको निरन्तरतास्वरूप सैनामैनामा सोरुम सञ्चालनमा आएको हो। नेपालका निर्माण सामग्रीको क्षेत्रमा आफ्नो नेतृत्वलाई बलियो बनाउन लागिपरेको कजारियाले जनाएको छ।

एनएमबिका ग्राहकलाई हिल्टन होटेलमा १५ प्रतिशतसम्म छुट

काठमाडौं/ एनएमबि बैंकका ग्राहकलाई होटेल हिल्टन, काठमाडौंमा छुट हुने भएको छ। बैंक र होटेलबिच छुटसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ। जसअनुसार बैंकका ग्राहक तथा कर्मचारीले डेबिट, क्रेडिट, प्लाटिनम क्रेडिट कार्ड र मोबाइल बैंकिङबाट रकम भुक्तानी गर्दा १५ प्रतिशतसम्मको छुट पाउने भएका हुन्। यो सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारको यात्रामा उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। बैंकले देशभरका दुई सय दुई शाखा, एक सय ८७ एटिएम र नौ विस्तारित काउन्टरमार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

महिलालाई आत्मनिर्भर बनाउन एकमहिने हस्तकला सिप

बाँके/ बाँकेको राप्तीसोनारी गाउँपालिकाले महिलालाई आत्मनिर्भर बनाउन हस्तकला सिप सिकाएको छ। स्थानीय स्रोतसाधनको प्रयोग गरी स्वरोजगार र महिलालाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ गाउँपालिकाले प्राकृतिक रेशाजन्य वनस्पति, थाकलको पात र मकैको खोस्टाबाट हस्तकलाका विभिन्न सामग्री उत्पादनसम्बन्धी एकमहिने तालिम प्रदान गरेको हो।

तालिम प्रशिक्षक राप्तीसोनारी- ४, बैजापुरकी कल्पना थारूले थाकलको पात र मकैको खोस्टाबाट हस्तकलाका विभिन्न सामग्री उत्पादन गरी महिलालाई स्वरोजगार बनाउने उद्देश्यले सिप सिकाइएको बताइन्। सिपले गाउँघरमा खेर गएका कच्चा पदार्थबाट टोपी र झोला बनाउन सकिने भएपछि राम्रो आम्दानी हुने आशा जागेको स्थानीय उमा थारूको भनाइ छ। उत्पादन गरिएका सामान बिक्री-वितरण गर्न सकिए पारिश्रमिक राम्रो हुने भएपछि आफूले सिप सिकिरहेको उनले बताइन्।

गाउँपालिका अध्यक्ष तप्त पौडेलले हाल ६० महिलाले मकैको खोस्टा तथा थाकलको पातबाट विभिन्न हस्तकलाका सामग्री बनाउने सिप सिकिरहेको बताए। सिप सिकेपछि महिलाले बनाउने सामग्री ओम राजश्री मल्टिएग्रो प्रालि काठमाडौंले बजारीकरण गर्ने गरी सम्झौता भएको उनले जानकारी दिए। पालिकाका नौवटै वडामा तयार भएका सामग्री संकलन गरेर बजारीकरणमा गाउँपालिकाले सहयोग गर्ने अध्यक्ष पौडेलले प्रतिबद्धता व्यक्त गरे। गाउँपालिका उपाध्यक्ष मनीषासिंह थारूले लक्षित वर्गलाई प्राथमिकतामा राखेर सिपमूलक तालिम सञ्चालन गरिएको बताइन्। अन्तर्राष्ट्रिय बजारसम्म निर्यात गर्ने उद्देश्यसहित गाउँपालिकाले मकैका खोस्टा र थाकलबाट बनाइने झोला र टोपी उत्पादनका लागि जनशक्ति उत्पादन गरिरहेको उनको भनाइ छ।

नेपाल बैंक र नागरिक सामुदायिकबिच सम्झौता

काठमाडौं/ नेपाल बैंकमा कार्यरत कर्मचारी र बैंकमा खाता रहेका ग्राहकले ह्याम्स अस्पतालद्वारा सञ्चालित नागरिक सामुदायिक शिक्षण अस्पतालमा छुट पाउने भएका छन्। भक्तपुरको गट्ठाघरस्थित उक्त अस्पतालमा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने अस्पताल र बैंकबिच सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख वित्त अधिकृत प्रकाशकुमार अधिकारी र अस्पतालका कार्यकारी निर्देशक भुवन जोशीले हस्ताक्षर गरेका छन्। सम्झौताबमोजिम बैंकमा कार्यरत कर्मचारी र ग्राहकले नागरिक सामुदायिक शिक्षण अस्पताल र ह्याम्स अस्पतालका विविध सेवामा लाग्ने शुल्कमा पाँचदेखि १२ प्रतिशतसम्म छुट हुनेछ।

विज्डम एकेडेमीले मनायो वार्षिकोत्सव

काठमाडौं/ विज्डम इंग्लिस एकेडेमीले आफ्नो स्थापनाको २०औं वार्षिकोत्सव मनाएको छ। कलंकीमा रहेको एकेडेमीले १६ जेठमा वार्षिकोत्सवका साथै अभिभावक दिवस पनि मनाएको हो। कार्यक्रम प्रज्ञा प्रतिष्ठान, कमलादीमा भएको थियो।

कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा, एकेडेमीका संस्थापक अध्यक्ष पुरुषोत्तमप्रसाद अधिकारी, प्रधानाध्यापक शिवप्रसाद अधिकारी तथा अन्य शिक्षक एवं विद्यार्थीको उपस्थिति थियो। एकेडेमीका प्रधानाध्यापक अधिकारीले बालबालिकाको उमेर, रुचि, चाहना, क्षमता, पृष्ठभूमिलगायत सम्पूर्ण पक्षलाई ध्यानमा राखी सिक्ने-सिकाउने वातावरण तयार गरेको बताए। बालबालिकाको विकासमा ध्यान दिँदै बालकेन्द्रित शिक्षण सिकाइअनुरूप शिक्षकको व्यवस्थापन गरिएको उनको भनाइ थियो। एकेडेमीका अध्यक्ष पुरुषोत्तम अधिकारीले शैक्षिक गुणस्तरमा विज्डम एकेडेमीको विशिष्ट स्थान रहेको भन्दै गुणस्तरमा कुनै किसिमको सम्झौता नगर्ने बताए। त्यस्तै, प्रमुख अतिथि देवकोटाले विज्डम एकेडेमीले बालबालिकालाई गुणस्तरीय शिक्षा दिइरहेकामा खुसी व्यक्त गरे। साथै, उनले शिक्षा सँगसँगै सिपलाई जोड्नुपर्ने सुझाव पनि दिए। सोही कार्यक्रममा बालबालिकाले विभिन्न नृत्य, गायन, प्रहसन प्रस्तुत गरेका थिए।



प्राधिकरणबाट प्राइम सेरामिक्स सम्मानित

काठमाडौं/ प्राइम सेरामिक्स प्रालि सम्मानित भएको छ। प्राइमलाई नेपाल विद्युत् प्राधिकरण, मधेश प्रादेशिक कार्यालय जनकपुरले 'अत्यन्त महत्त्वपूर्ण उपभोक्ता'का रूपमा सम्मान गरेको हो। ०७९ मा प्राइमले उच्च विद्युत् खपतसहित नियमित रूपमा महसुल भुक्तानी गर्दै आएकाले प्रदेशका उत्कृष्ट १० उपभोक्तामा पर्न सफल भएको हो।

सच्याईएको

यस दैनिकको मिति २०८२।०२।१७ गते प्रकाशित मल्हनीया सा.व.उ.स. सिन्धुलीको बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचनामा ठेगाना कमलामाई न.पा.१४ हुनुपर्नेमा अन्यथा भएकोमा सच्याईएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय दार्चुला
आर्थिक प्रस्ताव खोलिने सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति : २०८२/०२/१८

जिल्ला प्रहरी कार्यालय दार्चुलाको भवन निर्माण कार्य गर्ने सम्बन्धमा मिति २०८२/०१/०४ गते E-Bidding मार्फत प्रकाशित बोलपत्र आह्वानमा सम्बन्धी सूचना बमोजिम तोकिएको अवधिभित्र दर्ता हुन आएका प्राविधिक प्रस्ताव खोलि मुल्याङ्कन समितिद्वारा मुल्याङ्कन पश्चात तपसिलबमोजिमका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभुतरुपमा प्रभावग्राही भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ तथा ऐ. नियमावलीको नियम ३१(५) अनुसार आर्थिक प्रस्ताव यहि २०८२/०२/२५ गते १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि तथा उपस्थितिको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

निर्माण कार्य:	प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरू:
Construction of Senior Officer's Quarter, Mess Block and Allied Works (IFB no FW/DPODA RCHULA/WORKS/NCB/2081-82/02/Re.)	1. Namaskar Sarswati JV Khalanga-2, Darchula 2. Neuapane Nirma Sewa Fukot-6, Kalikot 3. Alok Builders Pvt. Ltd Amargadhi-2 Dadeldhura 4. Sunrise Construction Dhangadhi-3, kailali

सिदिङ्वाधाम पर्यटन महोत्सवमा स्थानीय सामग्री प्रवर्द्धन

ताप्लेजुङमा केशवप्रसाद भट्टराई



ताप्लेजुङको सिदिङ्वा गाउँपालिकाले आयोजना गरेको 'प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सव २०८२' मा स्थानीयस्तरमा उत्पादित सामग्री प्रवर्द्धनमा जोड दिएको छ। महोत्सवको पहिलो दिन अतिथिलाई स्थानीयस्तरमा उत्पादित छुर्पीको माला लगाएर स्वागत गरिएको छ। स्थानीयस्तरमा पाइने अल्लोबाट उत्पादित ढाकाका सामग्री टोपी, खादाका साथै कोटसमेत उपहार दिएर स्थानीयस्तरमा उत्पादित सामग्रीहरूको प्रवर्द्धनमा जोड दिएको हो।

सिदिङ्वाधाम अर्थात् सिदिङ्वामा रहेका पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित महोत्सवमा ढाका र अल्लो कपडाको खादा र चौंरीको छुर्पीको माला प्रयोग गरिएकाले स्थानीय उत्पादनको प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा राखिएको गाउँपालिकाका अध्यक्ष मानबहादुर राईले बताए। महोत्सवको उद्घाटनमा प्रदेश सभा सदस्य तथा पूर्वमन्त्री तिलकुमार मेन्याङ् बोलाई ढाकाको कोटसमेत उपहार दिइएको थियो। अध्यक्ष राईले पर्यटनको माध्यमबाट गाउँपालिकालाई समृद्ध बनाउने उद्देश्य राखेर महोत्सव आयोजना गरिएको बताए। पूर्वमन्त्री मेन्याङबोले महोत्सवले स्थानीय उत्पादनको प्रयोग र प्रचारको शैलीले प्रवर्द्धनमा टेवा पुग्ने बताए। सिदिङ्वा गाउँपालिकाका सातमध्ये वडा नम्बर ४ साब्लाखु र ५ लिम्बुदिनबाहेकका वडामा तुलनात्मक रूपमा बढी पशुपालन गरिने भएकाले यहाँ बढी छुर्पी उत्पादन हुने गर्छ। वडा नम्बर १ कालीखोला र २ सादेवाको माथिल्लो भेग तिम्बुडपोखरी क्षेत्र, वडा नम्बर ७ सुरुङ्खिमको माथिल्लो भेगमा गाई, भैंसी, याक तथा चौंरीपालन व्यवसाय रहेकाले यस क्षेत्रमा याक, चौंरी र गाईको दुधबाट उत्पादन हुने छुर्पीको प्रवर्द्धन गरी प्रचारप्रसार गर्ने उद्देश्यले अथितिलाई छुर्पीको माला लगाइएको आयोजकले जनाएको छ।

यहाँ धार्मिक पर्यटकीय गन्तव्य सिदिङ्वाधाम, तिम्बुङ पोखरी, ढङ्ढगे झरना, चमेरे गुफा, हात्ती ढुंगाजस्ता पर्यटकीय गन्तव्य छन्। तर, ओझेलमा परेका यी स्थलको प्रचारप्रसार गरी पर्यटक भित्र्याउने महोत्सवको मुख्य उद्देश्य रहेको पालिका उपाध्यक्ष कृष्णकुमारी कँडरिया (वन्दना)ले बताइन्।

हार्दिक समवेदना



जन्म : २०३२/०६/१४
स्वर्गारोहण : २०८२/०२/०६

स्व. चन्द्र बहादुर खत्री (राजन)

यस संस्थाका संस्थापक उपाध्यक्ष, पूर्व सञ्चालक एवम् सेयर सदस्य **स्व. श्री चन्द्र बहादुर खत्री (राजन)**ज्यूको मिति २०८२/०२/०६ गते मंगलबारको दिन भएको असामयिक निधनले हामी मर्माहित छौं। स्वर्गारोहण भएको आज १३औं दिनको पुन्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित शोकसन्तप्त परिवारप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनाका साथ गहिरो समवेदना प्रकट गर्दछौं।

योगेश्वर शर्मा ढकाल
अध्यक्ष
एवम्
समस्त आईएमई को-अपरेटिभ सर्भिस लिमिटेड परिवार
कान्तिपथ, काठमाडौं

IME Co-operative Service Ltd.
आईएमई को-अपरेटिभ सर्भिस लि.
HEAD OFFICE: Kantipath, Kathmandu
977 01 5329601 977 01 5339602/03
info@imecsl.com www.imecsl.com

नबिल बैंक लिमिटेड, दमक शाखा, झापाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०२/१८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथार्थसिद्ध बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०२/०६ मा दर्ता नं. २१५५५३/७५/०७६ अन्तर्गत दर्ता भएको **रिभरभ्यु हेरिटेज रिसोर्ट प्रा.लि.**।
ठेगाना : झापा जिल्ला कमल गा.पा. वडा नं. ०६।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण

१. सेर बहादुर वोहोराकी छोरी हर्क बहादुर कार्कीकी बुहारी रुद्र बहादुर कार्कीकी श्रीमती झापा जिल्ला दमक न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. २३११९७२ (जारी मितिः २०५८/०८/११, स्थान झापा) भएकी **हेम लता कार्की**।
२. ब्यान बहादुर कार्कीको नाति हर्क बहादुर कार्कीको छोरा संङ्खुवासभा जिल्ला प्रादीमूलखर्क गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. २९४३ (जारी मितिः २०४६/१०/१२, स्थान संङ्खुवासभा) भएका **रुद्र बहादुर कार्की**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:
झापा जिल्ला दमक न.पा. वडा नं. ०२ बस्ने, **हेम लता कार्की**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला मधुमल्ला (दमक) न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ख मा अवस्थित कि.नं. १५२९ र ६१०८ क्षेत्रफल क्रमश ०-३-०-० र ०-११-१४-० विघाको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
सवारी साधनको विवरण:
ऋणी **रिभरभ्यु हेरिटेज रिसोर्ट प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बागमती प्रदेश-०१-०२५ च ४०२९ भएको Grand I 10 Nios Magna (Car).

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070
एसएपीडीसी SAPDC

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PCD-275/2025	False ceiling work in Machine Hall at Power House Complex, Arun- 3 HEP, Pukhwa, Distt. Sankhuwasabha	01.06.2025	**Submission:** at (Tumlingtar Office) 24.06.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 24.06.2025 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sjvn.nic.in & https://www.sapdc.com.np.**
Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
SAPDC, Satluj Bhawan, Arun Sadan,
Tumlingtar, Distt. Sankhuwasabha, Nepal.
Tel.: +977-29-575154
E-mail: pnc.sapdc@sjvn.nic.in

सिद्धार्थ बैंकका ग्राहकलाई लाइल्याक वेलनेसमा छुट

SiddharthaBank

काठमाडौं/ सिद्धार्थ बैंक र लाइल्याक वेलनेस एन्ड स्पाबिच बैंकका ग्राहकलाई छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार ग्राहकले लाइल्याक वेलनेसमा बैंकको प्लेटिनम डेबिट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा सम्पूर्ण सेवामा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्। यस सम्झौताले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र केहि समय अघि मात्रै 'सिद्धार्थ रिवार्डस' नामक लोयल्टी सेवा पनि सञ्चालनमा ल्याएको छ।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७७

आइपिएल-२०२५

ओरेन्ज र पर्पल क्याप जित्ने दौडमा यी क्रिकेटर

एजेन्सी

इन्डियन प्रिमियर लिग (आइपिएल)को १८औँ संस्करण समाप्त हुन मात्र दुई खेल बाँकी छ। रोयल च्यालेन्जर्स बेंग्लोर (आरसिबी) फाइनलमा स्थान बनाउँदा एक टोलीको टुंगो आइतबार लाग्नेछ। अब, मुम्बई इन्डियन्स र पन्जाब किंग्समध्ये एक टोलीले फाइनल खेल्नेछन्। लिग चरणमा पन्जाब १४ खेलबाट १९ अंकसहित शीर्ष स्थानमा रहेको थियो।


आरसिबी समान अंकसहित दोस्रो स्थानमा रहँदा १८ अंकको गुजरात टाइटन्स तेस्रो स्थानमा रह्यो। मुम्बई भने १६ अंकसहित प्लेअफमा स्थान बनाउन सफल भएको थियो। आइपिएल सही तालिकाअनुसार चलेको थियो भने टकरावले आइपिएल खेल मात्रै बाँकी यतिवेला १८औँ संस्करण सम्पन्न भइसक्थ्यो। भारत पाकिस्तानबिचको एक साता स्थगित भएर पुनः सुरु भएको हो। आइपिएलको दुई रहँदा ओरेन्ज र पर्पल क्याप जित्न खेलाडीबिच प्रतिस्पर्धा चर्को छ। आइपिएलमा धेरै रन बनाउने खेलाडीले ओरेन्ज क्याप र धेरै विकेट लिने खेलाडीले पर्पल क्याप जित्नेछन्। यसपटक दुवै विधामा भारतीय खेलाडीको प्रतिस्पर्धा चलेको छ। ओरेन्ज क्यापका लागि साई सुदर्शन, सुर्यकुमार यादव, सुभमन गिल, मिचेल मार्स र विराट कोहली छन्। यता, पर्पल क्यापका लागि प्रसिद्ध कृष्ण, नुर अहमद, जस हैजलवुड, ट्रेन्ट बोल्ड र साई कृष्ण रहेका छन्। यसपटक आइपिएलमा ओरेन्ज र पर्पल क्याप जित्ने दौडमा रहेका खेलाडीको प्रदर्शन यस्तो छः

धेरै रन बनाउने पाँच खेलाडी



सूर्यकुमार यादव (मुम्बई इन्डियन्स) **रन** - ६७३

मुम्बईका सूर्यकुमार यादवलाई आइपिएलमा ओरेन्ज क्याप जित्ने सुनौलो अवसर छ। गुजरातका साई सुदर्शनलाई सुर्यकुमारले पछ्याइरहेका छन्। गुजरात प्रतियोगिताबाट बाहिरिँदा सूर्यकुमारको टिम मुम्बईले दोस्रो क्वालिफायर खेल्ने मौका पाएको छ। यदि आफूअनुकूल नतिजा आए सूर्यकुमारले फाइनल खेल्ने सम्भावना उत्तिकै छ। यस्तो अवस्था उनलाई धेरै रन बनाउने खेलाडीको शीर्ष स्थानमा उक्लन मात्र ८६ रन आवश्यकता छ। यो आइपिएलमा लयमा रहेका सूर्यकुमारले १५ खेलमा पाँच अर्धशतक बनाएका छन्। शतक बने बनाउन सकेका छैनन्।



मिचेल मार्स (लखनउ सुपर जायन्ट्स) **रन** - ६२७

लखनउ सुपर जायन्ट्सका लागि यो आइपिएल बिर्सनलायक रह्यो। टोलीले प्लेअफको यात्रा तय गर्न सकेन। तालिकाको सातौँ स्थानमा रह्यो। तर, अस्ट्रेलियन अलराउन्डर मिचेल मार्सका लागि भने यो आइपिएल संझनयोग्य रह्यो। ३३ वर्षीय अलराउन्डरले सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा आफूलाई चौथो स्थानमा उभ्याएका छन्। १३ खेल खेलेका उनले ६२७ रन बनाए। प्रतियोगितामा एक शतकसहित ६ अर्धशतक प्रहार गरे। दायाँहाते ब्याटरले गुजरातविरुद्ध एक सय १७ रनको इनिङ्स खेलेका थिए। पछिल्लो खेलमा आरसिबीविरुद्ध ६७ रन बनाएका छन्।

सुभमन गिल (गुजरात टाइटन्स) **रन** - ६५०

गुजरात टाइटन्सलाई प्लेअफसम्म पुऱ्याउन कप्तान सुस्मन गिलले उत्कृष्ट प्रदर्शन गरेका थिए। तर, टोली इलिमिनेटरमा मुम्बईसँग पराजित हुँदा दोस्रो क्वालिफायरमा पुग्न सकेन। यद्यपि, गिलको प्रदर्शन प्रशंसायोग्य थियो। गिलले १५ खेल खेल्दा ६५० रन बनाए। ६ अर्धशतक प्रहार गर्दै धेरै रन बनाउने खेलाडीको सूचीमा तेस्रो स्थानमा आफूलाई उभ्याएका छन्। २५ वर्षीय दायाँहाते ओपनिङ ब्याटरले दिल्लीविरुद्ध अविजित ९३ रन बनाएका थिए। पछिल्लो खेलमा मुम्बईविरुद्ध भने निराशाजनक प्रदर्शन गरेका थिए।



विराट कोहली (आरसिबी) **रन** - ६१४

विराट कोहलीका लागि १८औँ आइपिएल निकै विशेष रह्यो। टोली लगातार उत्कृष्ट प्रदर्शन गर्दै फाइनल पुग्ने पहिलो टोली बनेको छ। लिग चरणमा टोली दोस्रो स्थानमा रहे पनि पन्जाबविरुद्ध सानदार जित निकाल्दै उपाधिनजिक पुगेको हो। टोली चौथोपटक फाइनलमा स्थान बनाउँदा पहिलोपटक उपाधि जित्ने योजनामा छ। ३६ वर्षीय शीर्ष क्रमका दायाँहाते ब्याटरले १४ खेलमा ६१४ रन बनाएका छन्। यसक्रममा आठ अर्धशतक बनाए। कोहली यो आइपिएलमा धेरै रन बनाउने आरसिबीका पहिलो खेलाडी हुन्।



साई सुदर्शन (गुजरात टाइटन्स) **रन**- ७५९


गुजरात टाइटन्सलाई प्लेअफसम्म पुऱ्याउन भारद्वाज साई सुदर्शनले प्रभावशाली प्रदर्शन गरे। उनी फाइनलसहित दुई खेल बाँकी रहँदा १८औँ आइपिएलमा धेरै रन बनाउने पहिलो खेलाडी हुन्। यद्यपि, उनको टोली दोस्रो क्वालिफायरमा पुग्न सकेन। ३२ वर्षीय बायाँहाते शीर्ष क्रमका ब्याटरले १५ खेलमा सर्वाधिक ७५९ रन बनाएका छन्। उनले एक शतकसहित ६ अर्धशतक पनि प्रहार गरे। दिल्लीविरुद्ध अवे खेलमा अविजित १०८ रन बनाएका थिए। पछिल्लो खेलमा मुम्बईविरुद्ध उनले ८० रन प्रहार गरे पनि टोलीलाई इलिमिनेटरबाट अगाडि बढाउन सकेनन्।



धेरै विकेट लिने खेलाडी

प्रसिद्ध कृष्ण (गुजरात टाइटन्स) **विकेट**- २५

गुजरातका साई सुदर्शनले आइपिएलमा दुई खेल बाँकी रहँदा धेरै रन बनाउने खेलाडीको सूचीमा शीर्ष स्थानमा रहे।। संयोग धेरै विकेट लिने खेलाडीको शीर्षस्थानमा पनि गुजरातकै प्रसिद्ध कृष्ण रहेका छन्। २९ वर्षीय राइट आर्म फास्ट मिडियम बलरले १५ खेलमा सर्वाधिक २५ विकेट लिएका हुन्। यसक्रममा उनको उत्कृष्ट बलिङ चार विकेट लिएर ४१ रन दिनु हो। औसत प्रदर्शन भने १९.५२ रहेको छ। पछिल्लो खेलमा पनि उनले टोलीलाई दुई विकेट दिलाएका थिए।



नुर अहमद (चेन्नई सुपर किंग्स) **विकेट**- २४

चेन्नई सुपर किंग्सका लागि यो सिजन सुखद रहेन। टोली लज्जास्पद प्रदर्शन गर्दै तालिकाको पुछारमा रह्यो। १४ मध्ये चार खेल मात्रै जित्यो। तर, टोलीका बल नुर अहमदका लागि भने यो आइपिएल सधैँ स्मरणमा रहन्छ। २० वर्षीय अफगानी खेलाडीले सर्वाधिक धेरै विकेट लिने दोस्रो खेलाडी हुन्। दुई खेल बाँकी रहँदा उनले १४ खेलमा २४ विकेट लिएका छन्। २० वर्षीय दायाँहाते युवा प्रतिभावान बलरको औसत प्रदर्शन १७.०० रहेको छ। उनले १८ रन खर्चिएर चार विकेट लिँदै आइपिएलकै उत्कृष्ट प्रदर्शन प्रस्तुत गरेका थिए।




जस हैजलवुड (आरसिबी) **विकेट**- २१

अस्ट्रेलियन ३२ वर्षीय बायाँहाते बलर जस हैजलवुडलाई आइपिएलको यो सिजन सर्वाधिक विकेटकर्ता बन्ने सुनौलो अवसर रहेको छ। यस सिजनमा यी खेलाडीले ११ खेल खेल्दै २१ विकेट लिएका छन्। आफू आबद्ध आरसिबी फाइनल पुगिसकेको अवस्थामा शीर्ष स्थानमा उक्लन मात्र पाँच विकेट लिनुपर्ने हुन्छ। जुन निकै कठिन पनि छ। राजस्थान रोयल्सविरुद्ध ३३ रन खर्चिएर चार विकेट लिनु यी अस्ट्रेलियन खेलाडीका लागि उत्कृष्ट प्रदर्शन हो।

ट्रेन्ट बोल्ड (मुम्बई इन्डियन्स) **विकेट** - २१

न्युजिल्यान्डका अनुभवी बलर ट्रेन्ट बोल्डलाई १८औँ आइपिएलको धेरै विकेट लिने खेलाडी बन्न सुनौलो अवसर छ। तर, यो यात्रा निकै कठिन पनि हुने देखिन्छ। ३५ वर्षीय दायाँहाते बलर सम्मिलित मुम्बई इन्डियन्स दोस्रो क्वालिफायर खेल्दै छ। अब, बोल्डलाई शीर्ष स्थानमा रहेका प्रसिद्धलाई पछि पार्न मात्र पाँच विकेट खाँचो छ। यसका लागि उनले आगामी खेलमा उत्कृष्ट प्रदर्शन गर्नुपर्नेछ। बोल्डले यो सिजन १५ खेलमा २१ विकेट लिएका हुन्।



साई कृष्ण (गुजरात टाइटन्स) **विकेट** - १९

२८ वर्षीय बलर रवि श्रीनिवासन साई कृष्णले यो आइपिएलमा १९ विकेट लिएका छन्। तर, उनी सम्मिलित गुजरात टाइटन्सको यात्रा भने इलिमिनेटरबाट माथि बढ्न सकेन। टोली मुम्बईसँग पराजित भएको थियो। यद्यपि, यी बलरले उत्कृष्ट प्रदर्शन गर्दै १९ विकेट लिएका छन्। दुई खेल बाँकी रहँदा धेरै विकेट लिने खेलाडीको पाँचौं स्थानमा रहे। किशोरले यस सिजन आफूलाई चर्चामा ल्याउन सफल भएका छन्।



खेल संक्षेप

शारीरिक सुगठन हुने

काठमाडौं/ प्रज्ञा स्मृति प्रथम महिला तथा पुरुष राष्ट्रिय खुला शारीरिक सुगठन प्रतियोगिता २४ जेठमा आयोजना हुने भएको छ। स्वर्गीय प्रकाश दाहाल र स्वर्गीय ज्ञानु दाहालको स्मृतिमा स्थापना गरिएको प्रज्ञा स्मृति प्रतिष्ठानले शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै प्रतियोगिता आयोजना हुने जनायो। प्रतियोगितामा पुरुषतर्फ पाँचवटा वजन समूहअन्तर्गतका खेल हुनेछन्। जसअनुसार पुरुषतर्फ ६०, ६५, ७०, ७५ तथा ७५ केजीभन्दा माथिका समूह र महिलातर्फ खुला प्रतिस्पर्धा हुने प्रतिष्ठानकी निर्देशक गंगा दाहालले जानकारी दिइन्। पुरुष र महिला दुवैतर्फ वजन समूहतर्फ प्रथम, द्वितीय, तृतीय, चौथो र पाँचौं हुने खेलाडीलाई क्रमशः ५० हजार, ४० हजार, ३० हजार, २० हजार र १० हजार नगदसहित मेडल ट्रफी र प्रमाणपत्र पाउनेछन्। प्रतियोगिताको कुल खर्च ३५ लाख ३५ हजार रुपैयाँ अनुमान गरिएको आयोजकले जनाएको छ।

बिबिसन र जुहीलाई उपाधि

ताप्लेजुङ/ बिबिसन लिङ्देन र जुही राईले प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सव २०८२ को अवसरमा आयोजित खुला म्याराथन प्रतियोगिताको उपाधि उचालेका छन्। पुरुषतर्फका प्रथम लिङ्देन ताप्लेजुङको सिरिजंघा गाउँपालिका- ५ पेदाङका हुन् भन महिलातर्फ प्रथम रामप्रसाद राई गाउँपालिका- ७ भोजपुरकी हुन्। पुरुषतर्फ फिदिम नगरपालिका- ४ पाँचथरका विशाल राई दोस्रो र ताप्लेजुङकै मैवाखोला गाउँपालिका- ६ फाकुम्बाका प्रकाश लिम्बू तेस्रो भएका छन्। महिलातर्फ मिक्लाजुङ गाउँपालिका-२ पाँचथरकी पुष्पा सेर्मा (लिम्बू) दोस्रो र रामप्रसाद राई गाउँपालिका-७ भोजपुरकी विनिता राई तेस्रो भएका छन्। म्याराथनका विजेताले पुरुष र महिला दुवैले समान जनही ४० हजार, दोस्रोले ३० हजार र तेस्रो २० हजार रुपैयाँ पाए। महोत्सव आयोजक समितिका अमिर राईले म्याराथनमा कुल ६१ जनाको सहभागिता रहेको र जसमा महिला सातजना रहेकोसमेत राईले बताए।

मदरल्यान्डको विजयी सुरुवात

कास्की/ मदरल्यान्ड सेकेन्डरी स्कुलले पोखरामा शनिबारदेखि सुरु भएको एक्सपर्ट एजुकेसन अन्तरविद्यालय छात्र टी-२० क्रिकेट च्याम्पियनसिपमा विजयी सुरुवात गरेको छ। पोखरा महानगर क्रिकेट संघको आयोजना सुरु प्रतियोगिताको उद्घाटन खेलमा मदरल्यान्डले वाराही माविलाई नौ रनले पराजित गरेको हो। खेलमा टस हारेर ब्याटिङको निम्ता पाएको मदरल्यान्डले निर्धारित १५ ओभरमा ७ विकेट गुमाउँदै ८७ रन जोडेको थियो। ८८ रनको विजय लक्ष्यसहित मैदान उत्रेको वाराहीले १५ ओभर खेल्दै आठ विकेट गुमाएर जम्मा ७८ रनमा सीमित हुन पुगेको थियो। मदरल्यान्डका लागि प्लेयर अफ दी म्याचसमेत रहेका विप्लव मल्लले ३१, अविक कर्णले १६, किरण पौडेलले १४ रन बनाएका थिए। वाराहीका अभिषेक एडिकेले २२, विजेश भट्टराईले १७ र सुमन श्रेष्ठले ११ रन बनाएका थिए। खेलमा वाराहीका अभिषेकले र विजेश भट्टराईले समान दुई विकेट हात पार्दा मदरल्याण्डका किरण पौडेलले ३, विप्लव मल्लले २ विकेट हात पारेका थिए।

विल्सन, चाँदबाग र ग्रिनफिल्ड च्याम्पियन

काठमाडौं/ विल्सन एकेडेमी, चाँदबाग र ग्रिनफिल्ड प्रथम महामञ्जुश्री कप श्री बाई श्री बास्केटबल प्रतियोगिताको तीन फरक-फरक विधामा च्याम्पियन भएका छन्। शनिबार महामन्जुश्री सेकेन्डरी स्कुलको आयोजनामा नागर्जुन नगरपालिका वडा- ५ मा सम्पन्न प्रतियोगितामा विल्सन सिनियर ब्वाइजमा, चाँदबाग गर्ल्समा र ग्रिनफिल्ड जुनियर ब्वाइजमा च्याम्पियन भएका हुन्। सीतापाइलास्थित आयोजकको कोर्टमा भएको सिनियर ब्वाइजको फाइनल विल्सन एकेडेमीले टिआईएलाई १७-१४ स्कोरले हरायो। गर्ल्सको फाइनलमा चाँदबागले त्रिज्योतिलाई १०-८ स्कोरले हराउँदै उपाधि उचाल्यो। जुनियर ब्वाइजमा ग्रिनफिल्डले फाइनलमा इडन ब्रिजलाई १०-८ ले हराउन सफल भयो। यस प्रतियोगितामा सिनियर ब्वाइजमा ग्रिनफिल्डका रिधाम नगरकोटी, जुनियर ब्वाइजमा विल्सनका अनुप मगर र गर्ल्समा चाँदबागकी अमलिका खड्का मस्ट भ्यालुएबल प्लेअर भए।

मुहार फेर्दै त्रिवि मैदान







काठमाडौं/ कीर्तिपुरको त्रिवि क्रिकेट मैदानले आफ्नो मुहार फेर्ने क्रम दिनानुदिन बढाएको छ। केपी ओली प्रधानमन्त्री भएको पहिलो मन्त्रिपरिषद्को बैठकले तीन सय दिनभित्र मैदान सुविधासम्पन्न बनाउने निर्णय गरेको थियो। तर, घोषित २४ वैशाख काम पूरा नभएपछि दुई महिना समय थप गरिएको थियो। समय थपसँगै मैदानको प्यारापिट र फ्लडलाइट जोड्ने कामले तीव्रता पाएको छ। त्रिवि मैदानमा अहिले १५ हजार सिट क्षमताको प्यारापिट र ६ वटा फ्लडलाइट जडान गर्ने काम भइरहेको छ। मैदानको प्यारापिट बनाउन बिकेओआई-केसिडिसी-बिजी जेभीले ४३ करोड ७७ लाख ३० हजार ११३.०३ रुपैयाँमा ठेक्का पाएको हो। फ्लडलाइट जडानका लागि विशन-ईश्वरी जोइन्टभेन्चरले ४२ करोड १९ लाख ९१ हजार ६ सय ५३ रुपैयाँमा ठेक्का पाएको थियो। यो काम सम्पन्न भएपछि सरकारले दोस्रो चरणका काम गर्न थप ४० करोड बजेट विनियोजन गरेको छ। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका


सन्तोषी र खडक च्याम्पियन

नयाँ पत्रिका

ओलम्पियन धाविका सन्तोषी श्रेष्ठ र धावक खडकबहादुर खड्काले शनिबार १३औँ कान्तिपुर हाफ म्याराथनको उपाधि जितेका छन्। दुवै पहिलोपटक च्याम्पियन भएका हुन्। धादिङकी सन्तोषीले एक घण्टा २३ मिनेट २८ सेकेन्डको टाइमिङ निकालिन्। खडकबहादुरले एक घण्टा ६ मिनेट ४७ सेकेन्डमा दौड पूरा गरेका थिए। महिलातर्फ आर्मीकी पूर्णलक्ष्मी न्यौपानेले एक घन्टा २५ मिनेट ५७ सेकेन्डको समय निकाल्दै दोस्रो स्थान हासिल गरिन्। एक घण्टा २६ मिनेट ४३ सेकेन्डका साथ एपिएफकी पुष्पा भण्डारी तेस्रो भइन्। आर्मीकी सिर्जना पाण्डे, भारतकी आशा टिपी र सिन्धुलीकी मञ्जु सुनुवारले क्रमशः चौथोदेखि छैटौं स्थान हासिल गरे।

पुरुषतर्फ केन्याका जुलियस मुरिउकी एक घण्टा ०६ मिनेट ५६ सेकेन्डका दोस्रो र एक घण्टा ०८ मिनेट ४८ सेकेन्डका साथ एपिएफका गोपीचन्द्र पार्कीले तेस्रो स्थान हासिल गरे। आर्मीका राजन रोकाय, सञ्जय श्रेष्ठ र रामजी बस्नेत क्रमशः चौथोदेखि छैटौं स्थानमा रहे। दुवैतर्फका विजेताले समान एक लाख ५० हजार रुपैयाँ प्राप्त गरेका छन्। यसैगरी दोस्रोदेखि छैटौं हुनेले क्रमशः ७५, ५०, ३०, २० र १० हजार रुपैयाँ पाएका छन्। यसअघि प्रतियोगिताको प्रधानमन्त्री केपी ओलीले उद्घाटन गरेका थिए।

सोही प्रतियोगिताअन्तर्गत सात किमिको कलेज रनको ब्वाइजतर्फ अजय पाण्डे (२१ मिनेट २४.२२ सेकेन्ड), अमृत विश्वकर्मा (२१ मिनेट ३१.२५ सेकेन्ड), विश्वराम कुँवर (२१ मिनेट ५६.५७ सेकेन्ड)ले क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गरे। गर्ल्सतर्फ सुशन कार्की लगातार दोस्रो वर्ष पनि विजेता भएकी छिन्। उनले २९ मिनेट ०७ सेकेन्डमा दूरी पार गरिन्। आयुष्मा आचार्य दोस्रो र मनीषा थापा तेस्रो भए। पाँच किमि कर्पोरेट एन्ड सेलेब रनमा पुरुषतर्फ विकेश घिमिरे १८ मिनेट ३८ सेकेन्डबाट पहिलो भए। रेवत दाहाल (१९ मिनेट १६ सेकेन्ड) दोस्रो र शेरबहादुर थारू (१९ मिनेट २२ सेकेन्ड) तेस्रो भए। तीन किमि ह्विलचेयर विधामा प्रेम विक र ऐश्वर्य कुमाल विजेता भएका छन्। उक्त रेसमा प्रेमले पहिलोपटक उपाधि जित्दा ऐश्वर्य लगातार तेस्रोपटक च्याम्पियन भइन्। पुरुष ह्विलचेयरतर्फ रामकाजी मिजार दोस्रो र साबिक विजेता रमेश खत्री तेस्रो भए।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com